
# हरिभक्त कटुवाल

जीवन नामदुंग



N
891.491 092
K 159 N

N
891.491092
K159 N

प्रस्तरमा छापिएको मूर्तिकलाको प्रतिरुप यो दृश्य राजा शुद्धिदिनको महलको हो, जसमा तीनजना भविष्यवक्ताहरुले भगवान बुद्धकी आमा, रानी मायाको सपनाको अर्थको व्याख्या गरिरहेच्छन्। मनिपट्टि मूंशी जो बसेका छन् अनि उनी व्याख्याको दस्तावेज लेखिरहेछन्। सम्भवतः भारतमा लेखक-कलाको यो सबैभन्दा पुरानी अनि चित्रांकित अभिलेख हो।

नागार्जुन, दोस्रो शताब्दी (ईस्वी)
सौजन्य : राष्ट्रीय संग्रहालय, नई दिल्ली

भारतीय साहित्यका निर्माता

# हरिभक्त कटुवाल

लेखक
जीवन नामदुंग

साहित्य अकादेमी

*Haribhakta Katuwal* : A monograph in Nepali by Jiwan Namdung
Sahitya Akademi, New Delhi (1990),SAHITYA AKADEMI
REVISED PRICE Rs. 15.00

N
891.491 092
K 159 N

© साहित्य अकादेमी
प्रथम संस्करण : 1990

**प्रधान कार्यालय**
रवीन्द्र भवन, 35, फीरोज़शाह मार्ग, नई दिल्ली 110 001

Library IIAS, Shimla
N 891.491 092 K 159 N
00116984

**विक्रय विभाग**
'स्वाति' मंदिर मार्ग, नई दिल्ली 110 001

**प्रादेशिक कार्यालय**
ब्लाक V-बी, रवीन्द्र सरोवर स्टेडियम, कलकत्ता 700 029
29, एलडाम्स रोड, तेनामपेट, मद्रास 600 018
172, मुम्बई मराठी ग्रंथ संग्रहालय मार्ग, दादर, बम्बई 400 014

Indian Institute of Advanced Study
116984
8/12/04

मूल्य : SAHITYA AKADEMI
REVISED PRICE Rs. 15.00

मुद्रक : राजधानी कम्पयूटरोनिक्स प्राइवेट लिमिटेड
दिल्ली 110 007

# भूमिका

भारतीय साहित्य को परिप्रेक्ष्यमा तुलनात्मक अध्ययन प्रस्तुत गर्नुपर्दा हरिभक्त कटुवाल (सन् 1935–1980) को साहित्यिक यात्रालाई उल्लेख नगरिए त्यो अपूर्ण हुनजान्छ । आसामी र नेपाली भाषामा समानरूपले कलम चलाउने सामर्थ्य भएका कटुवालमा साहित्यकारका विविध गुण र योग्यता विद्यमान थिए । उनको साहित्य साधनाकाल साह्रै थोरै वर्षमात्र भयो । सन् 1958 तिर रचना प्रकाशित गरेर सन 1980 मा इहलीला शेष भएका कटुवालको साहित्य साधनाकाल वास्तवमा 22 वर्ष जातिमात्र रहयो । नौलोराष्ट्रीय चेतना प्रवाहको समय र राष्ट्रीय पुनर्जागरण कालमा आफ्नो युवाकाल बिताउने अवसर पाएका कटुवाल नेपाली कविता साहित्यको क्षेत्रमा स्वयंलाई नै 'संदिग्धकालका जरासन्ध हूँ' भन्छन् । कुशल गीतकार, सामाजिक चेतनाका प्रखर नाटक्कार र कथाकारका सम्मिलित व्यक्तित्व कटुवाल नेपाली कविता साहित्यका एउटा अध्याय हुन् । भारतीय साहित्य का निर्माणमा यसैले हरिभक्त कटुवालको योगदान एउटा उल्लेखनीय विषय हो । पुराण, वेद, उपनिषदका पात्रहरूलाई उनले आफ्ना साहित्यिक कृतिहरूमा प्रतीक र बिम्बको रूपमा टिपेका छन् भने एउटा अखण्ड राष्ट्रीयता उनका रचनामा यत्र तत्र वोलेको पाइन्छ ।

प्रस्तुत ग्रंथ तयार पार्ने कममा धेरै समस्याको सामना गर्नुपरयो – विशेषतः कटुवालका यत्र तत्र हरिएका रचनाको संकलन गर्ने काम दुष्कर मात्र नभएर असंभव पनि अनुभव भयो । यस काममा मलाई सघाउ पुरयाउने दुइजना नेपाली साहित्यका विशिष्ट पत्रकार मित्रको नाम उल्लेख गर्न चाहन्छु ती हुन् श्री के.वी.नेपाली ('बिन्दु' का सम्पादक/लामडिङ असम) र श्री भवानी घिमिरे ('भानु' का सम्पादक 'भद्रपुर' नेपाल) जसले आफना पत्रिका हरूको रजतजयंती मनाइसक्केका छन् ।

# विषय सूची


| | | |
|---|---|---|
| | भूमिका | 7 |
| 1 | व्यक्तित्व | 9 |
| 2 | भित्री मान्छे बोल्न खोज्छ – एक विवेचना | 15 |
| 3 | खण्डकाव्य 'सुधा' को विशेषता | 20 |
| 4 | 'यो जिन्दगी खै के जिन्दगी'–भित्रका केही कविता | 33 |
| 5 | कटुवालका कथाहरु | 39 |
| 6 | गीतकारको रुपमा कटुवाल | 44 |
| 7 | नाटककार, निबन्धकार र बाल साहित्यकारको रुपमा कटुवाल | 55 |
| 8 | उपसंहार | 69 |
| | परिशिष्ट – क | 74 |
| | परिशिष्ट – ख | 74 |
| | परिशिष्ट – ग | 74 |

# 1

# व्यक्तित्व

कवि, नाटककार र कथाकार हरिभक्त कटुवाल (सन् 1935–1980) को साहित्यिक यात्रा नेपाली साहित्य को क्षेत्रमा उनका साहित्यिक रचनागत विशिष्टताको दृष्टिकोणले एउटा महत्वपूर्ण ऐतिहासिक मोड़ हुन गएको छ। नौलो राष्ट्रीय चेतनाको अभिव्यक्ति एवं जातीय प्रेमको उद्‌गार उनका प्राथमिक कालीन काव्य यात्राको पृष्टभूमि रहिआएको छ भने आफ्नो काव्य यात्राको माध्यमिक कालमा नारी स्वतंत्रताको उद्‌घोष एवं समानाधिकारको चेतनाले उनको काव्य धरातलमा प्रभाव पारेको पाइन्छ। काव्य साधनाको उत्तरार्धकालमा प्रवेश गरेपछि उनको विलक्षण गीतकार व्यक्तित्वको प्रतिभाले जनतामा लोकप्रियता प्राप्त गरेको तथ्य पनि उत्तिकै उल्लेखनीय छ। सामाजिक जन चेतना र नैतिक मूल्यका पक्षधरका रूपमा उनले आफ्ना सामाजिक नाटकहरूमाले पात्र पात्राको पक्षबाट वकालत गरेका छन् भने, नारीले सामाजिक जीवनमा झेल्नु परेको यातना पीड़ा र तिरष्कारलाई मनोवैज्ञानिक परिपाटीमा उनले हाम्रा सामु कथाहरू राखेका छन्। विविध साहित्यिक विधामा समानरूपले लेख्ने सामर्थ भएका यस्ता सृजन शील साहित्य श्रृष्टा कटुवालको व्यक्तित्व निर्माणका पक्षहरू यसैले उनको साहित्यिक यात्रालाई पुर्णता प्रदान गर्न यहाँ चासोको विषय रहेको छ।

असमको डिब्रुगढ़ जिल्लाको बोगीबिल भन्ने गाउँमा बीरबहादुर कटुवाल र विष्णुमाया कटुवालको कोखमा 2 जुलाई सन् 1935 सालमा जन्म लिने हरिभक्त कटुवालको निधनपनि 10 सेप्टेम्बर 1980 मा डिब्रुगढ़ मेडिकल कलेजमा नै भयो। हरिभक्त कटुवालको प्रारम्भिक शिक्षा आफ्नै गाउँको पाठशाला बोगीविलमा र हाईस्कूलको शिक्षा डिब्रुगढ़ हाई स्कूल समर विद्यापीठमा भएको हो। हाई स्कूलका विद्यार्थी छँदा हरिभक्त कटुवालको जीवनमा एउटा रोचक घटना घटेको छ। प्राथमिक शिक्षा बोगीविलमा सकिएपछि माध्यमिक शिक्षाको लागि कटुवाल उनको माइला भाइलाई डिब्रुगढ़को समर विद्यापीठ हाइस्कूलमा भर्ना गराइयो। कटुवाल आठौं श्रेणीको छात्र हुँदा राजनीतिमा साह्रै चाख लिन थाले। भारत स्वतंत्र संग्रामकै हाराहारी समयमा

विद्यार्थी कटुवालपनि संपूर्ण रूपले कांग्रेसमा लागे अनि कांग्रेसका राजनैतिक साथीहरूसित सेतो खद्धरको टोपी लगाएर धेर जसो समय बिताउँथे । यसो हुँदा हुँदे एकदिन विद्यार्थी कटुवाल स्कूलबाट भागेर एउटा सर्कस पार्टीमा काम गर्न पुगे । पिताजीलाई कटुवालको यस्तो व्यवहारले ठूलो चोट पुर्‍यायो, अनि उनका पिता खोज्दै खोज्दै पानीतोला भन्ने स्थानमा पुगेर कटुवालको पत्तो लगाए । तर पिताजी आईपुगेको समाचार पाएर कटुवाल त्यो ठाउँ छाड़ेर पनि एउटा होटलमा पुरी जुलेबी पकाउने काममा नियुक्त भईसकेका थिए । पिताजीले त्यहीं गइकन छोरोलाई ल्याइवरि स्कूलममा फेरि परीक्षा दिन लगाए । भाग्यवश परीक्षामा तीन घण्टाको पेपर एक घण्टामा गरिसकेता पनि परिणाम राम्रै भयो, कटुवाल उत्तीर्ण भए ।

स्कूलको शिक्षा यही डिब्रुगढ़को समर विद्यापीठ हाई स्कूलबाट पूर्ण गरी उनले पहिले डिब्रुगढ़ कानोई कलेजमा र पछि डिगबोई कलेजमा स्नातक तहसम्म अध्ययन गरेता पनि स्नातक भने हुन सकेनन् हुनपनि नियालेर हेर्दा कटुवाललाई स्नातकसम्म हुन नदिने तत्वहरूमा उनको व्यक्तिगत असमर्थता बाहेक तत्कालिन देशको परिस्थिति, राजनैतिक अस्थिरता एवं असमको नेपाली समाजमा शिक्षाको पछौटेपना जस्ता विषय पनि सामु आउँछन् । कटुवाल जन्मेको लगतै चार वर्षपछि सन् 1936 मा दोस्रो विश्वयुद्ध छेंडियो, त्यही माथि सन 1938 देखि 1940 सम्मको अवधिमा आसाममा ठूलो संकट आइलाग्यो अनावृष्टिले गर्दा खेती लागेन । कमाएका बालीले खान पुगेन (आसामे नेपालीहरू – पृष्ठ 96, प्र.स. 1969, विष्णुलाल उपाध्याय)' भनेर बयोवृद्ध समाज सेवी विष्णुलाल उपाध्यायले सन् 1940 तिरको आसमको परिस्थितिलाई आफ्नो पुस्तकमा लेखेका छन्, जसबाट हामी बुझ्छौं बालककालले शुरूमा नै यस प्राकृतिक प्रकोपको सामना गर्नु परेको थियो । यसबाहेक मातृभाषाको माध्यममा शिक्षा नलिएर असमीया भाषामा शिक्षा लिनुपर्ने वाध्यता कटुवाललाई कसरी पर्‍यो भने 'सहर बजारबाट टाड़ै बसेर व्यवसाय गर्ने बानी परेकाले र पेन्सनर र लेबरहरूको गरिबीले गर्दा नेपालीहरूले सन 1948 सम्म शिक्षाको सुयोग लिन सकेनन्' (आसामे नेपाली पृष्ठ 22, विष्णुलाल उपाध्याय) भनेर समाजसेवी र अवसर प्राप्त विधायक उपाध्यायज्यूले उल्लेख गरेका छन् जसको आधारस्वरूप सन् 1948 मा गौहाटीबाट प्रकाशित पूर्वाञ्चल भारतबाट नेपालीमा प्रकाशित दोस्रो पत्रिका ('परिषद पत्र' पृष्ठ 150, अंक 1 वर्ष – 1 सन् 1984, सम्पादक अविनाश श्रेष्ठ) 'हिमाद्रि' – को वर्ष 1 अंक 3 पृष्ठ 36 को सम्पादकीयमा सम्पादक श्रीनरसिंह थापा बी.ए. लेख्छन, 'विभाजित असममा एक मात्र गौहाटी कटन कालेज (सर्कारी कालेज) छ, जहाँ विज्ञान पढ़ाउने बन्दोबस्त छ । असममा अरू कुनै कलेजमा पनि विज्ञान पढ़ाउने सुव्यवस्था छैन । यसर्थ, विज्ञान पढ्नका निमित असमका सवै ठाउँबाट छात्रहरू गौहाटीमा ओइरिन्छन । कटन कलेजमा आई.एस. सी. क्लासमा जम्मा 320 सिट छन् । ती सिट शीचमैट्राइबल, तपशीली सम्प्रदाय, मुसलिम इत्यादि

छात्रहरूका निमित फराकै तोकिएको छ । तर गोर्खाली छात्रहरूका निमित कोई सिट तोकिएको छैन । यस साल यौटा गोर्खाली छात्र विज्ञान पढ्नका निमित कति उत्साह र उद्यम लिएर आएका थिए, तर सिट नपाउनाले व्यर्थ मनोरथ भई आर्टस् लिन वाध्य भयो । यो कति दुःखको कुरो हो ।' सन् 1948–50 सालतिर आसमको शिक्षाको यस्तै संकटापन्न स्थितिले गर्दा त्यहाँका नेपालीलाई जातीय चेतना र एकीकरणको आवश्यकता बोध ज्यादै मात्रामा खट्केको अभाव थियो; अतः त्यस समय आसमका नेपाली समाजममा राजनैतिक जागरण र शिक्षाको प्रसारण एकैचोटि अनिवार्य सामाजिक आवश्यकता भएर देखा पर्‍यो, यही तथ्यलाई विष्णुलाल उपाध्यायले आफ्नो पुस्तक 'आसामे नेपालीहरू' को पृष्ठ 31 मा लेख्छन "आसाममा सन् 1943 देखि 1959 सम्म अखिल भारतीय गोर्खालीगले नेपालीहरुलाई संगठित हुने काममा ठूलो मदत गर्‍यो । दार्जिलिंग, कालिम्पोड कलकत्ता धर्मशाला आदि ठउँका विज्ञ चतुर शिक्षितवर्गको सम्पर्कमा आउन पाउँदा यहाँका नेपालीहरूले शिक्षा संगठन र राजनीतिको अनुशीलन गर्न राम्रे मौका पाए ... । भारतको स्वाधीनता संग्राममा आफ्ना योग्यता अनुसार नेपालीहरूले पनि सहयोग गरेका हुन । सन् 1921 को असहयोग आंदोलनमा श्री छविलाल उपाध्यायले 6 महीना र उहाँका भाइ स्व. हरिप्रसाद उपाध्यायले 3 महीनाको सश्रम कारावास तेजपुर जेलमा भोगेका हुन । स्व. दलबीरसिंह लोहारले 1929 को असहयोग आंदोलनमा विद्यार्थी अवस्थामा योग दिएर 3 महीनाको जेल जानु परयो । 1949 सनमा व्यक्तिगत सत्याग्रह गर्दा र 1942 सनमा गण आंदोलन गर्दा उहाँ ले दुवै खेप जेलमा थुनिनु पर्‍यो ।'

कटुवालको बाल हृदयमा यी समसामायिक सामाजिक, राजनैतिक, र देशको बदलँदो परिस्थिति र घटनाहरूले प्रत्यक्ष परोक्षरूपमा प्रभाव पारेकै हुनपर्छ, जसले पछिबाट उनको नवयुवक हृदयमा राजनैतिक चेतनाको सन्चार टुसाइदियो फलतः कांग्रेसी खद्धरको टोपी लगाएर स्वंयलाई स्वतंत्रता आंदोलनका समर्थक बनाउन उनले बाँकी राखेनन । उनका काव्यमा राष्ट्रीय भावनामा आधारित पंक्तिहरू यत्र तत्र देखन पाइनु उनीभित्रको चिर संचित देशप्रेमको अनुराग र अभिव्यक्तिको त्यो सुललित प्रवाह हो, आफ्नो जीवनमा आफैले वाध्यतावश स्थगित राख्न परेका इच्छा आकांक्षाहरूको प्रतिबिम्ब हो । यी सम – सामायिक घटनाहरू, कटुवालका व्यक्तित्व निर्माणका अभिन्न अंग हुन्, जसले उनलाई एकैचोटि कवि, नाटककार, नेता , सामाजिक कार्यकर्ता र किसान बनाई दियो । यसरी कटुवालको विभाजित व्यक्तित्व निर्माणका जवावदेही आसमका नेपाली समाज रहेको कुरोलाईकटुवाल स्वयंले पनि आत्मस्वीकृति दिएका छन। "बल्लभ, तिमी आसाम गएका छौ । तिमीले त्यहाँ देख्यौ होला त्यहाँ म एकैचोटि कवि थिएँ नाटककार थिएँ, राजनैतिक नेता थिएँ सामाजिक कार्यकर्ता थिएँ र एउटा किसान पनि । (आकुञ्चन वर्ष २ अंक 1, 2036 वि.सं. बल्लभद्वारा कटुवाल संग

लिइएको अन्तवार्ता पृष्ठ 9)" यस्तै कारणले पनि हुनसक्छ बिना कुनै पूर्वाग्रह कट्टुवाललाई समष्टि रूपमा जोडेर हेर्दांपनि उनका यी विविध व्यक्तित्वका झलक भने आई नै रहन्छन् ।

व्यक्तित्वको संदर्भमा कुरा गरिएपछि उनका पेशागत पक्षलाई पनि चर्चा गर्नु त्यति अप्रासंगिक देखिंदैन । सर्वप्रथम कट्टुवालले सन् 1956 देखि 1956 सालसम्म पब्लिक हेल्थ इस्पेक्टरको रूपमा काम गरे अनि 1956 सालदेखि सन 1965 सालसम्म आसमको डिगबोई इ.ओ.सी. स्कूलमा शिक्षक वृति गरी सन् 1968 सालमा टिरापमा गई लङ टङ हाईस्कूलको स्थापना गरे अनि हेडमास्टरको पदमा चाहिँ नरसिंह थापालाई राखी स्वयं पनि त्यसै स्कूलमा नौकरी गर्दा गर्दै व्यापक क्षेत्रको खोजमा लागे । नेपाल पसेको वर्ष औ कारण बारे कवि लेख्छन 'सन् 1969 को सेप्टेम्बर महीनामा साहित्यनै जीवनको उद्देश्य भएकोले परिवेश र अनुकूल वातावरण को खोजीमा नेपाल गएको (स्मृति ग्रंथ पृष्ट 106) नेपाल गए पछि पनि कटुवालले प्रशस्त ख्याति र सम्मान प्राप्त गरे । 'यो जिंदगी खै के जिंदगी' र 'स्पष्टीकरण' नेपालबाटै प्रकाशित उनका पुस्तक हुन् ।

सन 1969 मा नेपाल जान अघि कटुवालमा मदपानको कुआदत बसेको थिएन तर पूर्ण साहित्य साधकको रूपमा जब उनी नेपाल पसे तब देखि भने उनी रक्सीको दास भए स्वभावमा उग्रता ल्याइदियो एउटा निर्दिष्ट नौकरीमा टिकेर बस्न सकेनन, काठमाडौ पुगेपछि उनको अस्थिर स्वभावको विषयमां उनकै भाई उपेन छेत्रीले एक अन्तर्वार्तामा भनेका छन 'काठमाडण्डौं गएर नौकगरी नपाउँञ्जेल दाज्यूले प्रेसमा काम गर्‍यो र त्यसै अवधिमा दुई चार कविता पनि लेख्यो उसले । प्रेसको नाउँ थाह छैन, दुईचार महिना जति काम गरेपछि राजकीय प्रज्ञा प्रतिष्ठानमा नियुक्ति पायो । तर सन 1968 मा राजा महेन्द्रको मृत्युपछि उसले नौकरी छाड़ेर आयो ....।' तर नेपाल जान अघि नेपाली स्कूलमा शिक्षक वृत्तिमा संलग्न छँदा कटुवालकोपैह्रन, उत्साह, उमंग र सांस्कृतिक चेतना विषय यही अन्तर्वार्तामा उपेन छेत्री लेख्छन् 'नेपाली स्कूलमा काम गरूञ्जेल दाज्यूले कहिल्यै रक्सी खाएन । पहिरनमा धोती, पैजामा र बंगाली कुर्ता उ रूचाउँथ्यो । लंगपेण्टको उपयोग गरेको थिएन, उ जब पहिलोपटक साहित्यिक गोष्ठीमा भाग लिनु दिल्ली जाने भयो, दुईटा सेतो लंगपेण्ट सिलायो । जिंदगीमा उसले लंगपेण्ट, शर्ट लाएको त्यही ने पहिलो अवसर थियो । नेपाली स्कूलमा ड्राइंग मास्टरको हैसियतमा काम गरिरहेता पनि उसले साहित्य पढ़ाउँथ्यो । विशेषगरीशनिवार र आइतबार उस्ले सारा डिगबोईका केटा केटिहरूको लागि ड्रांइग क्लास खोलेको थियो । त्यसमा म पनि भर्ना भएको थिएँ । सांस्कृतिक कार्यक्रमहरूसित पनि दाज्यू जड़ित थियो । सांस्कृतिक अनुष्ठानमा गाइएको कोरस उसले लेखेको हुनुपर्थ्यो । नृत्य पनि उसले नै सिकाएको । वार्षिक खेलकूदमा भाग लिन जाने केटा केटीहरूलाई पनि उसले नै तालिम दिएको हुन्थ्यो । नेपाली स्कूलमा दाज्यू अल राउण्डर थियो भने पनि हुन्छ ।' (कवि कटुवाल स्मृति ग्रुंथ पृष्ठ 129)

तर नेपाल प्रवेश गरेपछि कटुवालको जीवनको रूपरेखा नैअर्को बनाइदियो। साहित्यकाशमा तिनको प्रतिभा जति जति फैलिदैं गयो, उति उति जीवन नौका भने दुखान्त समाप्तिको किनारतिर अविराम गतिमा लम्किरहेथ्यो।

आफ्नो साहित्यिक प्रतिभालाई पूर्ण विकसित अवस्थामा पुर्याउनको लागि उचित परिवेश वातावरण र सहुलियतको मोहले कटुवाललाई नेपालमा तानेर लग्यो। कटुवालको साहित्यिक यात्रामा नेपाल एउटा डिलेरियम मात्र सिद्ध भयो, अफाप सिद्ध भयो। हुनपनि कटुवालमा नेपलप्रतिकोमोह एकैचोटि जन्मेको अथवा कुनै आकस्मिक घटना थिएन, यो त उनको संवेदनशील कवि हृदयमा क्रमश: क्रमश: जन्मिरहेको एउटा सुंदर भविष्यको कल्पना थियो, नेपाल गइए आफ्नो साहित्यिक यात्रा एउटा, टुंगोमा पुग्ला भन्ने अनुमान थियो; किनभने नेपालबाट न उनका साहित्यिक कृतिहरू पुरस्कृत हुँदै गए, उनलाई साहित्यिक सम्मान प्राप्त हुँदै गयो। उदाहरण स्वरूप यी पुरस्कार र सम्मानहरूको सूची देखेर यस कथनको हामी पुष्टि गर्न सक्छौं:

1— स्वर्णपदकको नाम पुरस्कृत कविता — सन् 1962 सालमा रोयल नेपाल एकाडेमीले सर्वश्रेष्ठ कविको रूपमा रोयल एकाडेनी पदक र मानपत्र (CITATION) प्रदान।

2— सन् 1966 सालमा दोस्रो देशव्यापी साहित्य सेमनिारले सर्वश्रेष्ठ कविको रूपमा स्वर्णपदक प्रदान गरेको। 'आकाशका तारा केतारा' र यो जिन्दगी खै केजिन्दगी' कविता यही वर्ष पुरस्कृत भएका हुन्।

3— सन् 1967 सालमा श्रेष्ठ साहित्यकारको रूपमा रू. 669 प्रदान।

4— सन् 1970 सालमा श्रीपाँचको सरकार, शिक्षा मंत्रालयबाट रू. 1300 (तेह्रसय) पुरस्कार स्वरूप प्राप्त।

यिनै पुरस्कार प्रशस्तिको प्रभावबाट महत्वाकांक्षी भएर कवि कटुवाल नेपाल पसेका हुनमा धेर संभव भएता पनि मनले चाहे जस्तो नहुँदा उनी घरि — घरि नेपाल छाड़ेर स्वदेश आएका छन्। उनी टिकेर नेपालमा बस्न सकेनन, तर नेपाल बसिञ्जेल उनले प्रज्ञा प्रतिष्ठानमा कार्यरत हुँदा प्रज्ञा (सन् 1970) को प्रबंध सम्पादक रहे। अर्को पत्रिका 'हिमानी' (सन् 1970) 'संगीत सरिता' (सन् 1969) 'बान्की' (सन् 1971) 'अभिव्यक्ति' (सन् 1966 प्रकाशक नरेन्द्रराज शर्माका) सम्पादन गराए साथै फुटकर गीत, कथा कविता र नाटक पनि प्रशस्त पत्र पत्रिकातिर प्रकाशितं गराए। एक अन्तर्वार्ताको सिलसिलामा काठमाडौंको तीतो अनुभव उनी आसम फर्कन अघि नेपालबाट यसरी पोख्छन् 'नेपाल धरान, विराटनगर, भद्रपुर म आउँछु तर काठमाण्डौं चैं आउँदिन किन कि यहां साहित्यिक वातावरण छैन्। यहाँ साहित्यिक गतिविधि नैकेही छैन्, नयाँ प्रतिभाले जमर्को गर्दैछ तर सहयोग कतैबाट छैन। यहाँ त म लाई साहित्य फस्टाउँछ जस्तो लाग्दैन। यहाँ हिंदीको बड़ी बोलबाल छ बरू दार्जीलिंगमा फस्टाउँछ त्यहाँ हिंदी बंगलालाई पस्न दिएको छैन यहाँ त हामीले आत्मा बेच्यौं भाषा बेच्यौं ....।'

(कवि हरिभक्त कटुवालसंग प्रथम शायद अंतिम भेंट मानघोज मोक्तान, हरिवंश किरात, स्मृति ग्रंथ पृष्ठ 109)

नेपालबाट पनि कुण्ठित भएर, कटुवाल आसम नै फर्केको केही महीनापछि नैनिधन भए र यतिमै उनको संसारी जीवनको अध्याय बन्द भयो : तर पनि साहित्यिक यात्राको अध्याय भने अझसम्म पनि खुला रहेको छ । उनको साहित्यिक जीवनमा जस्तै व्यक्तिगत जीवनमा पनि विविधता पाइनु उनको सामाजिक जीवनको प्रत्यक्ष एवं परोक्ष प्रभाव मान्नुपर्छ । उनको सामाजिक जीवनको पर्यायवाची शब्द असमको सन् 1920 देखि लिएर सन् 1969 सम्मको सामाजिक, आर्थिक, राजनैतिक, र शैक्षिक क्षेत्रमा नेपालीहरूको भूमिका, योगदान, र एकीकरणको एउटा अध्याय नै कटुवालको पनि व्यक्तित्व विकास, सामाजिक चेतनाको उद्भव र नौलो राष्ट्रीय चेतनाको आवश्यकता भएको छ । देशको समृद्ध परम्परा र इतिहास प्रति कवि सचेत छन् स्वतंत्रता संग्रामको अध्यायमा अनेक देशभक्त आसमे नेपाली जस्तै कटुवालको युवाकाल समर्पित छ । यसैले कटुवालको व्यक्तित्व रचनामा देशको, समाजको गौरवमय प्रतिविम्ब मात्र होइन, तर राष्ट्रले, समाजले, संकटकालमा भोग्नु परेका स्थितिहलको पनि जीवन्त चित्रण पाइन्छ ।

# 2

# भित्री मान्छे बोल्न खोज्छ – एक विवेचना

नेपाली स्वच्छन्दतावादी काव्य धाराका पृष्ठ पोषक कवि हरिभक्त कटुवालको प्रथम कृति, गीत संग्रह 'संझना' सन् 1960 मा प्रकाशित भएको तीन वर्ष पछि अथवा सन् 1962 सालमा नवयुग नेपाली पुस्तक मंदिर गोरूबथानबाट उनको प्रथम कविता संग्रह 'भित्री मान्छे बोल्न खोज्छ' प्रकाशित भयो । उनको यो प्रथम कविता संग्रहमा जम्मा बीसवटा कविता संकलित छन् अनि धरेजसो कविता दीपक, धरती, ब्रहमपुत्र, सगरमाथा, मुक्ति, सैनिक समाचार र सोभियत भूमि जस्ता नेपाली पत्रिकातिर अधिबाटै प्रकाशित भइसकेका देखिन्छन । यी बीसवटा कविताको हरदर मूलस्वर प्रायः नैसौंदर्य चेतना र मानवतावादीदृष्टिकोणको गंभीर चिंतन जनित काव्यात्मक प्रवाहले भिजेका छन । यसमा संकलित अधिकतर कवितामा कविको दृष्टिकोण ज्यादै मानवतावादी हुनगएको उदाहरण 'म मानिस हूँ' अथवा 'शान्तिके गीत गाउँला' जस्ता कविताबाट धेर थोर प्रस्टिन गएको छ :

म मानिस हूँ
यान्त्रिक युगको कर्मठ मानिस
पुग्नु छ मैले चंद्रलोकमा
रच्नु छ मैले नौलो संसार
फोस्रिसकेको पृथिवीमा
गर्नु छ मैले अमृतसञ्चार (म मानिस हूँ )
हाँसी हाँसी जीवन पथमा
लाखौं काँडा पन्साउँला
नेपाली जग यो झलमल पारी
शान्तिकै गीत गाउँला (शान्तिकैगीत गाउँला)

आफ्ना कविता यात्राको यो माध्यमिक काल (सन् 1959–62) भित्र रचिएका यस संग्रहका कविताहरूमा कलापक्षको त्यति टड्कारो एवं जीवन्त अभिव्यक्ति हामी पाउन सक्दैनौं, जसको जवाबदेही तत्कालिन नेपाली काव्य साहित्यको विकासन्मुख

परिस्थिति पनि केही अशंमा भएको हाभी देख्छौं । परोक्ष अथवा प्रत्यक्ष कुनै न कुनै रूपमा तत्कालिन सामाजिक पृष्ठभूमि, राजनैतिक परिस्थिति एवं ऐतिहासिक भावभूमिले कुनै पनि सृजनशील साहित्यकारका प्रवृत्ति र अभिव्यक्तिमा अनुभूति र प्रस्तुतीकरणामा वास गरि रहेकै हुन्छ । यही प्रसंग र आधारमा कवि कटुवालका प्रथम कविता संग्रह 'भित्री मान्छे बोल खोज्छ' – मा पाइने बीसवटा सम सामायिक नेपाली कवितामा विद्यमान युगबोध एवं अतंर्राष्ट्रीय वादका झिनो स्वर र मानवतावादी आवाजको अभिव्यक्ति निकै चर्को ढंगमा कविले ठाउँ ठाउँ प्रकट गरेका छन् । यसबाहेक 'ढुंगो बोलेछ भने' कवितामा कविभित्र अप्रकटरुपमा वोँचिरेहेको क्रान्तिको ज्वाला 'आडम्बरो समाज' – लाई प्रतिशोधको भावना दर्शाउंदै ढुंगो – लाई निमित्त बनाएर, अथवा मानवीकरण गरेरः " – ले सहनु परेको अत्याचार, शोषण पीड़ा, एवं जड़त्वको पक्षमा कविले आफ्नो कलमी उच्छवास् यसरी प्रकट गर्छनः

टुंगाको बोल्ने मुख छैन
शब्द छ तर भाषा हीन
स्थिति छ तर प्राण हीन
अँ, कुनै दिन ईश्वरको वरदान पाएछ भने,
शब्द फोरी बोल्ने शक्ति आएछ भने
इतिहास ओकल्नेछ
ढुंगो त्यस दिन प्राण खोलेर बोल्नेछ (ढुंगो बोलेछ भने)

मावनतावादी दृष्टिकोणको भरमार अभिव्यक्तिमात्र कविका ध्येय यस संकलनभित्रका कविताहरूको प्राणतत्व होइन, कविगनि मानिस हुनुको नाताले र मानव प्रवृतिगत नैराश्य, कुण्ठा, प्रेम विश्वासघात, आस्था अनास्था र सुख दुःखका अनुभूतिहरू कविको काव्य रचना प्रवाहका कममा कहीं परोक्ष तथा कहीं प्रत्यक्ष रूपमा प्रकट भएका छन् । जीवनगत आस्था अनास्था र विसंगतिवोधका कोमलतम आभासहरू कविका यस कविता संग्रहका गौण उपलब्धि एवं माध्यमिक संस्करण भएर कवितामा यत्र तत्र मुखरित भएका छन् । कुण्ठा एवं नैराश्यजनित यस तहका कविताहरूका सर्वेक्षण गरेर भन्नुपर्दा विशेषतः 'कन्दन' कविताका केही लहर यस कथनको पुष्टि गर्नउद्घृत गर्न सकिन्छः

सिद्ध नहुञ्जेल निजको स्वार्थ
मेरो साथ दिंदा रहेछन्
भित्री मनमा कपट लुकाई
व्यर्थ लौ लौ भन्दारहेछन् (कन्दन)

प्रेम मानव जीवनको अपरिहार्य तत्व हो भन्ने कविको आत्म स्वीकृति कविले यस संकलनका अनेक कविताका माध्यममले प्रकट गरिसकेका, छन तर अधिकतर कवितामा

प्रणयविभोर हृदयका अभिव्यक्ति परोक्षरूपमा प्रकट भएको हुनाले कविले प्रणयाग्निमा जल्नु परेको तथ्य पाठकलाई झिनो एवंमलिन लाग्छ। तर एक कविता 'बिन्ती छ मेरो छेउ नआऊ' भित्र प्रणयविभोर एक विक्षिप्त हृदयको ढुकढुकी एवं प्रेमिकासित भएको विच्छेद प्रणयको गाथा एक्लो अत्यन्त व्यथित रुपमा कवि यसरी प्रकट गर्छन:

हृदय मेरो टुक् टुक् पारो
क्रूर अतीतले काटिरहेछ
रोइरहेछु सम्झी उसैलाई
भग्न वीणाको तार नचलाऊ
बिन्ती छ मेरो छेउ नआऊ ॥ (बिन्ती छ मेरो छेउ नआऊ)

'यो पृथिवी अभागीहरूको लागि नर्क हो !' मनेर कविले 'पृथिवी' नामक यही संग्रहभित्रका एक कवितामा लेखेका छन् जसबाट के स्पष्ट हुनजान्छ भने पृथिवि हामी सबैको साझा संपत्ति हो अनि पुरुषार्थले मात्र यसमा सीमांकन गर्नु संभव र अनुकूल ठहरिनेछ। उदार अंतर्राष्ट्रीयवादी दृष्टिकोणलाई कविले यस कविताका कतिपय लहरमा व्यापकता दिंदा दिंदै पनि बौद्ध धर्मको शून्यवादी दर्शनले कतै कतै यस कवितामा कविलाई प्रभाव पारेको देखिन्छ। उदाहरणार्थ:—

पृथिवी यदि अरू केही छैन भने
शून्य हो !
जसको आफ्नो भन्ने केही छैन
जसले पाएका प्रत्येक चीज नै एक दिन गुमाउँछ ! (पृथिवी)

कविले पृथिवीलाई शुन्यसित तुलना गर्नु उनको कवित्वको विकार होइन तर अकर्मण्य व्यक्तिहरूको लागि यो पृथिवी जतिको नीरस तथा रूखो वस्तु ठहरिनेछ त्यसको वस्तुगत रूपमा तुल्ना अथवा जवाफ नै शून्य हो भन्ने कविको धारणा यस कवितामा छ। यही कविता [illegible] प्रतिच्छांया 'यो यस्तै छ ' कविताको प्रथम लहरमा हामी देख्छौं 'पृथिवी सबैको [illegible] हो'। यस कवितामा तर कविको सुप्त आक्रोशले शिर खड़ा गर्दै 'पृथिवी सबैको साझे हो' भनिसकेर अझ अघि बड़दै भन्छन्;

'दोल्ने हक सबैको बराबर छ
बोल्न खोज्ने मानिसको मुखमा बुजो लाउने
कुदन आँटेको मानिसको खुट्टामा साङ्लो हाल्न खोज्ने
सृष्टिको शत्रु हो।' (यो यस्तै छ )

शान्तिकै गीत गाउँला मनेर प्रतिज्ञा गरे पनि, म मानिस हूँ भनेर मानवतावादको घोषणा गर्दै अघि बड़ेपनि कविले विश्वमा लोकाचार देख्छन्, मनको, क्रन्द्रन सुनाउँछन, अथवा, षड़यंत्र, धोका, अनास्था जहीं तहीं पाउँदा उनी 'ढुंगो बोलेछ भने' अथवा कविभित्रको 'भित्री मान्छे बोल्न खोज्छ भनेर' वर्णन गर्दा पनि कवि असंतुष्ट नै रहन्छन् आखिरमा कविलाई थाह हुन्छ —

पृथिवीमा अनुरोध गरेर, मानवतावादी दृष्टिकोण प्रत्येक वस्तु र स्थितिलाई केलाएर, परोक्षवादी पथानुसरण गरेर होइन, तर बोल्ल चाहने मानिसको मुखमा बुजो लाउनेलाई सृष्टिको शत्रु हो भन्दै त्यसको सामना गर्नुपर्ने स्थितिबोध हुन्छ । अतः संसारको व्यवहारिक पक्ष बारे कविलाई जब यथार्थबोध हुन्द तब उनले यो संसार यस्तै छ अथवा यो यस्तै छ भनेर संसारलाई तटस्थरूपमै स्वीकार गर्दै आफ्नो वैचारिक सिद्धान्तलाई व्यापक मात्र न बनाएर व्यवहारिक संसार सापेक्ष जिउने आग्रहको प्रचुरता 'यो यस्तै छ' कवितामा घोलिएको छ । यसभन्दा अझ खारिएको कविता यस संकलनमा 'कवि प्रति' देखिएको छ । आक्रोशले भरिएको कविता लेख्ने प्रयास 'यो यस्तै छ' मा परिलक्षित छ भने, त्यसको परिपाक अथवा परिपक्वता 'कवि प्रति' कवितामा सफल भएको मात्रुपर्छ। 'कवि प्रति' यससंग्रहको यथार्थवादी कविताको साथ साथै एउटा सबैभन्दा लामो गद्य कविता हो । कवि शब्दलाई यस कवितामा पथ निर्देशक, समाज सुधारक, नवचेतनाको प्रतीकको रूपमा आलम्बन गरिएको हुनाले उसको सामाजिक दायित्व, नैतिक चेतना र ऐतिहासिक गरिमा विषय समाजको उत्थान पतन उन्नति अधोगतिको जुन भूमिका छ त्यसको योगदान विषय उनले यस कवितामा लेखेका छन् :

हे कवि
यदि कविता नै रचना गर्छौ भने
कविताले नै साहित्य धनी पार्न खोज्छौ भने
कविताले नै जातिको प्रगति ल्याउन चाहन्छौ भने
बादल तहमा उडेर
नाना कल्पनाहरू जडेर
कठिन शब्दहरूको समावेशले रंगिएका
दिवा स्वप्न झैं कविता रच्न छाड़िदेऊ ।

..................................................

हे कवि !
अब कल्पनामा मात्र नगम्सिएर
कल्पनामा मात्र न अल्मलिएर
वास्तवमा पदार्पण गर !
यथार्थको काखमा खेल्ने गर !!
तिमीले वास्तवमा पदार्पण गर्‍यौ भने?
विश्व ब्रह्माण्ड को वास्तवरूप अध्ययन गर्ने प्रयास
गर्‍यौ भने?
यथार्थवादी साहित्यको रचना गरयौ भने ?
भोलिको हाम्रो संसार नयाँ हुनेछ !
यस धरणीले चोला फेर्नेछ !! (कवि प्रति)

आफ्ने आत्मासंग, व्योम विश्वको एक्लो यात्री, व्यर्थै किन यो लोकाचार, जीवन अनि प्रतिज्ञा, कलिलाई फुल्न देऊ, कलंकिनी, ए आँसु, हेर्न खोज्छौ ? अन्त्यमा ... !! गएछ जस्ता एधार कवितामा कविका भावुक हृदयको उद्‌गार र अपरिमार्जित काव्य प्रणयनका आभास मूलरूपमा र अन्य नौवटा कवितामा कविभित्रको काव्य पुरूषले प्रफुस्टनको माध्यम खोजीरहेका र कतिवटामा चाहिँ काव्य प्रतिभाको चमत्कारसम्म देखाउन सक्षम रहेका भेटिन्छन् । 'गएछ' कविता महाकवि लक्ष्मीप्रसाद देवकोटाका निधनमा रचित विरह व्यथाको सफल उदाहरणको रूपमा स्वीकार्य कविता हो' साथै उनको सफल काव्य प्रणयनको आभास पनि, त्यस्तै चन्द्रमालाई प्रतीक बनाएर लेखिएको प्रतीकात्मकता जनित कविता 'कलंकिनी' हो । जीवन संघर्षको सुखद अनुभूति जन्य कविता 'व्योम विश्वको एकलो यात्रो' हो भनेआफ्नै आत्मा संग, जीवन अनि प्रतिज्ञा र कलिलाई फुल्न देऊ जस्ता कवितितामा आदर्शोन्मुख काव्य परम्पराको झस्का आउँछ । अतः 'भित्री मान्छे बोल्न खोज्छ' कविता संग्रह प्रथम प्रयास हुँदा हुँदै पनि नेपाली काव्य वाटिकाको क्षेत्रमा एउटा चिल्लो — पातको रूपमा स्वीकार गर्न सकिन्द ! नेपाली काव्य वाटिकाको क्षेत्रमा यसलाई किन चिल्लो पातको रूपमा ग्रहण गरिन्छ भने यस संग्रहभित्रका केही कविता सामान्य कविताको स्तरदेखि खुस्केका छन् भने रहल केही कविताले भने उनको अर्को लोकप्रिय कविता संग्रह 'यो जिन्दगी खै के जिन्दगी' (प्रकाशित 1972) भित्रका धेरै कवितालाई शिल्प भाव र तिनका संतुलित प्रस्तुतीकरणको दृष्टिले पछि पारेका छन् । यही आधार र दृष्टिकोणबाट भन्नुपर्दा कट्टुवालको काव्य यात्राको प्रथम चिल्लोपात 'भित्री मान्छे बोल्न खोज्छ' हो, साथै चिल्लो भन्ने विशेषणको औचित्यपनि यस संग्रहका कविताहरूले स्पष्ट गर्छ ।

यस संग्रहभित्रका कविताहरूलाई आफ्नै दृष्टिकोणबाट पनि कविले कविता भन्न संकोच मानेका छेनन, तर स्तरीय कविताहरू यस संग्रहमा छन् भन्ने कुरामा कविलाई संकोच लाग्छ, अतः यही पुस्तकको दुइ कुरामा उनी लेख्छन 'भित्री मान्छे बोल्न खोज्छ' जताततै टुसाएका मेरा ती कविताहरूको विशृङ्खल फूलबारी हो, जसलाई मैलेएक ठाउँमा भेला पारेको छु । भएन साहित्य बाटिकामा भर्खरै प्रवेश गरेको साधनारत, शिकारू माली हूँ । साहित्य गगनमा उड्न खोज्ने तर प्वाखँ राम्ररो नफक्रिएको एउटा चरो हूँ । जानी — नजानी रोपेका यी बिरूवाहरूका पंक्ति अड़बड़ छैनन, भन्ने आँट ममा छैन । भविष्यमा स्नेह र सहानुभूति पाई पंक्ति मिलाउन सकुँला भन्ने आशा किन नगरूँ ? नभन्दै कविले आफ्नो यस इमान्दार वक्तव्यको पुष्टिकरणस्वरूप आफ्नो स्वच्छन्दतावादी काव्य यात्राको उत्तरार्द्धकालमा सफल काव्य कृतिका नमूना नेपालीकाव्य जगतमा कीर्तिमान स्वरूप छाड़ेर गएका छन् जसलाई नेपाली साहित्यको ऐतिहासिक योगदान त मानिन्छ नै, तर यसको साथ साथै उनका यी काव्य कृतिले हामीलाई राष्ट्रीय मूल प्रवाहमा सामेल गराउँदै राष्ट्रीय गारिमा, महत्व र ऐतिहासिकता प्रति समर्पित भावनाको अभ्युदय गराउँछ ।

# खण्डकाव्य 'सुधा' को विशेषता

कट्टुवालका काव्य रचनाका विकास क्रममा खण्डकाव्य 'सुधा' (प्रकाशनकाल वि.स. 2022 अथवा सन् 1965 साल) विशेष उल्लेखनीय कृति मात्र सकिन्छ । असमका नेपाली जन जीवनको पृष्टभूँमिमा लेखिएको खण्डकाव्य सुधा खण्डकाव्य तत्वको दृष्टिले पनि निकृष्ट तहको मान्नसकिन्न । साहित्यिक विधाको माध्यमले असममा सं.2022 सालतिर नै लगभग पन्द्रह लाखको संख्या मा बसोबासो गर्ने नेपालीहरूको सामाजिक जन जीवनमा आधारित काव्यको रूपमा प्रकाशित एवं प्रतिष्ठापित प्रथम नेपाली खण्डकाव्य हुने सौभाग्य 'सुधा' – लाई प्राप्त छ । आफ्नो काव्य यात्राको विकासक्रममा कट्टुवाललाई स्थापित कविको रूपमा प्रतिष्ठापित गर्न 'सुधा' – मा प्रतिबिम्बित असमको नेपाली जन जीवनको समाजिक चित्रण काव्यमा वर्णित सुनाकुरूडको प्राकृतिक रमणीयता एवं त्यहाँ नेपालीहरूको युगौंदेखिको आबादी जस्ता घटना क्रमले यस खण्डकाव्यमा सजीवता प्रदान गरेका छन् । यस काव्यको विषय वस्तु र शैलीको प्रस्तुतीकरण बारेमा यही पुस्तकको प्राक्कथनका केही शब्द लहर प्रस्तुत गर्न उपयुक्त हुनजान्छ । कविकै शब्दमा "असममा पुग नपुग पन्ध्र लाखको संख्यामा हामी नेपाली बस्दछौं !.. वन् जङ्गल, शहर गाउँ चारैतिर फिंजिएर बसेका नेपाली जन जीवन सम्बन्धी आजसम्म कुनै किताप लेखिएन । मैले यो सानो खण्डकाव्यमा त्यसको केही झलक दिने प्रचेष्टा गरेको छु..., सुनाकुरूङ असमको राजधानी शिलाङको एक रमणीय ठाउँ हो, त्यसको परिपरि नेपाली मानिसको बसोबासो छ । सुनाकुरूङःमा विडन, विशप नाम गरेका दुइवटा झर्ना अविरल झरिरहन्छन । यो खण्डकाव्य त्यसैका पृष्ठभूमिमा लेखिएको छ ..., काव्यिक गुण सुधा मा छन् वा छैनन् त्यो विषय पनि पाठकले नै विचार गर्नेछन् ।' (प्राक्कथन 'सुधा' वि.सं. 2022) सन् 1965 सालमा श्री 5 को सरकार प्रचार र प्रसार मंत्रालयबाट प्रकाशित यस खण्डकाव्यलाई जम्मा पन्द्रह खण्डमा काव्यको कथा को विकास क्रमानुसार विभाजन गरिएको छ । यस काव्यको कथासार अनुसार प्रथमम खण्डमा तत्कालिन असमको राजधानी शिलाङको एक रमणीय स्थान सुनाकुरूङको अग्लो भीरमा विशप छांगोको तीरमा आत्महत्या गर्न आएकी सुधाको बड़ो व्यग्र अवस्थालाई कविले हाम्रो सामु सुनाकुरूङका प्राकृतिक रमणीयतालाई यसरी प्रस्तुत

गरेका छन् :

सुनाकरूड्को अग्लो भीरमा
द्रुत खसेको विशप तीरमा
टुलु टुलु एकटक छाँगो मन्तिर
उसका नेत्रले के खोजेका?

***

बर्बर आँसु नेत्र युगलमा
किन त्यो त्यसरी रोइरहेकी?
मानसमा कि लागी डढेलो
आँसुले निभाउन खोजिरहेकी ?

***

भयावह यो मध्य रातमा
किन यहाँ उ बसिरहेकी
कि ! आज जीवनको पीर पखाल्न
छाँगो सँग सँगै बग्न हिँडेकी ?

यसबाहेक यस खण्डकाव्यको यस खण्डमा कविले सुधाको सुंदरतालाई 'गोरो वर्ण, शरीर सुडोल, कम्मर झिनो च्युँडो गोल, मृगका जस्ता चन्चल आँखा थिइ सुधाका;' 'भनेर सजीव प्रतिबिम्बत्र उतार्न खोजेका छन्, अनि त्यसमन्दा पर **प्रेत व्युँझने बेला भइसकेको'** समयमा त्यस्तो निर्जन स्थानमा सुधाको आगमन कति रहस्यपूर्ण छ त्यसको कौतूहलता स्वरूप पाठकलाई एउटा परोक्ष संकेत कवि यसरी दिन चाहन्छन:

सातै महीना मात्र त गए
त्यस दिन सुधा सन्ध्या समयमा
एक युवकलाई साथ लिएर
सुनाकुरूड्मा आएकी थिई:
त्यसबेला त पोल्टो उसको
सलक्क नै थियो ! आज के हो यो ?

काव्यको प्रथम खण्ड यतिमै समाप्त हुन्द, यसलाई अझ स्पष्टरूपमा भन्नुपर्दा काव्यका पृष्ठभूमि र सम्पूर्ण विषय वस्तुको नेपथ्यस्वरूप पाठक समक्ष प्रथम खण्डले आफ्नो भूमिका खेल्छ; काव्यका सम्पूर्ण कथानकको पूर्वाधार तयार पार्छ।

काव्यको दोस्रो खण्डमा नायिका सुधाको पारिवारिकस्थिति सामाजिक परिस्थिति, दोस्रो विश्वयुद्धमा शहीद हुन पुगेका उनका पिताको अवस्थिति अनि प्रेमको नाममा मृगतृष्णा पिएर बाँच्नु पर्ने परिस्थितिमा उपस्थित अवस्थालाई पाठक समक्ष कविले छयाङ्ग पारेका छन्। काव्यको प्रथम खण्डमा उठेको कौतूहलतालाई सिलसिलाबद्ध

रूपमा कविले दोस्रोखण्डमा यसरी समाधान गरेका छन् :

हो, मध्यरातमा सुनाकुरूङको
अग्लो शीरमा विशप तीरमा
बसिरहेकी सुधा नै थिई
उही सुधा
जो सुनाकुरूङतिर प्रायः आउँथी
हाँस्थी खेल्थी आफ्नै सूरमा
कहिले गुन गुन गीत गाउँथी
उही सुधा हो !
जसको स्नेहमा अल्झिएकी थिइन
वृद्धा विधवा आमा सुधाकी !!!

प्रकृति पुत्री सुधाको सामाजिक, आर्थिक एवं पारिवारिक पृष्टभूमिको परिचयनमा कवि निकै संवेदनशील देखिन्छन, हरदर नेपाली सामाजिक आर्थिक जन जीवनको झल्का दिने क्रममा सुधाको प्रतिनिधित्व त्यति अस्वाभाविक लाग्दैन । यसमा अझ थप कुरो के छ भने प्रणय यात्रामा धोका पाएकी सुधाको जीवन नै यस काव्यको मौलिक विशेषता रहि आएको छ । यस कथनलाई प्रमाणित गर्न सघाउ पुर्‍याउने हेतूले कवि अझ लेख्छन्:

अँ, उही सुधा हो !
जसलाई प्रणयले हाँस्न दिएन,
जसलाई जगले बाँच्न दिएन
मृगतृष्णा पिई तिर्खा मेट्ने
सपना देख्दी; यो उही सुधा हो ॥

काव्यको तेस्रो खण्डमा प्रस्तुत कथानकको घटनाक्रमलाई सामाजिकतामा ढाल्न सुनाकुरूङको प्राकृतिक सौंदर्यको झलक तथा यही र यिनै प्राकृतिक सौंदर्यको पानीबाट (विशप र विडन जस्ता पहाड़ी छाँगो बाट) जल विद्युतको केंद्र बनाई वैज्ञानिक प्रगतिको विकास बारे पाठ्क हरूलाई अवगत गराउँदै त्यहीं नै क्षयरोग आरोग्य भवन निर्माणको संदर्भलाई कविले यसमा जोड़ेका छन् । सुनाकुरूङको प्राकृतिक सौंदर्यको सजीवता कविले यही खण्डमा सुक्ष्ममदर्शी प्रकृति प्रेमीको हृदयले कवितामा गरेका छन । नेपालीका अरू प्रकृति चित्रणका पोख्त कवि सिद्धिचरण, गोमा, बीरेन्द्र, अगमसिंह गिरी झैं सुनाकुरूङको प्रकृति चित्रणकटुवालले

यसरी गरेका छन् :
हरियो डाँड़ा ओल्लो पाखो
कतै पक्की घर — कतै पर्णकुटी;

कतै पुरानो ध्वाँसे सभ्यता
कतै नयाँ नयाँ कला संस्कृति !

प्रकृति पुत्री सुधाको चरित्रलाई अझ तीव्रता प्रदान गर्दै कविले सुनाकुरूङको प्राकृतिक रमणीयतालाई सुधाको सोझोपना र निरीह स्वभाव को पर्यायको रूपमा प्रतिबिम्बित पारेका छन् । प्राकृतिक सौंदर्य रचनाको व्यूह तयार गर्दा गर्दै कविले सुधा र प्रकृतिलाई तुलनात्मक रूपमा काव्यमा यसरी प्रस्तुत गर्छन् :

छहरा सँग सँगै खेली बढेकी
प्रकृतिको पाठ पढेकी
सुन्दरी सुधा — कुसुम प्रष्फुटित
वृद्धा मातासँग त्यही बस्दथी ।

यस काव्यमा प्रस्तुत प्राक्कथनमा कविको मन्तव्य अनुसार 'वन जङ्गल शहर गाउँ चारैतिर फिजिएर बसेका नेपाली जीवन सम्बन्धी आजसम्मम कुनै किताब लेखिएन मैले यो सानो खण्डकाव्यमा त्यसको केही झलक दिने प्रचेष्टा गरेको छु —' भनेर उल्लेख भएको हुनाले सुनाकुरूङको वरि वरि बसोबासो गर्ने नेपाली जन जीवनको सन्दर्भमा सुधाको पारिवारिक पृष्ठभूमिको अतीत र वर्तमानदेखि लिएर स्वदेशको रक्षार्थ दोस्रो विश्वयुद्धमा शहीद हुने नेपाली सपूत हवल्दार रत्नबहादुर कार्की छेत्री (सुधाका पिता) — को असीम त्याग, अनि यस्तो त्यागको सट्टामा पाएको मासिक तीस रूपियाँ पेन्सनले जीवन निर्वाह गर्नुपर्ने सुधा र उसकी आमा कर्किनीको दयनीय गाथा, दोस्रो विश्व युद्धमा मणिपुर, बर्मा, मलाया, कोहिमा जस्ता स्थानमा गई युद्ध गर्दा गर्दै वीरगति प्राप्त गर्ने वीर नेपाली जातिको वीरतालाई पनि यस खण्डमा कविले सिद्धहस्त चित्रकारको तुलिकाले झैं उतारेका छन् । दोस्रो युद्धले विध्वस्त पारेका रत्नाबाहदुर छेत्रीको परिवार झैं हजारौं नेपाली सैनिकको उत्सर्ग, त्याग र आत्मा हुतिको अध्याय कविलाई बिनासितिमैं बन्द भएको लाग्छ । रत्नबहादुर छेत्रीको परिचय, बलिदान इमान्दारीपना र देशभक्तिले दोस्रो विश्वयुद्धमा शहीद हुने नेपाली सैनिकको प्रतिनिधित्व गरेका छन् । केही पंक्तिले यस भनाइलाई यसरी स्पष्ट पारेका छन्:

पाँच वर्षकी थिई सुधा, उता
विश्व युद्धको ज्वाला दन्कियो;
मणिपुर, बर्मा, मलाया, कोहिमा
युद्ध — ज्वालामा तात्यो — रन्कियो ।

लडे नेपाली मरे नेपाली
बिनासित्तिमै प्राण अफाली
रत्नबहादुर ज्वालामा परे
वीर पुत्र ती वीर झैं परेर ।

मासिक वेतन तीस रूपियाँ
हवल्दारको प्राणको मोल
आउँदथ्यो; उसमै दुई प्राणीको
चल्दथ्यो संसार कुनै प्रकारले ।

यहाँ उल्लेखित तीन पदमा कविले सुनाकुरूङ्ग भेकमा बसो बासो गर्ने सुधाको परिवारको सामाजिक आर्थिक पक्षलाई स्पष्ट रूपमा हाम्रो समक्ष राखेका छन् भने प्रस्तुत काव्यका नायक नरेन्द्र र सुधाको प्रथम भेटलाई यसरी कवि प्रस्तुत गर्छन् :

आउँथ्यो नरेन्द्र सुनाकुरूङतिर
सन्ध्या भ्रमण गर्दा गर्दै,
पुग्थी सुधा पनि बिशप तटमा ।
नव — जीवनका सपना बुन्दै ।

सुनाकुरूङ्मा यी दुइको भेट भएपश्चात् एकान्तिक क्षणको रोमाञ्चक घटनालाई कविले श्रृङ्गारिक शैलीमा यसरी लेख्छन् :

भन्दथ्यो नरेन्द्र हात समाततंती
सुधा मेरी जीवन साथी
आँखा चिम्ली सुधा ढल्दथी
प्रणयेश्वरको छातीमाथि ।

यस खण्डकाव्यको पाँचौं खण्डमा कविले यस काव्यका नायक नरेन्द्रको स्वभाव, चरित्र एवं अनैतिकताको परिचय दिएका छन् । स्वार्थी भ्रमर तुल्य नरेन्द्रले अनेकौं सुधा जस्ती सोझा र निर्दोष फूलहरूको यौवन लुटेर नष्ट गरेको अतीत अत्यन्त कलुषित एवं घृणित भएता पनि धनको आड़मा नरेन्द्रले समाजको मुखमा बुचो लगाइदिएको थियो । अंग्रेजी पैट्रन, अंग्रेजी ढाँचा र अंग्रेजकै नयाँ संस्करण जस्ता देखिने नरेन्द्रको निम्ति दिल्ली र लखनौ जस्ता शहरहरूको भ्रमण मामूली थियो, कारण उनको पिता धनाढय व्यक्ति हुनाले रूपियाको अभाव उसलाई कहिले भएन । यस्तो स्वभाव र परिवेशमा पड़ेको नरेन्द्रले सुधा झैं नवयौवना तथा निश्छल प्रकृति पुत्रीलाई देख्दा उसको नशा नशामा घोलिरहेको कामूक प्रवृति जागृत भई उठछः

सुनाकुरूङ्मा उसले देख्यो
यौवन बनमा सुधा फुलेकी,
दिन दिन धायो प्रणय रचायो
लाटी सुधाले स्वर्ग नै भेटी !

कविले यसरी यस काव्यको यस खण्डलाई नायक नरेन्द्रको स्वभाव वर्णनमा नै समाप्त गरेका छन् । नरेन्द्रको स्वभावलाई गौणरूपमा निरीक्षण गर्दा हामीलाई यति भन्नकर लाग्छ, कुनै पनि समाजमा पूंजीपति सामाजिक व्यवस्थाको उपजलाई नरेन्द्रको

चारित्रिक विशेषताले प्रतिबिम्बित गरेको छ । नरेन्द्रको चारित्रिक **विशेषताको** अनुपातमा सुधालाई नारी अत्याचारको शोषणमा पिँधिएकी पात्राको रूपमा बाहेक सामाजिक आर्थिक रूपले विपन्न अवस्था भएको नारीको रूपमा पनि प्रतिनिधित्व गरेको पाइन्छ ।

खण्डकाव्य 'सुधा'—को छैटौं र सातौं खण्डमा कविले नरेन्द्र र सुधामाझको प्रणय सम्पर्क विकसित रूपमा निरन्तर बढ्दैगएको अनि यही निरन्तर भेटघटको फलस्वरूप नरेन्द्रले कमजोर क्षणको मौका छोपेर एकदिन सुधाको सतीत्व हरण गरिदिन्छ भन्ने विवरणलाई कविताको सरस शैलीमा वर्णन गरेका छन् । नरेन्द्रको बोके प्रेम र क्षणिक सहानुभूतिमा सब थोक बिर्सने सुधाले घरमै नरेन्द्रको स्वागत गर्न पाउँदा अत्यन्त हर्षित हुन्थी। नरेन्द्र सोझै सुधाको घरमा जान्थ्यो अनि सुधाकी आमा वृद्धा कर्किनीपनि नरेन्द्रको बोके शिष्टाचारमा मक्ख पर्थिन, छोरीको जीवनमा भोलि आउने सुखद दिनको कल्पनाले उनी आत्मविभोर बन्थिन । तर नरेन्द्रको धूर्तपना र स्वार्थ केंद्रित विचारधारा देखि कर्किनी र सुधा दुवै नभिज्ञ थिइन् ।

काव्यको सातौं खण्डमा नरेन्द्रले सुधालाई प्रणय — विहारको निम्ति 'एलिफेन्ट' छाँगोतिर लिएर जान्छ, जसको प्राकृतिक रमणीयता एवं एकान्तिक क्षणको मधुर मिलनले ती दुवै प्राणी आनन्दित एवं उत्तेजित बन्छन् । विभिन्न प्रणय, क्रीड़ाको आनन्द लुटिसके पछि नरेन्द्रले सुधाको कौम्मार्य लुट्न बाँकी राख्दैन, जुन परिस्थितिको चित्रण कविले यसरी गरेका छन् :

कहिले गुनगुन प्रणय गन्थन
कहिले मौनता आउँथ्यो केही क्षण
व्यक्त गर्दथे व्यग्र हृदयका
आशा आकांक्षा इच्छा अनेकन ।
यौन कामना थाम्न के सक्थे ?
निर्जन स्थलमा प्रणय जँचियो
दुर्वल क्षणको मौका छोपी
मेट्यो नरेन्द्रले तृष्णा मनको ।

यस काव्यको आठौं खण्डमा परिवर्तनशील संसारको गतिविधि माथि कविले वसन्त ऋतु ग्रीष्म ऋतु जस्ता विभिन्न प्राकृतिक परिवर्तनलाई उपमा, प्रतीक र विम्वद्वारा हाम्रा दैनिक जीवनका परिवर्तनशील क्षणहरूसित जोड़ेका छन् । यस खण्डका कविता लहरहरूको प्रसंगमा हामीलाई कविशिरोमणि लेखनाथ पौड्यालका कविता 'वसन्त बिचार'—को झस्का आउँद जसरी कवि लेखनाथले ऋतुहरुलाई मानवीकरण गरेर काव्यमा प्रस्तुत गरेका छन् त्यसरी नै कवि कटुवालले पनि 'सुधा'—को यस खण्डमा प्रकृतिको परिवर्तनशील स्वरूपलाई मानवीकरण गरेर मानव जीवनमा परिवर्तनको

महत्व एवं अपरिहार्य पक्षलाई नेपाली साहित्यका प्रकृतिप्रेमी कवि माधव घिमिरे, अगमसिंह गिरी तथा सिद्धिचरणले झैं यस काव्यमा प्रश्रय दिएका छन्:

परिवर्तनमय विश्व वाटिका
प्रत्येक वस्तुमा नित्य नवीनता
यता उता जता हेरयो सबैतिर
परिवर्तनको श्रोत जता – तता ।

ग्रीष्म आउँछ दन् दन दन्की
तप्त गराई भूतल सारा
परिवर्तनको आभूषण झैं
बग्छ निधारमा पसीना धारा ।

सुरपुर स्वर्ग झैं भूतल फेरि
परी प्रभावमा शुष्क शीतको
नाङ्गिई – बुच्चिई मरूमय हुन्छ
चक्र चल्दछ परिवर्तनको ।

काव्यको मूल कथासित असम्बद्दित जस्ता देखिने यस खण्डमा कविले परोक्षरुपमा सुधा र नरेन्द्रको प्रणय सम्बन्ध अनि त्यसको परिणामलाई काव्यात्मक तीव्रता र कथात्मक उत्कर्ष प्रदान गर्न प्राकृतिक परिवर्त्तनको माध्यमले यी युगल प्रेमीको प्रणय यात्राको अनैतिक पक्षलाई निर्देश गरेका छन् । सत्य प्रेमको अभिनय गर्ने नरेन्द्रले 'एलिफेण्ट' छाँगाको अध्याय समाप्त गरेपछि सुधाप्रति उसको सम्बन्ध, दृष्टिकोण र उत्कण्ठा के कस्तो हुन गएको छ, त्यस पक्षलाई काव्यमा उद्घाटन गर्नु र सकेसम्म संवेदनशील बनाउनु नै यस खण्डको आशय हो । यसको निम्ति कविले चुनेका छन् परिवर्तनशील समयको निष्ठुरता, जुन पक्षलाई नेपाली साहित्यका प्रसिद्ध कवि स्व. अगमसिंह गिरीले पनि आफ्नो खण्डकाव्य 'याद' (प्रकाशित सन् 1955 साल) मा यसरी व्यक्त गरेका छन् :

परिवर्तनको निर्ममताले
पलक्षणको उज्ज्वलता
लान्छ चुँडेर यौवन देखि
उसको मधुमय सुन्दरता (याद)

'सुधा' काव्यको नवौं खण्डमा कविले कथाको मूल प्रवाहसित नरेन्द्रको धूर्तपना, कायरता र निष्ठुरपनालाई सुधाको दयनीय चरित्र चित्रणद्वारा जोड्दै काव्यको कथानकलाई अघि बड़ाएका छन् । यस खण्डलाई कविले सुधाको विक्षिप्त अवस्था र नरेंद्रको कुटिल षड़यंत्रको शिकार भएकी एक असहाय नारीको रूपमा अत्यन्त कारूणिक स्थितिमा छट्पटाई रहेकी सुधाको मानसिकतालाई प्रस्तुत गरेका छन् ।

नरेंद्रको षड्यंत्रमा परेकी सुधाको विक्षिप्त मानसिकता र लाञ्छित अवस्थालाई कविले यस खण्डको प्रथम पदमा नै स्पष्ट गरेका छन् :

प्रणय हरायो परिवर्तन आयो
दैवले शिरमा बज्र खसायोः
सुधा आत्तिई रोई – कराई
छल्यो नरेन्द्रले बेसरी उसलाई ।

दशौं खण्डमा आइपुगेर मात्र कविले 'सुधा' खण्डकाव्यको प्रथम खण्डको कौतुहलता, रहस्य र नेपथ्यस्वरूप देखिन आएको संर्दभलाई खुलस्त पार्छन्; अतः प्रथम खण्डमा अनायासै पाठकसित नेपथ्यस्वरूप जम्क भेट हुन पुगेका मूल कथाको एक पक्षको संर्दभ यस दशौं खण्डमा संदर्भित हुन पुगेका छन् । यस खण्डको कथानक अनुसार नरेंद्रले सतीत्व हरण गरेर लाञ्छित तुल्याइएकी सुधा समाजको दृष्टिमा पनि कलंकिनी, चरित्रहीना बनिन पुगी, सुधा, गर्भवती भई, जसलाई हेरेर उपेक्षाको दृष्टिले जोरी पारी गललल हाँस्न थाले, वृद्धा आमा रोई रोई दिन काट्न थाली । कविले सुधाको यो अक्षम्य भूललाई 'क्षणिक भूलमा लाटी सुधाले, प्रणय जुवामा जीवन हारी' भनेर प्रणयलाई एउटा जुवा र जीवनलाई भूलसित तुलना गरेका छन् यस खण्डको सारलाई उननले प्रथम खण्डको सिलसिलासित जोड्न तेस्रो पद यसरी प्रस्तुत गेरका छन् :

त्यही प्रणयका पीर पखाल्न
सुनाकुरूङ्मा विशप तीरमाः
जीवनप्रति मोह गुमाई
सुधा आईपुगी मध्यरातमा ।

हुनपनि कविले अन्योलमा परेका पाठकहरूको भ्रम निवारणार्थ प्रथम खण्डको प्रथम लहर 'निस्तब्ध रजनी मध्य गईसक्यो, प्रेत ब्युंझने बेला भइसक्यो, तैपनि निश्चल मौन बसेकी, को होली त्यो ? केपर्खिरहेकी ?' भन्ने कौतूलहतालाई 'त्यही प्रणयको पीर पखाल्न .... सुधा आईपुगी मध्यरातमा' भन्ने कविताको कड़ीले मात्र यहाँसम्मको कथानकलाई स्पष्ट पार्न सकेका छन् । यस काव्यले यही मोड़देखि विषय वस्तुको विकास, कमलाई अघि बड़ाएको छ ।

यस काव्यको सबैभन्दा कारूणिक पक्ष भएको खण्ड एघार र बाह्र हो । सुनाकुरूङ्को प्राकृतिक चित्रणको सजीवता, रूख – पात र लहरा करूण रसका विविध पक्षको प्रस्तुतीकरणले यो खण्ड (अन्य खण्डको) तुलनामा विशिष्ट छ । कण्व ऋषिको आश्रमबाट बिदा लिएर शकुन्तला स्वामी राजा दुष्यन्तको दरबारतिर जानलाग्दा वर्षौंदेखि स्याहार गरेर राखेका फूलका रूखहरु जसरी निराश भएर शकुन्तलालाई बिदा गर्छन, ठीक त्यसरी नै सुधाको सान्निध्यमा रहेका विशप तीरका रूख – पात र लहरा – पहराहरू सम्मले सुधाको यस्तो दयनीय स्थिति बड़ो व्यग्र भएर विस्मित नेत्रले

**नियालिरहेको** क्षणलाई कवि यसरी प्रस्तुत गर्छनः

सल्लाका रूख, पहरा छहरा
थिए सुधाका परिचित सारा;
देखी सुधलाई आज सब ती
विस्मित नेत्रले हेरिरहेछन् ।

सुधा र शकुन्तलाको स्थिति एउटै भएता पनि यसमा उल्लेखनीय कुरो के छ भने शकुन्तलाको बिदामा विषाद भएता पनि हृदयमा आफ्नो पतिलाई भेट्न पाउने सन्तोष र पारिवारिक सुखको कल्पना छ, तर सुधाको मानसिकता र उदासपना त्यस्तो नभएर स्वार्थी पुरूषको निष्ठुरता र वासनाको शिकार भई संसारदेखि नै ठूलो विरक्तिको अनुभव छ यसैले उसको विदाई नै आत्महत्यामा टुंगिएको छ, जसलाई कविले प्रष्ट पारेका छन्ः

सुनाकुरूङ्मा नाची – खेली
जुन सुधाले जीवन पाई;
आज उही नै सुनाकुरूङ्मा
जीवन भार बिसाउन आई ।

आत्म हत्याको उद्देश्यशले आएकी सुधा तर सुटुक्क आत्महत्या गर्न सक्दिन, उसले जिवीत मानिसको स्नेह, प्यार र ममताबाट वञ्चित हुन परेतापनि दिशप तटमा स्थित चिर परिचित ढुंगा, खोला, लहरा जस्ता प्राकृतिक बन्धुबाट चिर विदा लिन चाहन्छ । सुधालाई दुःख र सुखमा साथ दिने प्राकृतिका यी बंधु वान्धवबाट पाएको बिदालाई सुधा वास्तविक विदा र सहानुभूति ठान्छे । विपनाका कटु यथार्थबाट लाञ्छित हुन परेकी सुधा लाई भावना र कल्पनाको दुनियाँ प्रिय लाग्छ, भावना र कल्पनाका बन्धु बान्धव छाँगा – छहरा र रूख पात आत्मीय, निस्वार्थी र हितैषीं लाग्छ । बाँच्ने गोह हराएर लाञ्छना पीड़ा र वेदनाको चरम सीमामा पुगेकी सुधाको विचलित अवस्था यहाँ यसरी प्रकट हुन गएको छः

हे तरूवर, ढुङ्गा खोला ।
देउ बिदा अब वान्धव सारा !!
मेरो विदाको यस मुर्हूतमा
नबगाऊ बादल अश्रुधारा !!!

नहेर त्यसरी पर्वत पहरा !
छाती चिरिन्छ सम्झी अतीतः
बिर्स ! सुधालाई बिन्ती छ लाखौ
मृत्युमै अब छ उसको हित ।

भयो नरोऊ विडन नारी
देऊ ! मलाई बिदा म जान्छु;

बन्धु पियारा ! विदा – बिदा अब
सम्झना सबको संगमा लान्छु ।
म दु:खीको प्रार्थना सबमा
क्षमा गरिदिए भूल केही भए !
गएँ गएँ लौ ! बिदा सबै सँग
आउँदो प्रभातसँग बिदा भनिदिए !!

बाह्रौं खण्डको करूणरस प्लावित यस काव्याभिव्यक्ति नै सुधाको आत्मविभव्यक्तिको अक्षररूप हो, जसबाट हामी प्रत्यक्षरूपमा सुधाभित्रको निराशा, कुण्ठा र लाञ्छनाको तीव्र ज्वाला आत्महत्याको चरम सीमामा पुगेर शान्त हुन चाहेको अनुभव गर्छौं । भावना, कल्पना र पीड़ाको चरम उत्कर्षमा पुगे पछि प्रकृतिका यावत वस्तुपनि विचार विनिमयको रूपमा प्रतिष्टापित हुनजानु कुनै अस्वाभाविक कुरो होइन, जसलाई साहित्य शास्त्रमा 'साधारणीकरण' भनिन्छ भने सोही अवस्थामा पुगेकी सुधाको निम्ति रसनिष्पत्ति अथवा साधारणीकरण व्यापार पद्धतिले सुधाको मानसिकतालाई अझ विराट रूपमा काव्यको तेह्रौं खण्डमा कविले एउटा निष्कर्ष तिर निर्देश गरेका छन् ।

'सुधा' खण्डकाव्यको तेह्रौं खण्ड नायिका सुधाको चारित्रिक विशेषताले लाञ्छनाको चरम उत्कर्ष प्राप्त गरिसके पछि पनि बाँच्नुको मोहले, चुनौतिको उत्साहले, प्रतिशोधको जिजिविषाले जीवनबोधको सूक्ष्म दर्शन निरीक्षण गर्दै दिशाबोध प्राप्त गर्नुको उल्लेखनीय परिच्छेद हो । उन्नाइसौं शताब्दीको फ्रांसेली कवि थोमस हार्डीले 'डार्कलिङ. थ्रस' – को गीत सुनेपछि फेरि उत्साहित भएर नयाँ जीवनबोधको भावना संचार भए झैं, अथवा कुरूक्षेत्रमा, श्रीकृष्णबाट गीता – वाणी सुनिसकेपछि हतोत्साह भएका अर्जुनले पुनः गाण्डीव धनु धारण गरेर युद्धरत भए झैं सुधाले पनि मानव जीवनको महत्व, आकांक्षा र परिवर्तनको चकलाई मानिसले नै कसरी नियंत्रणमा राखेको हुन्द भन्ने रहस्यलाई विशपको मुखबाट सुन्द:

विशप बोल्यो सुनी सुधाको
द्रवित मनको आर्त्त पुकार
'जीवन एक खेलाँची होइन,
सुधा तँ व्यर्थै फेरि नहार !'

सुनाकुरूङस्थित विशप छाँगोलाई मानवीकरण गरेर कविले रूखभित्र लेखनाथ पौडयालले तरूण तपसी देखे झैं आफ्नै जीवनको कटु अनुभवलाई आदर्शको रूपमा ग्रहणगरी सोही अनुरूप बाँच्नदेखि नडराउने, हताश नहुने उदाहरण विशपले सुधालाई प्रस्तुत गर्छन् । जीवनमा धैर्य्यको असीम महत्व, दु:ख र सुखलाई जीवनमा समान रूपले ग्रहण गर्ने, ग्रहणशील प्रवृत्ति जस्ता आदर्श गुणहरूको वास्तविकता विशपले सुधालाई बड़ो प्रभावशाली काव्य लहरमा यसरी राख्दै जान्छ:

पर्खी पर्खी सुधा ! यस जगत्मा
सुख दुःख नै जीवन हाम्रो;
उदय अस्त छ रविको शशीको
दुःखमा विचलित हुनु नराम्रो ।
आज माघको परी प्रकोपमा
दुःखी छु मपनि, प्रायः शुष्क छु;
कहाँ वर्षाको गर्जन नर्तन
तै पनि आज म बगिरहेछु ।
एक भूलगा भूल नथप सुधा !
छोड़िदे मृत्युको कामना तैंले
बाँच सुधा ! यो जीवन फेरि
पाँइदैन कहिल्यै ! पाँइदैन कहिल्यै !!
बाँच सुधा ! तँ बाँच्नैपर्छ !!
नबगा ! नबगा !! अश्रुधारा ;
बाँची – मृत्युलाई जिती कीर्तिले
मेटि दे ! जगमा भ्रांतिको पारा !

जीवनको मूल्य, महत्व, आदर्श र उदाहरण यसरी व्यापकरूपमा सुधाले गुरू तुल्य छांगो विशपबाट सुनिसके पछि नरेन्द्रको पाशविक क्रूरताले मरूभूमि बनाइसकेको सुधाको हृदयमा जीवनको मोह टुसाउँछ, बाँच्नुको आकांक्षाले जरा गाड्छ, उसको निर्णयमा परिवर्तन आउँछ, आत्म हत्याको निर्णयदेखि आत्म शोधन, आत्म विश्लेषण गर्दै, आफ्ना भूलप्रति प्रायश्चित गर्दै भविष्यमा जीवनलाई सठीक दिशामा लैजान उनी कटिबद्ध बन्छन । आत्ममिमांशाको चिन्तन पद्धतिद्वारा मात्र मानिसले स्वयंलाई विवेकको आँखाले चिन्नसक्छ भन्ने कथनलाई सुधाको जीवनमा चरितार्थ भएको पाइन्छ ।

काव्यको चौधौं खण्डमा विशप वाणीको प्रभावले सुधाको हृदयमा आएको जीवनवादी परिवर्तनको चित्र उपस्थित छ । निराशा, षड्यंत्र र हीन भावनाको अंधकारमा लर्खराइरहेकी सुधालाई विशप वाणी सूर्य तुल्य भएर उदाउँछ, नव जीवनको स्वरूप उसको आँखमा आउँद्द अनि सुखमय सपनाको कल्पनामा सुधाले जीवनको वास्तविकता बुझी, यसैले आत्म यंत्रणाको निर्णयदेखि उसले आत्म मीमांशाको निणंय लिएर जीवनको नौलो मोड़मा स्वयंलाई ल्याई ।

यस खण्डकाव्यको पन्द्रौं खण्ड अन्तिम खण्ड मात्र नभएर नायिका सुधाको जीवनमा आएको नौलो र सृजनशील मोड़पनि भएको छ । बलेको आगो मात्र ताप्ने संसारलाई अब सुधाले चुनौतिपूर्ण स्वरमा 'भ्रष्टाचारिणी, कुलबिनाशिनी पापिनी भनोस?' तर 'म बाँच्दछु ! म बाँच्दछु !!! भन्दै आफ्नो स्वभिमानको, मौलिक अधिकारको

दाबी गर्ने भई । त्यस्तौ कलंकित अनि चरित्रहीना भएर पनि समाजको सामु उसको अस्तित्वको के महत्व छ भन्ने प्रश्नको उत्तरमा कविले सुधा झैं सरल नायिकालाई अब यस्तो प्रकारले गर्जन बाध्य गराई :

म बाँच्दछु
म माँच्दछु
विषालु दाँत सर्पका
नरेन्द्र झैं पुरूषका
जो हिंड्दछन छली
अबोध सरल निष्कपट
नारीलाई ।
म बाँच्दछु ! म बाँच्दछु !! म बाँच्दछु !!!

बाँच्नुको लक्ष्य यसरी स्पष्टरूपमा घोषणा गरीसके पछि उसलाई अब बाँच्नुको विरोधमा जस्तै अपठ्यारो परिस्थिति आइलागे पनि जीवनको सिद्धान्त पूर्णतः निर्णय गरी अघि बड्न थाली । मध्यरातमा विशप तीरमा आत्म हत्याको विचारले आएकी सुधाले अब विशप वाणीको मंत्रले नव जीवन प्राप्त गरी; यसवेलासम्म मध्यरात नाघेर विहान हुन लागेको थियो, जसको परोक्ष संकेत वा लाक्षणिकता सुधाको जीवनमा रात जस्तै घोर अज्ञानता, जीवन प्रतिको अर्थहीनता घोलिएर चारैतिर व्याप्त थियो भने विशप वाणीको मंत्रलाई सुर्योदयको प्रकाशसित तुलना गर्नु अनि सूर्यकिरण जीवनको, आबादीको प्रतीक भई काव्यमा प्रतिबिम्बित हुनु 'सुधा' खण्डकाव्यको पन्ध्रौं खण्डको विशेषता रहेको छ । यसबाहेक कविले 'प्राक्कथन – मा 'नेपाली जीवन सम्बन्धी यो सानो खण्डकाव्यमा त्यसको केही झलक दिने चेष्टा' गरेको भए तापनि कथात्मक संरचनाको दृष्टिले नारी पात्रा सुधालाई प्रतिनिधि स्वरूप प्रस्तुत गरेर कवि स्वयंले नारी स्वतंत्रताको मौलिक अधिकारको स्वतंत्र दाबी यस काव्यमा गरेका संकेत यस खण्डमा प्रत्यक्ष एवं अन्य खण्डमा परोक्ष रूपमा परिलक्षित छन् । काव्यात्मक संप्रेषणीयताको दृष्टिले यस खण्डकाव्यको शिल्प पक्ष वा भाषा शैली समकालिन नेपाली काव्य धाराको मूल स्त्रोतबाट छुट्टै छैन भन्न सकिन्छ । अन्त्यानुप्रास, यमक र श्लेष जस्ता अंलकारको प्रयोगमा कविको नितान्त मौलिकता छ । अन्त्यानुप्रास सिद्धिचरणको 'उर्वसी' (सन् 1960 साल) मा झैं जहीं तहीं टम्म नमिलेका भएता पनि श्रुति माधुर्य्य र काव्यको तीक्ष्ण संप्रेषणीयतामा कुनै आघात पुरयाउँदैन । कहीं कहीं भाषा धेरै लाक्षणिक हुन गएकोले काव्य मर्मज्ञहरू बाहेक सामान्य पाठकहरू कविको आग्रहदेखि असमञ्जसमा पर्छन् । उदाहरणतः प्रथम खण्डका तेस्रो र पाँचौं पदको भावार्थ कवितामा परोक्ष भएर वसेका छन्, अन्त्यानुप्रासकोश्रुति माधुर्य्यदेखि पनि यी पद् स्वतंत्र छन् । काव्यको ओज प्रखर नभएतापनि उज्याला छन् जसको उत्तरवर्ती आलोकमा उनका अन्य काव्य कृति

नेपाली साहित्य जगतमा धेरै चहकिला देखिएका छन् । कटुवाल भुइँफुट्टा कवि होइनन्, यसैले यस काव्यमा पनि उनका अग्रज तथा समकालिन नेपाली कविहरुको काव्यात्मक परिपाटीका आभासहरु यदा कदा पाइहाल्छौं । एकाध समयदेखि असमबाट नेपाली कविता साहित्यलाई योगदान पुरयाई रहनु हुने कवि पुष्पलाल उपाध्याय, तुलसी अपतन अंगमसिंह गिरी, भूपि शेरचन, सिद्धिचरण र माधव घिमिरे कटुवालका यस काव्यमा भुल्याक — झुलुक देखा पर्छन भने यहाँ उल्लेखित कविहरूका कुनै कुनै काव्य कृतिमा पनि त्यसरी नै कटुवाल देखा पर्छन; तर पनि 'सुधा' को सन्दर्भमा भन्नुपर्दा सन् 1964 सालतिर प्रकाशित यस खण्डकाव्यको माध्यमले नेपाली साहित्यमा जुन सामाजिक चेतना र कविताको परिपाटीले प्रवेश गर्‍यो, त्यो एउटा नयाँ दिशाबोध थियो, समसामायिक नेपाली खण्डकाव्यको परम्परामा 'सुधा' को आफ्नै विशिष्टता थियो ।

# 4

# 'यो जिन्दगी खै के जिन्दगी' – भित्रका केही कविता–एक अध्ययन

नेपाली साहित्यको कविता क्षेत्रमा ठूलो तहल्का मच्चाउने कटुवालका प्रकाशित कृतिमद्दे 'यो जिन्दगी खै के जिन्दगी' उल्लेखनीय कविता संग्रह हो जसको प्रकाशन सन 1972 सालमा भएको हो। प्रकाशनको हिसाबले यो उनको जीवनकालको अंतिम कविता संग्रह हो, प्रवृतिको दृष्टिकोणबाट उनको कविता यात्राको चरम उत्कर्ष पनि यही संकलनमा देख्न पाइएको छ। साना ठूला गरीकन यस संकलनभित्र जम्मा एकसट्टी वटा कविता भएता पनि शैली र स्वरूपको सूक्ष्म निरीक्षण गर्दा यसमा संकलित सम्पूर्ण कवितालाई कविताकै परिभाषा र सम्बोधनले पैल्याउनु निक्कै गाह्रो पर्छ। शैली र स्वरूपको दृष्टिकोणबाट नियाल्दा त धेर जसो कवितालाई मुक्त कथ्य वा गीति व्यंग्य भन्नु नै उपयुक्त देखिन्छ। यस संग्रहमा संकलित कविताहरूको विषयमा कविले 'आफ्नो कुरा' अंतर्गत आफ्नो धारणा यसरी प्रकट गरेका छन 'म पुरानो परिपाटीबाट सम्पुर्ण मुक्त छैन र आउँदो पिढ़ी माथिपनि दह्रो आस्था राख्दछु।' कविको यही धारणालाई राम्ररी नियाल्दा नेपाली कविताको शायद लेखनाथ देखि देवकोटासम्मको युगलाई 'पुरानो परिपाटी' भनेर सम्बोधन गर्दै देवकोटा पछिको नेपाली कविताको परिपाटीलाई 'दह्रो आस्था' राख्ने युग भनेर सम्बोधन गरेको ऐतिहासिक सत्यलाई नकार्न सकिन्न।

स्वतंत्र छन्दमा लेखिएका उनका यी कविताहरूमा प्रायसः गीति तत्वको प्राच्चयुर्य्य स्पष्ट परिलक्षित छन्। शब्द सन्धान र वाक्य गठनको दृष्टिले रोमाण्टिक कविता जस्ता लाग्ने यस संकलन भित्रका अनेक कविता तर रोमाण्टिक काव्य परम्पराबाट पलायन भई रोमाण्टिक कविता प्रवृत्तिको अनिवार्य वैशिष्टय प्रकृतिपूजा र प्रणयरागको लोलुपतापूर्ण वर्णनको सट्टा यस्ता भावना, कल्पनाहरूको सानिध्यबाट जन्मेको व्यंग्यकार प्रवृत्ति उनको कवितामा सूक्ष्म प्रकारले रहि आएको छ, जसले उनलाई देवकोटाको रोमाण्टिक प्रवृत्तिबाट छुट्टै राखेको पाइन्छ। देवकोटेली रोमाण्टिक प्रवृत्तिबाट अझ अघिबढ्ेर उनी अझ नवीनतम काव्य क्षितिजकोउद्‌घाट्न गर्नआउँदो पिढ़ीमाथि पनि दह्रो आस्था राखेको पाइन्छ। यसबाहेक पनि यस संग्रहको अर्को विशेषता

अझ के छ भने नेपाली कवितालाई संप्रेषण संकटको संघारबाट तानेर लोक प्रियताको राजमार्गमा गतिशील अभियान र दायित्व प्रदान गर्न कटुवालको यस काव्य कृतिको उल्लेखनीय योगदान रहेको छ ।

हुनत नेपाली कविता साहित्यको क्षेत्रमा कवि हरिभक्त कटुवाल अघिपनि यस्ता स—साना, चुटकिला कविता, मुक्तक, टुक्रे कविता इत्यादिको प्रयोग नभएका भने होइनन्, सम्बन्धित विधा र क्षेत्रमा कटुवालकै समकालिन, भूपि शेरचन, रत्न थापा, मोहन हिमांशु थापा, प्रेम शेर्पा विरोकी, वैरागी काइँला जस्ता कविहरूले पनि केही योगदान त गरेकै छन्, तर उनीहरूबाट भन्दा गतिशील रूपमा कटुवालको लेखनीबाट यस विधा र क्षेत्रले व्यापक प्रचार र प्रसार प्राप्त गरयो । कतिसम्म यसको प्रभाव नेपाली साहित्यमा पर्नगयो भने लघु पत्रिकाको प्रकाशन, लेखन, प्रसारणले नेपाल गान्तोक, दार्जीलिंग, असमसम्म पनि अछूत रहन सकेन, जसको श्रेयः धेरैमात्रामा कटुवालको मुक्तक लेखन प्रवृतिलाई दिन सकिन्छ । यही सन्दर्भमा मुक्तक लेखन विधालाई प्रोत्साहन स्वरूप दार्जीलिंगबाट प्रकाशित पत्रिका गोजिका 'युवा' 'हाम्रो सानो पत्रिका' असमको विन्दु प्रकाशनबाट प्रकाशित गोजिका 'परेली' सिक्किमबाट प्रकाशित 'आहत' नेपालबाट प्रकाशित 'बान्की' आँखीभम्याल 'दुबो' पूर्वाद्ध विशेष उल्लेखनीय छन् । कटुवालबाट आरम्भ भएको गोजिका प्रकाशन अभियानले (सन् 1970) यसरी विभिन्न ठाउँमा विभिन्न रूपले लोकप्रियता प्राप्त गरेको थियो ।

यहाँ विवेच्य पुस्तक 'यो जिन्दगी खै के जिन्दगी' भित्रका केही उल्लेखनीय कवितामाथि चर्चा गरिनेछ । आकारका हिसाबले तीन लहर देखि छ्यासी लहर सम्मका कविता यस संकलनमा समावेश छन् अनि यी कविताहरूको रचना विभिन्न परिस्थिति र वातावरण अनुरूप भएका हुन भन्ने प्रमाण यही पुस्तक भित्रका 'हामीलाई निर्धो नसम्झ' 'कसरी भनूँ म बाँचे' 'रातको घेरामा एक्लै म' 'खै मान्यता यहाँ आत्माहुतिको बलिदानको ?' जस्ता कविताहरूको अध्ययनले स्पष्ट पार्छन । अध्ययनको कममा उनका एकसट्टीवटा कवितमा जम्मै सफल कविता भने होइनन, त्यसमा पनि कति कविता त केवल संख्याको हिसाबले मात्र कविता बनाइका छन् । भाषाको खिरिलोपन, बिम्बहरूको सरल प्रयोग,उपमा र उपमेयहरूको सामान्यीकरण भने उनका प्रायः जम्मै कवितामा प्रयुक्त छन् यी सबैलाई उछिनेर विशिष्टरूपले कविताका प्रत्येक पंक्तिमै स्वतः निःसृत भएर देखापर्ने उनको थप वैशिष्टय हो व्यंग्यको चमत्कारी मिश्रण । जापानी कवितामा प्रयुक्त हाइकु शैलीका कविताको झस्का दिने कवि कटुवालका लघु कविता नै उनको यस संकलनमा सर्वोपरि छन् । यस ढाँचाका केही कविता –

दुई ओंठको हाँसोलाई मैले मेरो भने
त्यसमा पनि त तिमी सुस्केरा बनेर बसिदियौ !
दुई आँखाको सपनालाई मैले आफ्नो सम्झे

त्यसमा पनि तिमी आँसू बनेर छल्किदियो (केही छैन)

× × × × × × × × × ×

सस्तो माया पाई पल्लाप्पिएकी युवती
उर्वसी, मेनका र रम्भा हुँदा हुँदै
कुन्ती बत्र कति बेर लाउँदिन (सस्तो माया)

× × × × × × × × × ×

कति भन्छु म मेरै आँखाले मात्र संसार नहेरूँ
नछेकूँ कसैको बाटो सामु तेर्सिएर
तर अनायास तेर्सिन पुग्छु कतिको बीच बाटामा
जब दरेछु मन्दिरमा चढ्ने फूल झर्न खोज्छ रछयानमा (नैतिकता)

यहाँ उल्लेखित कवितामा प्रणय रागको आभास हामीलाई बोध हुन्छ, अनि प्रणय रागमा आधारित जस्ता लाग्ने यी कवितालाई तर रोमाण्टिक कविताको परिभाषाभित्र भने राख्न सकिंदैन, तरैपनि उनका प्रणय रागका केही कविता व्यंग्यमिश्रित अनि मर्मस्पर्शी छन् । यी तीन कवितामा प्रयोगित बिम्बहरूले प्रतीकात्मक अर्थ नराखेर अपेक्षित सत्यको उद्घाटन सोझो ढंगमा गर्छन, जसलेगर्दा पाठकलाई कविताको रस्वास्वादनले अभिभूत पार्छ । समालोचक अभि सुवेदी कटुवालको कविताबारे आफ्नो बिचार लेख्छन् 'परम्पराबोध वा आफू भित्रको परम्परा र आफ्नो संस्कृतिको भारले थिचिएको बोध आधुनिक कविको आत्मबोध हो। यी हरपहरूमा व्यक्तिको क्षय छ र त्यो गम्भीर छ । कटुवालका आत्मबोधी कविताहरू गीतात्मक र पिञ्चे छन् तर तिनमा पनि आधुनिक कवितामा पाइने व्यंग्य समावेश हुन्छ ।' (हरिभक्त कटुवालको गीति व्यंग्य मधुपर्क 8–5)

आधुनिक कविताको प्रवृत्ति अन्तर्गत व्यंग्य पनि एउटा विशेष लक्षण मानिएको कारणले र कवि कटुवालका अधिकतर कवितामा यो लक्षण टड्कारो रूपमा देखिन आएको छ । व्यंग्यको त्रिम्बले विशेष प्रतीकात्मक अर्थ वहन नगरी पाठकलाई सोझै सरलरूपमा प्रभावकारी ढंगले छुनसकेको छ –

फुल्नु त बेसै हो फुल्नु पर्छ
काँड़ामा गुलाफ भई फुल्नु पर्छ
हिलोमा कमल भई फुल्नु पर्छ
कसैले भरेको हावामा
बेलुन झैं नफुलेर
भीरमा पनि गुराँस भएर फुल्न पर्छ । (साथीलाई)
कतै, जुवाड़ेले कौडी खेलाउँदै हेरेको एउटा छुक जस्तो
कतै भर्खर वसन्तले छोड़ेर गएको उदास रूख जस्तो

**यस्तो लागिरहेछ आफैलाई यो जीवन**
अन्तिम पातो पनि च्यातेपछिको एउटा ठुटो चके बुक जस्तो (यो जीवन)

यी दुई कवितामा प्रयुक्त उनका सरल बोधगम्य बिम्बहरू बेलुन, गुराँस, उदास रूख र ठुटो चेक बुकहरूले हामीलाई व्यंग्यको घनत्वतिर सजिलै आकृष्ट गर्छ, चित्रात्मक भावभूमि प्रदान गर्छ अनि जीवनका विसंगति, कुण्ठा, अनास्था र विवशतालाई अति नजीकबाट प्रस्तुत गर्छ। हामीलाई यी व्यंग्यका टुक्राहरूले हृदयमा स्पर्श गर्छन, हामी यस्ता चुट्किला व्यंग्यप्रति मोहित हुन्छौं, अप्रकटित रुपमा गुम्सिरहेका अभिव्यक्तिलाई व्यंग्यका माध्यमले यसरी प्रस्तुत गर्दा ठूलो र गंभीर कविताको गर्ज टारेका अनुभव गर्छौं। यही हार्दिक अनुभूतिको उपलब्धि नै यस्ता व्यंग्य प्रधान मुक्तक कविताको सफलता पनि हो।

कुनै पनि कवि वा लेखकको भावभूमिमा समकालिन राजनैतिक गति विधि तथा देशको भित्री वा बाहिरी राजनैतिक परिवर्तन, सीमा युद्ध, शिखर वार्ता जस्ता विषय वस्तुले पनि ठूलो भूमिका खेलेको हुन्छ। स्रष्टाभित्र सल्वलाई रहेको चोखो देशभक्ति साथै स्वदेश प्रेमको अभिव्यक्तिले यस्तै परिस्थितिमा चरम उत्कर्ष प्राप्त गर्छ। कवि कटुवालपनि यस तथ्यबाट पन्छिन नसकेको झलक सन् 1965 सालको भारत पाक युद्धमाँ शहीद हुने गोर्खाली सैनिकहरूको नाउँमा रचित यस कविताबाट हामी पाउन सक्छौं :

**यो देशको माटोले भन्छ**
**यो देशको ढुंगाले भन्छ**
हाम्रो पनि **रातो रगत यहीं** बगेको छ

हाम्रो **पनि तातो** पसिना यहीं खसेको छ
देशको लागि मरेको घाम जून अझै साक्षी छ
हामीले के पो गरेनौं के गर्न अझै बाँकी छ ?
(हामीलाई निर्धो नसम्झ !)

देशको रक्षार्थ युद्धमा वलि हुने गोर्खाली सैनिकको त्यागलाई यति संवदेनशील भाषामा रचित यस कविता एउटा समाधि लेख भन्दा कदापि निम्छरो छैन्। देश देश भन्दै शेष हुने गोर्खाली सैनिककी पत्नीको वेदनाले कविलाई अझ संवेदनशील तुल्याउँछ, सन् 1965 सालकै धावाले विधवा तुल्य भएकी सैनिककी पत्नीलाई सन् 1971 सालको अर्कोधावाको समाचारले अझ विचलित पार्छ। देश रक्षाको निम्ति हजारौं सिउँदो उजाड़ बनाई, अगणित बालक — बालिकालाई टुहुरा — टुहुरी बनाई आफ्नो शिरको बलिदान मातृभूमिको चरणमा गौरवपूर्वक समर्पण गरिदिने वीर गोर्खाली सैनिकलाई जब राष्ट्रले शंकाको दृष्टिले नियाल्छ, उसले बोल्ने भाषालाई राष्ट्रीय मर्यादा नदिएर जब राष्ट्रीय सुरक्षाको दृष्टिकोणले हेर्न थाल्छ। त्यसबेला तीअबोध नारीलाई पनि देशले उसलाई

नबुझेको लाग्छ । देशको निम्ति आफ्ना पतिको बलिदान, पुत्रको उत्सर्ग साँच्चै महत्वहीन लाग्छ, उसलाई देशप्रति घृणा लाग्छ देशभक्तिमा ठेस लाग्छ । तर जतिकै ठेस लागेपनि, जतिकै घृणा लागेपनि उसको विकल्प छैन, तर विवशता छ उसले पतिलाई युद्धमा पठउनै पर्ने, पुत्रलाई युद्धको अग्निमा होमिनु पठाउनै पर्ने । यसैले उसको विवशता सीमाहीन छ, आस्था अर्थहीन छ । उसको वेदना अप्रकट छ, पति र पुत्रको जीवन देशको रक्षार्थ युद्धको वेदीमा चढाउँदा पनि देशले उसलाई लाञ्छना लगाउँछ, उसको देशभक्तिलाई शंकाको दृष्टिले हेरिन्छ । कवि कटुवाल यसैले समस्याको त्रिकोणमा बन्द रहनु परेकी एक अबलाको अप्रकट वेदनालाई आत्मसात गरेर 'युद्ध' अथवा 'धावा' ले यस्तै एक अबलाको मानसिकता (1971) सालमा पाक — भारत युद्धमा विधवा भएका नेपाली युवतीहरूको नाउँमा रचित कविता) 'अरू कसैको वेदना आत्मसात गरेर, शीर्षक कवितामा प्रतिबिम्बित पार्नु हुन्छः

कतै फेरि धावा चल्यो भन्ने सुन्छु
धेरै भयो सम्चार नआएको उनको
कतै त्यही धावामा पो परे कि ?
अचेल सपना पनि डरलाग्दा देख्छु
संघारमा श्याल आएर रुन्छ
अर्कैको धावामा पर्नका लागि
यहाँ छोरा कसैले नपाए हुन्छ ।

युद्धले विधवा बनाइएका नेपाली युवतीहरूको वेदनामा आत्मसात भएर उनीहरूका विदग्ध हृदयका असीम वेदनालाई कवितामा यसरी प्रतिबिम्बित पार्ने कवि कटुवालका हृदयमा देशभक्तिको माया अगाध थियो । 'आव्हान' 'बन्दना' जस्ता गीतहरूमा कवि कटुवालको देश प्रेम र जातीय प्रेमको भावना व्यक्त हुन सकेको छ भनेर भीमकान्त उपाध्यायले 'कटुवाल स्मृति ग्रंथ' (1981) मा उल्लेख गरेका छन् जसलाई अतिशयोक्ति मात्र माथिका कारणले सकिँदैन ।

न्यानोपनको खोजी, आत्मीयतताको न्यानोपन कटुवालका कवितामा घरि घरि तीक्ष्ण अभाव भएर खट्किरहने एउटा कड़ी हो, उनको कविभित्रको एउटा पीड़ा हो । आत्मीयपनको अभावमा कविलाई मानिस मात्रको संसार अर्थहीन र शून्य लाग्छ, हार्दिकताविहीन केवल औपचारिकता कविलाई निस्सासिएको अनुभव हुन्छ, आडम्बरी शब्द जाल र मशीनीकरण मात्र लाग्छ । उनलाई पीर रूनको निम्ति एउटा आत्मीयताले भरेको, हार्दिकताले भिजेको काखको आवश्यकता छ, जसको न्युनता, जसको अभावबोध कविको हृदयमा यसरी ठेस लाग्छ —

मुख लुकाई पीर रून एउटा न्यानो काख छैन
यति धेरै मानिस छन् आफ्नो कोही साख छैन् ।

***

**हिंड्दा हिंड्दै कहिले काहिं** बाटो आफै हराइ
**हाँस्न खोज्दा** मुटुको घाउ कता कता चहराइदिन्छ
गहमरि आँसु त छ पुछिदिने हात छैन
यति धेरै मानिस छन् (आफ्नो कोही साख छैन्)
(आफ्नो कोही साख छैन् )

कवि कटुवालका कवितामा गीति काव्यको प्राचुर्य्य पाउने समालोचक डा. हरिराज भट्टराई 'गीतिकवि हरिभक्त कटुवाल' शीर्षक लेखमा कटुवालका गीतमा पाइने तत्वलाई यसरी विभाजन गर्छन् :

1 सौन्दर्य
2 मानवता
3 प्रेमको अभ्यर्थना
4 न्यानोपनको खोजी
5 आँसु
6 पीड़ा (प्रस्तावित कटुवाल विशेषाङ्क 'भानु' बाट साभार )

डाक्टर भट्टराइको उक्त विभाजनलाई गौण रूपमा नियालेर हेर्दा हामी कटुवालका काव्यमा मूलरूपले प्रतिबिम्बित यिनै प्रवृत्तिहरू सल्बलाइरहेको पाउँछौं । हरिभक्त कटुवालको कविलाई रोमाण्टिक वा अन्य विशेषणले सम्बोधन गर्नुभन्दा उपयुक्त 'गीति कवि' विशेषणको सम्बोधन धेरै नजीक र औचित्यको सीमाभित्र पर्छ । कटुवालका काव्य प्रणयनको अक्षुण्ण विशेषता नै उनका कवितामा पाइने गेयात्मकता, लयात्मकता र गीतको तीक्ष्ण संवेदनशीलता हुनाले 'गीतिकवि' को ओभानो स्थानमा उनी निर्विवाद रूपले स्थापित छन् । यसबाहेक रचना शिल्पको दृष्टिले पनि पनि उनका कविता कविताकै निम्ति नभएर गीतको तत्व र महत्व बहन गर्न प्रस्तुत गरिए जस्ता छन् । जसले पाठकलाई कविताको आनन्द कम र गीतको आनन्द धेर प्रदान गरेका छन् ! उनका यस्तै चुटकिला गेयात्मक व्यंग्य र गीतको कोमलताद्वारा भिजेका हार्दिक अनुभूति नै 'यो जिन्दगी खै के जिन्दगी' भित्र पाइने एउटा विशेष उपलब्धि हो पाठकको निम्ति, अनि यही उपलब्धि कविको सफलता हो । सौन्दर्यका उपासक, मानवताका समर्थक, प्रेमको अभ्यर्थना गर्दै न्यानोपनको खोजीमा भट्किहिंडने कवि कटुवालका काव्य रचना स्रोतको प्रेरणा आँसु र पीड़ाको संगम हुनाले उनको विवेचित कविता संग्रहमा पाइने विशेषता र कारक तत्वको विश्लेषण गर्नु पर्दा उनका कवितामा परिलक्षित यिनै सूक्ष्म प्रवृतिहरू तानतुन गर्दै नियाल्दा मात्र उनको सिंगो कविलाई चित्र सक्छौं ।

5

# कटुवालका कथारू

कविको रूपमा परिचित एवं प्रतिष्ठित भएता पनि हरिभक्त कटुवालले केही सामाजिक कथाहरू लेखेका छन् । कति कथा आकारले लघुकथा को परिभाषासित धेरथोर मेल खाएता पनि कथागत प्रवृत्तिको आधारमा भने उनका प्रायः जम्मै कथा नै व्यंग्यप्रधान परिपाटीका देखिछन् । उनका कविता जस्तै कथाहरू पनि चुटकिला, बान्किला एवं प्रस्तुतीकरणको दृष्टिबाट अत्याधुनिक भन्न नमिले तापनि सोही, आग्रहका, छरितो कथा लेखन प्रविधि हरिभक्त कटुवालका कथा लेखनका विशेषता हो । कथा लेखनीको, क्रममा उनले ऐतिहासिक कथादेखि लिएर लघु कथासम्म लेखे, यहां तर उनका प्रकाशित कथा यात्राको विषयमा मात्र प्रकाश गर्न उचित छ । प्रकाशनको हिसाबले हेर्दा संयुक्त लेखकको रूपमा ऐतिहासिक कथा संग्रह सन् 1963 सालममा प्रकाशित भएको तथ्य कटुवाल स्मृति ग्रंथमा (सन् 1981 ) उल्लेख गारिएको छ, तर सो पुस्तक नपाइञ्जेलसम्म त्यस विषय कुने ठोस मत प्रतिपादन गर्न सकिंदैन । कटुवाललाई केवल ऐतिहासिक कथा लेखकको रूपमा दर्ता गर्ने धृष्टता मात्र यो पुस्तकको नाम र प्रकाशन मिति उल्लेख गर्नुको आशय हो । यसबाहेक यो पुस्तक उनको स्वतंत्र र मौलिक कथा संग्रह नभएको हुनाले बरू सन् 1973 सालमा प्रकाशित उनका आठवटा मौलिक कथाको स्वतंत्र संग्रह 'स्पष्टीकरण' नामले प्रकाशित भएको छ । यस संग्रहभित्रका जम्मा कथाका शीर्षक यस प्रकार छन् : मनु दिदी, सन्तुंले छकाई, शङ्का, नरमाया, सूर्यमुखी, हत्या, मनः स्थिति र स्पष्टीकरण । तर यही पुस्तको 'मेरो भन्नु' नामक वक्तव्यमा दुई दर्जनजति कथा लेखिएका तथ्य प्रकाश गरेका छन् । कथा लेखन क्षेत्रलाई एउटा रहर मात्र मान्ने कटुवाल लेख्छन् – कथा एउटा रहरमात्र हो मेरो लागि । नलेखेको भए पनि हुन्थ्यो । तर केले कुत्कुताएर हो यो बाह्र तेह्र वर्ष भित्र दुई दर्जनजति कथा लेखिएछन् । तिनमा पनि बाह्रवटा कथाको पाण्डुलिपि एकजना मैलेवरिष्ठ ठनेका कथाकार कहाँ भूमिका लेखिमागेर पठाएको थिएँ छः सात वर्ष अधि फर्केन । उस्तो पीर मानिंन । उनका ती बाह्र कथा संग्रह कुनचाहिँ वरिष्ठ ठानिएका कथाकार कहाँ होला – खोजीको विषय भएको छ, तर आजसम्म मुद्रित रूपले पाठक समक्ष आएका उनका अन्य कथाहरू (जुन

स्पष्टीकरण मा समावेश छैनन्) यस प्रकार छन् 'चिनी' (मधुपर्क वर्ष 16 संख्यफा 7 मा प्रकाशित) 'सोल्टी' (दियालो हाँगो 13 मा प्रकाशित ) 'बाबु; दान, तृप्ति र, चपरी र टपरी (यी चार कथा स्मृति ग्रंथमा प्रकाशित छन् । ) गणनाको हिसाबले कटुवालद्वारा लिखित जम्मा चौदह कथा नेपाली साहित्यलाई प्राप्त छ, गरिमाको दृष्टिले यी चौदह कथामद्धे पनि नरमाया, चिनी मनु दिदी र सोल्टी जस्ता सामाजिक कथाले नेपाली साहित्यका साविक कथाकै स्तर निर्वाह गरेका छन् । 'चिनी' कथाले निम्नमध्यवर्गीय परिवारको आर्थिक अवस्था र त्यसको जटिलताले एकजना बालक नवीनलाई कुन हदसम्म प्रभावित पारेको छ त्यसको बाल मनोवैज्ञानिक विश्लेषण नवीन र उसको बाबुमाझ भएको वार्तालापको क्रमबाट बड़ो स्पष्टरुपमा कथाकारले हाम्रो सामु राखेका छन् । चिनीको महंगाइले बालक नवीनले गुँदपाक खान नपाउनु बाबुले तलब धापेको दिन पनि जसको कारण नवीनको बाल हृदयमा अनायासै धेरै अनुभवी घरबूढ़ो जस्तो प्रश्न गर्ने प्रवृत्तिको सूत्रपात हुनु । बाबुले नवीनलाई हलुवा खान लाउँदा पनि चिनीको महंगाइले बाबुको हृदयमा असन्तोष भईसकेको स्थितिबोध गर्नसक्ने नवीन हलुवा नखाएर बाबुको अनुहार एकतमासले हेरिरहन्छ । कथाको अन्त्य यतिमै भएता पनि बाल मनोविज्ञानको प्रस्तुतीकरण नवीनको संवादबाट कथाकारले दर्शाएका छन् भने छोरोको मनोविज्ञान बुझ्न नसक्ने बाबुको चित्रणबाट लेखकले हाम्रा समाजका हरदर बाबुको प्रतिनिधित्व गराएका छन् ।

नायिका केंद्रित कथा रचनाको क्रम कथाकार कटुवालकोअर्को विशेषता देखिएको छ । 'स्पष्टीकरण' भित्रकै आठ्वटा कथामा पनि नारीकै शीर्षकमा लेखिएका कथा — मनु दिदी, नरमाया, सूर्यमुखी र सन्तुले छकाई हामी औंल्याउन सक्छौं । नारी पात्रप्रधान कथामा 'नरमाया' एउटा सफल कथा मात्र सक्छौं । असमका नेपाली सामाजिक जन जीवनको धरातलमा लेखिएको यो कथाकी नायिका नरमायाप्रति पाठकको हृदयमा संवेदना र सहानुभूतिको सञ्चार गराउन कथाकार जति सक्षम छन्, रामदाज्यूप्रति प्रतिशोधको भावना लिन र उनको कायरताको भण्डाफोर गर्ननपाउँदा पाठ्क हृदयमा लेखकले एउटा तहल्का मात्र मच्चाइ दिएका छन्, लेखकले नरमायाको पत्र रामदाज्यू नामधारी नरमायाको सतीत्व नष्ट गरिदिने पात्रसमक्ष दिन नसक्नुको असंतोषभै पाठ्कलाई लेखकले टुंग्याइदिएर केवल नरमायालाई सहानुभूतिको भण्डार मात्र बनाइदिन कथानकको दृष्टिबाट असफल छन्, तर उपन्यासको गोरेटोतिर ढल्किसकेको यस कथालाई लेखकले कथानकलाई माध्यमिक आवश्यकता र प्रस्तुतीकरण लाई प्राथिमक ठानी कथाको बिट मारेका छन् । यसपछि उनको अर्कोकथा 'सोल्टी' मा पनि नारी चरित्र केंद्रित कथाकै गन्ध पाइन्छ । एक दृष्टिले नियाल्दा यो कथा आत्मपरक शैलीमा लेखिएको शैली प्रधान कथा हुन गएको छ भने सोल्टीसितको सोझो वार्तालापलाई पत्र प्राप्तिको सन्दर्भलाई एकै ठाउँ समेटेर कथामा सकेसम्म

स्वाभविकताको जगेरा गरेका छन् । समग्रमा कथाको सार के छ भने लेखकमा कथा लेख्ने रहर हुनु, त्यहीमाथि सोल्टीको आत्मीय आग्रह प्राप्त हुँदा रातभर रातभर जागैरही माया दिदी, नामको कथा लेखिसक्नु । सोल्टीको कथा सुन्ने आग्रह शिरोधार्य गरी कलेजबाट छिट्टै घरमा आएर कथा लेख्न, सकेको हर्ष र सोल्टीलाई सुनाउन पाउने अर्को हर्षमाँ विभोर हुँदा आमाबाट हिज राती नै सोल्टीले अर्को युवकसित चम्पट लगाएकी कुरो सुन्दा लेखक विरक्त भई लेखिसकेको कथा 'माया दिदी' आगोमा होमिदिन्छ । कथासार यतिमात्र भएता पनि सोल्टी कथाको बुनाई, तुनाई र स्वाभाविक वस्तु स्थितिको यथार्थताले यो कथामा प्राण भरेको छ । कलेज स्तरका युवा – युवतीको भावुक हृदयको चित्र, साहित्यमा प्रवेश गर्न खोज्नेयुवा – हृदयको एकोहोरेपन, लेखकको साहित्यिक व्यक्तित्वप्रति सोल्टीको पत्रात्मक समर्पण आमाको व्यंग्यात्मक वागवाण कुनै पनि कोणबाट पर्गेल्दा प्राथमिक कालकै कथाको गन्ध यसमा पाइएता पनि शिल्प चातुर्य्य र चरित्र चित्रणको सन्तुलनले 'सोल्टी' उनका उल्लेखनीय सामाजिक यथार्थवादी कथा हुन गएको छ ।

'मनु दिदी' उनका अर्को आत्मपरक शैलीमा लेखिएको नारी चरित्र विश्लेषण गर्ने जमर्कोमा आड्एको कथा हो । यो कथा 'मनु दिदी' – लाई केंद्र बनाएर लेखिएको कथा मानिएता पनि यसमा 'मनु दिदी' को आंशिक चित्रणबाट नै उनको स्वभाव बुझ्न सकिन्छ, तर लेखकले आफ्नो हीनताबोध, आत्मग्लानि विवश परिस्थिति, नैराश्य, आकांक्षा र सामायिक स्थितिको प्रस्तुतीकरण बड़ो प्रभावशाली ढंगमा प्रस्तुत गरेका छन् । टुवालले कथा लेखन विधालाई नौलो स्थापना दिएर गरेका शुरूआत मद्धे 'मनु दिदी' एउटा चहकिलो उदाहरणको कथा हो । यसबाहेक आत्मपरक शैलीमा लेखिएका अन्य दुई कथा 'मन स्थिति' र 'स्पष्टीकरण' हो । 'स्पष्टीकरण' राधा नामकी कुनै युवती प्रति कथाकारले आफ्नो भावुक हृदयको प्रणय उद्गार जनित व्यक्ति अनुभूतिको एउटा मार्मिक कथा ठहरिएको छ । विच्छेद प्रणयको अनुभूति कथाकारले कुन सीमासम्म वहन गर्नुपरयो त्यसको कवितामय आत्माभिव्यक्ति यस आत्मपरक कथाको आधार र पृष्ठभूमि हो । कथा लेखन माध्यमलाई बड़ो सुगमताका साथ ग्रहण गरेका हुनाले र स्वयंलाई कथाकारको सूचीमा दर्ता गर्न अपठ्यारो अनुभव उनले 'मेरो भन्नु' – मा प्रकट गरेका छन् । 'कथा एउटा रहरमात्र हो मेरा लागि । नलेखेको भए पनि हुन्थ्यो । ... कथाका मर्मज्ञ पाठकले यी कथामा निराश हुनु परेछ भने मेरो सहानुभूति उहाँहरूमा छँदैछ।' तर 'स्पष्टीकरण' – भित्रका कथाहरूको अध्ययन पछि डा. दयाराम श्रेष्ठ 'रहर र सहानुभूतिको करा नगरौं' नामक लेखमा आफ्नो मन्तव्य यसरी प्रकट गर्छन – नलेखेको भएपनि हुन्थ्योका पश्चतापसंग अहिले हामी सन्तुष्ट छैनौं । जब कटुवालले कथाका माममा अस्पष्ट कुराहरु लेखेनन्, पाठकलाई सस्तो मनोरञ्जन मात्रको खाजा खुवाएनन् र आफैलाई कतै अल्मलाएनन्, भने कथाहरू लेखेर कटुवालले के बिठ्याईं गरे

त? 'मनु दिदी' 'शङ्का' 'नरमाया' 'हत्या' जस्ता कथाहरू लेखिन पर्ने थियो र यदि नलेखिएको भए हामीले कटुवालको पुनर्जन्मलाई पर्खर्नुपर्ने थियो । (रहर र सहानुभूतिको कुरा नगरौं – डा. दयाराम श्रेष्ठ संभव – प्रस्तावित कटुवाल विशेषाङ्क 'भानु' पत्रिकाको सौजन्यले प्राप्त) कटुवालको जीवन कालमा प्रकाशित भएको हुनाले 'स्पष्टीकरण' कथा संग्रहको एउटा विशेषता रहेको छ भने उनको निधनपछि प्रकाशित अन्य कथा एवं 'स्पष्टीकरण' मा एकत्र हुन नपाएका कथाहरूको तुलनामा यस संग्रहभित्रका कथाहरू प्रस्तुतीकरणको दृष्टिले उम्दा र जीवन्त छन् ।

यसबाहेक उनका फूटकर कथाहरूको विश्लेषण यस सन्दर्भमा उल्लेखनीय छन् । यस दृष्टिकोणबाट नियाल्नुपर्दा कटुवालका कथाहरूको प्रकाशन कालक्रमानुसार सर्वप्रथम 11.1.62 सालमा लेखिएको कथा 'बाबु': 25.8.62 सालमा लेखिएको कथा 'तृप्ति' 1968 साल जनवरीमा लेखिएको कथा 'दान' र बालकथा 'चपरो र टपरी' प्रकाशित सन् 1981, प्रस्तुतीकरणको हिसाबले, संरचनाको बान्कीले लघुकथाको परिभाषा र मान्यताहरूसित धेरमात्रामा मेल खान्छ। यहाँ उल्लेखित चाखटा कथा कटुवालको निधनपछि 'कवि हरिभक्त कटुवाल स्मृति ग्रंथमा सन् 1981 सालमा प्रकाशित भएका छन् । 'बाबु' प्रथमतः शहरिया जीवनकोबाहयाडम्बर प्रति, खोक्रोपना र हृदयहीनताप्रति सशक्त रूपमा गरिएको तीक्ष्ण व्यंग्य प्रधान कथा हो। रत्नध्वजले क सम्म लेख्न नजाने तापनि छोरो श्रीकृष्णलाई आई.ए.सम्म पढ़ाएको थियो । पढ़ी सकेपछि छोरो श्रीकृष्ण शहरमै नौकरी पाएर बस्ने गर्छ । आधा पेट खाई नरवाई छोरोलाई पढ़ाउनु परेतापनि भने जस्तो नौकरी पाएर छोरो शहरमा बसेको हुनाले रत्नध्वजलाई मनमा सन्तोष र ठूलो आधार हुन्छ । सानीआमा भएतापनि श्रीकृष्णलाई धनमायाले उसको अध्ययनको समयमा मासिक खर्चको अभाव हुँदा तीनतोलाको नौगेड़ी सम्म पनि मासेर खर्च जुटाएकी थिइन । श्री कृष्णको भाई बैनी साने, सेती र मासिनी पनि 'बाबू दाज्यू' भनेर मक्ख पर्थे । तर यता श्रीकृष्ण भने शहरिया भएको नाताले क्लब, रेस्टोरेण्ट, सिनेमा नगई नहुने ढाँचाकोव्यक्तिममा परिणत भईसकेको हुन्छ । एकदिन गाउँको खेतबारी बाढ़ले खाइदिएर मरूभूमि बनाइ दिन्छ, तब रत्नध्वज आफ्ना बाल बच्चा लिएर श्रीकृष्ण कहाँ पुग्छ – आफ्नै घर, छोरोको घर ठानेर। तर पाँच दिन बितिसके पछि श्रीकृष्णले आफ्नो बाबुलाई स्पष्ट भन्छ – उसले अब भाई वैनी बाबू र सानीमा सहितको परिवार लाई यस घरमा राख्न सक्दैन । अतः रलध्वजले अर्कै डेरा खोज्नुपर्ने वचन, छोरोबाट सुन्नुपर्दा शहरिया छोरोप्रतिको यति दिनसम्मको भरोशा, गर्व र प्रेम एकाएक भूमिसात भएको पाउँछ । उ बोल्न सक्दैन । कथा यतिमै अन्त भएता पनि शहरिया जीवन प्रवचनापूर्ण परिवेश र कृत्रिमता प्रति गहीरो व्यंग्य गरेको छ। अतः यस कथाले पाठकलाई छुन्छ ।

उनको अर्कोकथा 'दान' पनि व्यंग्यप्रधान लघु कथा नै हो । पाँच हजार दुइसय

एक रूपिया गरीबहरूको उद्धारको निम्ति दान आचार्य विनोवा भावेको हातमा थमाइदिने धनाढ्य व्यक्ति रामबाबूको दानलाई कथाकारले बढो व्यंग्यका साथ एउटी नारी कण्ठको माध्यमबाट भन्न लगाएका छन् उक्त 'दान' रामबाबूको हातबाट होइन तर त्यो पाँच हजार दुइसय एक रूपिया जुन जुन गरीब गुर्वाहरूको रगत पसिनाको कमाई स्वरूप संग्रह गरेर 'दान' बनाइएको छ, तिनीहरूबाट विनोवा भावेलाई दानस्वरूप प्रदान गर्न सार्थक ठहरिन्छ । छोटो भएतापनि यो कथाले समाजवादको आभास हामीलाई दिन खोजेको पाइन्छ । सामाजिक वर्गीय चेतना लेखकका कथामा कहीं प्रष्ट हुन गएको छ भने 'दान' एउटा उदाहरण हो, जुन कुरो उनका विवेचित अन्य कथाहरूमा पाइँदैन् ।

'तृप्ति' उनको वार्तालाप प्रधान दर्शन केन्द्रित लघु कथाको परिपाटीमा केही हदसम्म मिल्ने अर्कोकथा हो । शिल्पी यसको प्रमुख नायक हो, जसको प्रत्येक वाक्य आशावादी स्वरले झंकृत भएको छ । संसारलाई संघर्षको विकल्प मात्रे शिल्पीको लागि विश्वमा असंभव केहीछैन् । 'एकै रंगमा विश्वलाई रंगाउने चेष्टा' यस शिल्पीको मूलमंत्र छ । अहिले सफल नभएपनि संघर्ष जारी रहेको तथ्य र आत्मविश्वास नियाल्दा लेखकको संघषं र यात्राको योजना आदर्शवादी परिवेश भित्र फन्को मारेको देखिन्छ । बालकथा **'चपरी र टपरी'** — को माध्यमले हामीभित्रको 'कामभन्दा कुरा ठूलो' भन्ने कथानलाई **चरितार्थ** गर्नप्रस्तुत गरिएको हो । 'चपरी र टपरी' ले एकार्कामा मित्रता गरिसके पछि **हावा आउँदा** चपरीले टपरीलाई जोगाउने र पानीपर्दा टपरीले चपरीलाई ढाक्ने सल्लाह गर्दा **नगर्दै** यो हल्लाको विज्ञापन हावाले बादललाईभनि दिन्छ, अनि हावा र पानी **एकसाथ** पर्न शुरू गरेर चपरी र टपरीको सल्लाह नष्ट पारिदिन्छ । यो एउटै शिक्षाप्रद बालकथाको माध्यमले उनमा लुकेको बालकथा लेखन प्रवृत्तिको उद्‌घाटन गरिदिन्छ । लेखकले जम्मा दुई दर्जन जति कथा लेखेका भएता पनि आजसम्म प्राप्य कथाकै आधारमा उनकोकथाकार प्रवृत्ति, सामाजिक विश्लेषण, मनोवैज्ञानिक पक्षको उद्‌घाटन, नारी चरित्र चित्रणको अवलोकन जस्ता कथाका अपरिहार्य तत्वको अनुशीलन गर्नु संभव छ । नेपाली कथा साहित्यको विकास क्रममा उल्लेखनीय कथाकार हरिभक्त कटुवाल नभएता पनि कथा साहित्यको चर्चापरिचर्चा गर्दा उनको 'स्पर्ष्टीकरण' र अन्य कथालाई नगण्य ठहराउन सकिंदैन । कथाकारको सूचीमा उनका यिनै कथाहरूले उनलाई छुट्टै स्थान दिएका छन् ।

# 6

# गीतकार को रूपमा कटुवाल

हरिभक्त कटुवालको गीतकार व्यक्तित्व उनको कवि व्यक्तित्व भन्दा व्यापक र लोकप्रिय छन् नेपाली सामाजिक धरातलमा, यसैले उनलाई गीति कवि र उनका अधिकतर कवितालाई गीति कविता भन्नु उनका कविताको लयात्मकता, सीमितता र व्यंग्यात्मकतालाई न्याय गर्नु हो । यसबाहेक उनलाई गीतकारको ओहदामा दर्ता गर्ने थप सम्बल हो उनको काव्य यात्रामा सर्वप्रथम प्रकाशित पुस्तक 'सम्झना' (नवीन प्रकाशन, डिगबोई आसाम द्वारा सन् 1960 मा प्रकाशित ) गीत संग्रहभित्रका एघारवटा गीतको रचना र ती गीतहरूको पृष्ठभूमि एवं सामाजिक चेतनाको उद्‌भव । 'सम्झना' – मा प्रकाशित आफ्ना प्रारम्भिक गीतहरूको विशेषता एवं महत्व बारे कटुवालले 'मेरो भन्नु' – मा रचनाकार शिक्षक हुनुपरेको स्थितिमा विद्यार्थीहरूको आग्रह टार्न नसकी लेखिएका गीत भन्ने संकेत यसरी गरेका छन् 'लौ गीत लेखिदिनुहोस् मास्टरजी' भन्ने आग्रह टार्न नसकी थुपारेका शब्दहरूको संयोजना मात्र हुन् यी गीतहरू ।' कटुवालले प्रकाशित रुपमा स्वयंलाई सन् 1960 सालतिर गीतकारको रूपमा यसरी उद्‌घाटन गरेता पनि उनको यही गीतकार व्यक्तित्वकोविकसित स्वरूप नेपाली समाजमा पछि आएर सर्वाधिक लोकप्रिय र एउटा स्थापना नै हुन गयो । श्रेष्ठ नेपाली गीतकारको चर्चा गर्नुपरे निःसन्देह हामी हरिभक्त कटुवालको नाम उनका गीतहरूको ओज र विलक्षणताको कारणले उल्लेख गर्न सक्छौं। गीतकार कटुवालको विकसित गीतकार पक्षलाई उनको काव्य यात्राको उत्तरार्धकालका गीतहरूको मूल्यांकनद्वारा केलाइन्छ भने उनका प्रारम्भिक कालका सिकारू गीतकारलाई सन् 1960 मा प्रकाशित 'सम्झना' र सन् 1962 मा प्रकाशित 'भित्री मान्छे बोल्न खोज्छ' मा संकलित गीतहरूकै माध्यमले नियाल्नु न्यायसंगत हुनजान्छ ।

कटुवालको गीतकार व्यक्तित्वलाई अनेक सीमा र कालमा विभाजन गर्न सकिन्छ; प्रथमतः 'सम्झना' देखि 'भित्री मान्छे बोल्न खोज्छ' सम्मका गीतकार र त्यसदेखि पछिका माझिएका परिपक्व स्थितिमा पुगेर रचना गरेका गीतहरूका गीतकारको रूपमा मुख्यतः हामी उनलाई वर्गीकरण गर्छौं । यस सन्दर्भमा अर्को

उल्लेखनीय कुरो के हो भने कटुवालका साहित्य यात्रा संभवतः गीतकारकै रूपमा आरम्भ भएको तथ्य सन् 1855 देखि सन् 1956 सालमा पब्लिक हेल्थ इसंपेक्टरको रूपमा सन 1956 सालदेखि 'सम्झना' प्रकाशित भएको साल सन 1960 सम्म प्रकाशित गीत कवितको नमूना नै उनका काव्य यात्राको प्रारम्भिक अवस्था पनि हो । 'सम्झना'—मा संकलित उनका एघारवटा गीत खासमा गीतको गर्ज टार्न. लेखिएका स्थितिको बोधक हुनाले ती गीतहरूका भावभूमि र शिल्प सौंदर्य विशेष उल्लेखनीय छैनन्, तरपनि आफ्ना समयमा ती गीतहरूको महत्व मर्यादा र आवश्यकता सामाजिक चेतना, जातीय प्रेम र राष्ट्रीय एकीकरणको दृष्टिले उदाहरणीय थियो, जसलाई अहिलेको सन्दर्भमा प्रस्तुत गर्दा पनि त्यति व्यवधान देखिंदैन । 'सम्झना' — मा संकलित गीत मद्दे 'आव्हान'—मा कविले नेपाली जातिलाई अधिकार र कर्त्तव्यको बोध गराउँदै दुनियाँ जागी सकेको संसारमा आफ्नो अस्तित्व र आत्माभिमानको रक्षार्थ सचेत एवं जागरूक रहने आव्हान गरेका छन् :

संसार नै जागी सक्यो नेपाली जागेन
नेपालीले संसारको ख्याल नै राखेन
दुनियाँले नेपालीलाइं केही झैं ठानेन
तर पनि नेपालीलाई ईख लागेन । (सम्झना)

प्रकाशनको हिसाबले सन् 1962 सालमा प्रकाशित भएता पनि 'भित्री मान्छे बोल्न खोज्छ' भित्र गीत भन्न सुहाउने कविता हरूको पाण्डुलिपि सन् 1960 सालमै तयार भएर यसको भूमिका लेखिएको तथ्य यस पुस्तकको भूमिका लेखक तुलसी अपतन — ले 1.6.60 सालमा भूमिका लेखिसकेका कुराबाट स्पष्ट हुनजान्छ । यसबाट अर्को कुरा के पनि स्पष्ट हुन — आउँछ भने यस पुस्तकभित्र परेका गीतको बान्कीका कविताहरू र 'सम्झना' भित्रका गीतहरूको रचना हाराहारी भएको देखिन्छ । तर प्रकाशनको हिसाबले सन् 1962 सालमै यो पुस्तक निस्के तापनि यसभित्र यहाँ उल्लेखित कविताहरूमा गीतको लयात्मकता र श्रुतिमाधुर्य्य को निर्वाह राम्ररी भएका छन् । शान्ति गीत गाउँला, कवितमा कटुवालले जातीय प्रेमको चेतना र जीवन बोधको भावनालाई यसरी गीत भनेर पोखेका छन् :

हाँसी हाँसी जीवन पथमा
लाखौं काँड़ा पन्साउँला
नेपाली जग यो झलमल पारी
शान्तिकै गीत गाउँला (भित्री मान्छे पृ. 6 )

यस संकलनमा समावेशित गीतात्मकता प्रधान कविताहरूमा आफ्नै आत्मासंग, जीवन, बिन्ती छ मेरो छेउ नआऊ, जीवन अनि प्रतीज्ञा, क्रन्दन, ए आँसु, व्यर्थै किन यो लोकाचार विशेष उल्लेखनीय भएता पनि 'जीवन' शीर्षकका कवितामा यस कथनको

सत्यता सजिलै पाउन सकिन्छः

जीवन तैंले स्वर विहीनका
दुःख भरेका गीत हजारौं
मनमा पीर चलेको बेला
गुन गुन गर्दै गाइस् होला !! (पृष्ठ 12)

कटुवाल को गीतकार व्यक्तित्वलाई सर्वाधिक लोकप्रियता प्राप्त भएको तथ्य समालोचक डा. कुमार प्रधानले आफ्नो पुस्तक 'ए हिस्ट्री अफ नेपाली लिटरेचर' – मा यसरी उल्लेख गरेका छन् 'हरिभक्त कटुवाल वज द मोस्ट पपुलर एमोङ यङगर नेपाली पोएट्स अफ नर्थ इस्टर्न इण्डिया । बिफोर हिज देथ इन 1980 हि हयाड गे' : वाइड पपुलारिटी एज ए पोएट – एण्ड ए लिरिसिस्ट अफ मेनी संग्स । ' (ए हिस्ट्री अफ नेपाली लिटरेचर, पृष्ठ 130, प्रथम संस्करण, प्रकाशक, साहित्य अकादमी नयाँ दिल्ली, सन् 1984 )

'सम्झना' पछि कटुवालका स्वतंत्र गीतको संग्रह पुस्तकरूपमा प्रकाशित भएको पाइँदैन, तरपनि 'भित्री मान्छे बोल्न खोज्छ' अनि 'यो जिन्दगी खै के जिन्दगी' (सन् 1972 मा प्रकाशित) कविता संकलनभित्रका जम्मा एकसट्‌टी वटा कविता मद्धे कतिपय कवितालाई प्रसिद्ध नेपालीगायक अम्बर गुरूङ नारायण गोपाल जस्ता संगीतकारले संगीतबद्ध बनाएर गाएका छन् । यस संग्रहभित्रका केही लोकप्रिय र उल्लेखनीय गीतहरुमा 'उज्यालो म कहाँ पाउँला' र 'हामीलाई निर्धो नसंझ' मुख्य छन् । यस पुस्तकमा 'हामीलाई निर्धो नसंझ' भित्रका कवितांश यहाँ उल्लेख गरिसकिएको हुनाले 'उज्यालो म कहाँ पाउँला' – भित्रका केही लहर प्रस्तुत छ :

चोखो फूल चाहिन्छ ढुंगाको देउतालाई
माया किन व्यर्थैमा मरिजाने मान्द्देलाई
बत्ती बाल्नु पर्दैन अध्यारैमा आउँला
अँध्यारेमा जुनी बित्यो उज्यालो म कहाँ पाउँला ?

यस गीतमा निराशाको स्वर व्याप्त छ; तर निराशाको गीत हामीलाई ग्राहय हुँदैन भन्न पनि त पूर्णतः सकिंदैन, कवि शेलीलेपनि यस्तै गीतमाथिको आफ्नो विचार प्रकट गरेका छन्–मधुरतम गीतहरू ती हुन्, जसले हाम्रा उदासी भावहरू प्रकट गर्छन, शेली र कटुवालको समय, देश–काल र परिस्थितिमा ठूलो व्यवधान भएता पनि दुवै संवेदनशील कवि हृदय भएका सृष्टा व्यक्तित्व भएका हुनाले विचारमा समानता देखिनु त्यति असंभव होइन । कटुवालका गीतका यस निराशाजनित परिस्थितिको पछि तिखो सामाजिक व्यंग्य छ, जसले कविलाई निराशातिर धकेलिरहेछ, अँध्यारैमा जुनि वित्यो भनेर कविले उज्यालोको उपेक्षा गरेका होइनन् तर उज्यालो प्राप्तिको निम्ति संघर्षरत भएको तथ्य 'उज्यालो म कहाँ पाउँला?' भन्ने प्रश्नवाचक चिन्हले पुष्टि गर्छ । कविलाई

उज्यालोको चिर प्रतीक्षा त छ, तर त्यसलाई प्राप्त गर्नु कविको निम्ति सहज छैन, यही अपठ्यारोसितको संघर्षमा नै कवि अब त अभ्यस्त छन्, अनि उनलाई प्राप्ति अप्राप्तिको संतोष संघर्ष मै प्राप्य छ। कवि कटुवालको कवितामा आशावादिता देख्नु हुने समालोचक ताना सर्मा नेपाली साहित्यको इतिहास' नामक आफ्नो पुस्तकमा लेख्छन् 'कटुवालका कवितामा आशावादिता र जीवन हुन्छ। मान्छेले अपठ्याराहरूसितको संघर्षमा विजय प्राप्त गर्न सक्छ भन्ने उत्साहले उहाँ भरिनु भएको छ।'

आफ्नो आयुको उत्तरार्धकालमा लेखेका गीतहरूको स्वतंत्र संग्रह आजसम्म प्रकाशित नभएता पनि उनको निधन सन् 1980 मा भएपछि त्यसको लगतै अर्को साल सन् 1981 मा प्रकाशित कवि हरिभक्त कटुवाल स्मृति ग्रंथ (सम्पादक अविनाश श्रेष्ठ, भविलाल लामिछाने र नव सापकोटा, प्रकाशक 'कवि हरिभक्त कटुवाल स्मृति समिति', असम प्रथम संस्करण) मा उनका जम्मा चालीसवटा गीत संकलित छन्। छुट्टै पुस्तकरुपमा प्रकाशित नभएता पनि यस ग्रंथभित्र प्रकाशित चालीसवटा गीतलाई उनको स्वतंत्र गीत संग्रह स्वीकार्नु अनुचित देखिंदैन। यी चालीसवटा गीतमा सन 1961 सालमा रचिएका गीतदेखि लिएर उनको निधनको केही दिन अघि सन 1980—मा रचिएका गीतसम्म पर्छन। यसकारण उनका गीतकार पक्षको प्रारिम्भकरूप, विकास कम र परिपक्वतालाई हेर्ने, बुझने र मूल्यांकन गर्न यही संग्रह एउटा उपयोगी सामग्रीको रूपमा लिन सकिन्छ। हुनत् समालोचक भीमकांन्त उपाध्यायले कवि गीतकार कटुवालले उनको मृत्यु अघि उनका 40 – 45 ओटा गोत कविताहरू संकलन गरेर 'मेरा यी बद्नाम आँखाहरू' नामकरण गरेर कुनै एक प्रकाशक अथवा प्रकाशन संस्थलाई प्रकाश गर्न दिएका थिए भन्ने कुरा छन् 'भनेर कवि कटुवालका असङ्कलित रचनाहरूको सन्दर्भमा भन्ने लेखमा उल्लेख गरेका छन् (विन्दु रजत जयंती अंक वर्ष 25 अंक 60 सम्पादक के. बी. नेपाली, असम सन 1986)' तरपनि त्यो प्रस्तावित संकलन नछापिएसम्म पूर्व उल्लेखित 'स्मृति ग्रंथ'—मा संकलित चालीसवटा गीत नै यस प्रसंगमा महत्वपूर्ण छन्। उनका बहुचर्चित गीतहरू थोरै र प्रारम्भिककालमा रचिएका गीतहरूको संख्या यस संग्रहमा धेरै छन्, यसकारण गीतको संख्या चालीस वटा भएतापनि ती गीतहरू समानरूपले चर्चित र लोकप्रिय छैनन्, तरपनि समय समयमा यी गीतहरूको सामायिक मूल्य भने अवश्य थियो नै केवल टिकाउको हिसावले भने यिनीहरूमा व्यवधान छ। कतिवटा गीतको संगीत, शब्द, ओज र उच्चताको दृष्टिले आज पनि ती गीतहरू नयाँ छन्, लोकप्रिय छन्, तर कति वटा गीतमा यस्ता तत्वको कमी भएको कारणले त्यस्ता गीतहरू पुराना नभएता पनि त्यति लोकप्रिय छैनन्। यसकारण तिनको निधनको दुइ तीन महीना अघिमात्र रचिएका उनका दुइ अंतिम गीतबाट उनको गीतकार पक्षलाई उद्घाटन गरिएको छ।

कटुवालका 'अन्तिम दुई गीत' भनेर सम्बोधन रिएका गीत प्रथम 'सपना' र

द्वितीय 'वसन्त' हुन् । सपनामा कविकी प्रेमिका आएर कविलाई जुन मधुर स्मृति छाड़ेर गई, त्यसकै झझल्कोमा रचित प्रथम गीत 'सपना' को केही लहरः

सपनामा आज मैले देखें उनलाई फेरि
मुस्काउँथिन घरि – घरि मलाई मात्र हेरी
सोधूँ सोधूँ लाग्यो उनको नाउँ सोधिएन
विपनामा जाउँ भने गाउँ सोधिएन
कसले मलाई भनी देला उनै हुन् कि मेरी
मुस्काउँथिन घरि घरि ......।

'सपना' कै आकारको अर्को गीत 'वसन्त' – मा पनि गीतकार ले सपना' कै प्रतिबिम्ब उतार्ने छाँट देखाएका छन् । वैशाको उन्मत हृदयमा गीतकार म.वी.वी. शाहको 'त्यो मान्छे कस्तो छ' अथवा वड्र्सवथ को 'लूसी' कै झझल्कों लिएर आउने एउटा अमूर्त चित्र छ, जसलाई गीतकार यसरी प्रस्तुत गर्छन् :

मलाई मात्र लाग्यो कि यो वैशाख को मात
नत्र किन सपना देख्छु दिन रात
तर एउटै अनुहार मेरो मन भित्र
बोलूँ – बोलूँ हाँसु हाँसु नमेटिने चित्र

उनका अन्य धेरै लोकप्रिय गीतका अपेक्षाकृत यी दुई गीत त्यति लोकप्रिय र चिरस्थायी हुन सकेनन् । लोकप्रियता र स्थायीत्वको दृष्टिकोणले त यही स्मृति ग्रन्थमा समावेशित अन्य गीत धेरै उच्च छन्, उदाहरणको निम्ति यस्ता केही गीत लहर प्रस्तुत गर्न सक्छौं, जसको व्यापक लोकप्रियता आज पनि कम भएको छैन् :

पोखिएर घामको छल्का भरि संघारमा
तिम्रो जिन्दगीको ढोका खोलूँ खोलूँ लाग्छ है ।
सयपत्री फूलसितै फक्री आँगनमा
बतासको भाका टिपी बोलूँ बोलूँ लाग्छ है ।
कति कति आँखाहरू बाटो छेक्न आउँछन
परेलीमा बास माँग्न कति आँखा धाउँछन्
यति धेरै मानिसका यति धेरै आँखाहरू
मलाई भने तिम्रै आँखा रोजूँ – रोजूँ लाग्छ है ।

प्रसिद्ध संगीतकार अम्बर गुरुङको संगीत र विशिष्ट नेपाली गायक नारायण गोपालको सुमधुर कण्ठबाट जब यो गीत गुञ्जन्छ, तब श्रोता आत्मविभोर भएर संगीतको त्यो दुनियाँमा विचरण गर्न पुग्छन जहाँ भूगोल, इतिहास, धर्म र राजनीतिको सीमा रेखा बिलाएर जान्छ, गीतकार कटुवालले श्रोताको हृदयमलाई एकोहोर्‍याएर आत्मकेन्द्रित गराउँछ, अनि यही नै उनको गीतकार व्यक्तित्वको उपलब्धि र सफलता

पनि हो । संगीतको परमानन्द श्रोताले त्यसबेला मात्र अनुभव गर्नसक्छ, जतिबेला शब्द ब्रह्मसित संगीतको तालमेल सम्पूर्ण रूपले हुनसक्छ । कटुवालका कुनै कुनै गीतमा संगीत र शब्दको यो सन्तुलन राम्ररी निर्वाह भएको छ, अनि ती गीत मद्दे यस गीतलाई पनि लिन सकिन्छ । यसबाहेक कटुवालले स्वयंलाई गीतकारको रूपमा स्वतंत्र रूपले घोषणा गर्ने जमर्को उनको एक प्रसिद्ध लोकप्रिय गीतमा गरेका छन्, हुनत कविता र संगीतमा बाहयरूपमा कुनै त्यस्तो सम्बन्ध अनुभव नगरिएता पनि सगोत्रीय मैत्री भावनाको आंतरिक सम्बन्ध लाई भने अस्वीकार गर्न सकिदैन । छन्दोबद्ध कवितामा अनुप्रास, यमक, लय व्याजोक्ति जस्ता अलंकारको माधिक प्रयोगको ध्वनिबाट स्वतः मूर्त रूपमा संगीतको कुनै एउटा सर्वनाम धून वाताललाई जन्म दिइरहेके हुन्छ । यसरी संगीत र कविताको सम्बन्ध सहज अनुभूतिजन्य नभएता पनि सदैव निकटतम रहि आएको हुन्छ, अनि यही संदर्भमा गीतकार कटुवाल उनको गीत भित्रको अदृश्य, अगोचर सत्ताको अस्तित्वलाई स्वीकार गर्दै, आफ्ना गीतको लय परिवर्तन गराउने, गीतभित्र को प्रेरक तत्व तिमी—लाई केंद्र बनाएर लेख्छनः

मेरो यो गीतमा, जुन मुर्च्छना छ
त्यो तिमी होइनौ को मन्न सक्छ
एउटै छ धरती आकाश एउटै
एउटै छ उच्छ्वास् चाहना एउटै
तरंग धेरै विक्षिप्त मनमा
आँखाले मात्र को गन्न सक्छ ॥

असमको प्रख्यात गयिका अंजुदेवीले गीतकार कटुवालका अनेक गीतलाई उत्तराञ्चल अनुष्ठान गुवाहाटी रेडियोबाट प्रसारित गरेकी छन्; जसमध्ये यहाँ उल्लेखित दुई गीत प्रमुख छन्ः

मुख लुकाई पीर रून एउटा न्यानो काख छैन्
यति धेरै मानिस छन् आफ्नो कोही साख छैन् ।
हिंडदा हिंडदै कहिले काहिँ बाटो आफै हराइदिन्छ
हाँस्न खोज्दा मुटुको घाउ कता कता चहराइदिन्छ
गहभरि आँसु त छ पुछिदिने हात छैन्
यति धेरैमानिस छन् आफ्नो कोही साख छैन्

***

मैले छोइदिंदा फूल ओइली झर्छ
मैले हेर्न खोजे आकाश रंग फेर्छ
धनिवेऊ कसैले दोष मेरो के छ ?
मैले छुन खोजे जून पर सर्छ

मैले हाँस्न खोजे आँसु पहिले झर्छ
अभागी यो कर्म कति पापी रैछ।

गीतकार कटुवालका गीतहरूले नेपालमा पनि लोकप्रियता प्राप्त गरेको निर्विवाद रूपमा मान्य छ, यसैकारण पनि संभव छ नेपालको 'रत्न रेकार्डिङ.' मा उनका चाखटा गीत गयिका अंजुदेवीको स्वरमा प्रकाशित भएको तथ्य बारे गायिका कै वाक्यांश यहाँ उल्लेख गर्नु उचित छ 'मानवीय अम्बर दाई र सि. के रसाइली दाईको संगीतमा चार ओटा कटुवाल दाईका गीत मेरो स्वरमा 'रत्ना रेकर्डमा – 'रेकार्डिङ भए। यसमा दुईटा गीत अम्बर दाईसंग 'युगल' गाएको छु। गीत यस प्रकार छ :

1– तिमी मेरो आँखामा फूल भै फ़ले छौ 2– यो पोल्टा भरी गुलाफी झुल्का ... 3– यो दिन ढलेर के भयो ... त्यस बाहेक कटुवाल दाईका अरू तिन ओटा गीत नेपाल रेडियोमा रेकार्डिङ भए। गीतका शब्द यस प्रकार छन् – (9) मैले छोडदिंदा फूल ओइली झर्छ ... (2) यो खोला, पारी, त्यो पारी ... (3) आजको यो मौनता यसबाहेक अरू धेरै गीतहरू मलाई दिनु भएको छ, ... (स्मृति ग्रंथ सन 1981, पृष्ठ 112, गायिका अंजुदेवीसित गोमा शर्माले लिएको अन्तर्वार्ता।)

असमी भाषाममा पनि लेख कविता प्रकाशित गर्ने सामर्थ भएका कटुवालले असमी संगीत संसारका सुविख्यात संगीतकार गीतकार भूपेन हजारिका संगीतना 'चमेली मेम साब' फिल्मको गीत 'चम्पा नहए मुरे नाम सामेली – को धूनमा आधारित नेपाली गीत 'चम्पा होइन मेरो नाम चमेली' रचना गरेर यसलाई सन् 1976 सालमा गायिका अंजुदेवीको स्वरमा नेपालमा गाइयो। यस गीतको भावपक्ष सर्वथा मौलिक छ 'स्मृति ग्रंथ'– का सम्पादकको टिप्पणीको आधार गीतको शब्दावलीले नै स्पष्ट गर्छ। ब्रह्मपुत्रका तीरगा ख़ेली हुर्की बड़ेकी नेपाली चेली चमेलीको आत्माभिव्यक्तिलाई यस गीतमा बड़ो मार्मिकता सहित प्रतिबिम्बित पारेका छन् :

ब्रहमपुत्र नदी तीरमा,
कतैनागा पहाड़ भीरमा
सुख कल्पी दुई आँखाको
नाच्छन् परेली
आसामकी चेली हूँ म नेपाली
आसाममै हुर्केकी म खाई खेली
चम्पा होइन मेरो नाउ चमेली।

यस गीत विषय 'कटुवाल स्मृति ग्रंथ'– का सम्पादकको टिप्पणी सन्दर्भित देखिन आएको छ, साथै यसै ग्रंथको पृष्ठ 112 मा गायिका अंजुदेवी सितको अन्तर्वार्ता उल्लेखनीय छ। प्रथमतः सम्पादकीय टिप्पणी 'चम्पा नहए मुरे नाम सामेली' 1965 एकताक आसाम का गाउँ – गाउँ शहर शहर भरि असमीया फिल्म 'चमेली मेमसाब'

को यो गीत गुन्जायमान संगीतज्ञ गीतकार भूपेन हजारिका । यस गीतलाई गाएकी थिइन बम्बईकी उषा मंगेशकरले । गीतकार हरिभक्त कटुवालले यसै गीतको सूरमाथि आधार गरी शब्दहरू बसाउनु भएको थियो तापनि भाव पक्ष उहाँको सर्वथा मौलिक छ । यस गीतलाई काठमाण्डुमा पहिलो पटक आसामबाट कटुवालले लगेको कलाकार टोलीको पक्षमा यस भेककी उदीयमान गायिका अंजुदेवीले गाएकी थिइन । (सम्पादक स्मृति ग्रंथ' पृष्ठ 151 यस प्रसंगमा यस गीतले नेपालमा पाएको लोक प्रियता विषय यसको गायिका अंजुदेवीले आफ्नो अन्तर्वार्तामा यसरी प्रकट गरेकी छन 'चम्पा होइन मेरो नाउ चमेली' कटुवाल दाईले यो गीतलाईसाहै नै मीठो बनाउनुभयो । हामीले पहिला नेपाल विरगंजमा प्रोग्राम गर्‍यौं त्यहाँ यस गीतले त्यहाँका सबै श्रोताहरूको मन जीतें र उहाँहरूले पनि मलाई यति माया दिनु भयो, शायद ममा फेरि त्यस्तो माया दोहरिन गाह्रो छ ।' (स्मृतिग्रंथ पृष्ठ 112)

कटुवालले आफ्नो जीवनको अंतिन अन्तर्वार्ता ( उनको निधन को केवल अठार दिन अघि अथवा निधन 10.9.80 मा भएको अनि यो अन्तर्वाता 23.8.80 मा अविनाश श्रेष्ठद्वारा लिइएको अन्तर्वाता गुवाहाटीबाट प्रकाशित 'हाम्रो ध्वनि' अक्टोबर 1980 मा प्रकाशित) मा अविनाश श्रेष्ठसित बियालिस वटा गीत र कविताको संग्रह प्रकाशनार्थ तयार पारेर 'बदनाम मेरा यी आँखाहरू' शीर्षक राखिसकेको कुरो यसरी कटुवाल स्वयंले उल्लेख गरेका छन : 'हालै साझा प्रकाशनलाई दिउँला भनि एउटा कविता र गीतहरूको संङ्गालो तयार पार्दै थिएँ त्यसमा 'यो जिन्दगी खै के जिन्दगी' पछि लेखिएका 42 ओटा गीत र कविताहरू समावेश गर्न भनि छानेको थिएँ—नाउँ राखेको थिएँ—"बदनाम मेरा यी आँखाहरू" । तर के गर्नु म बिसञ्चो भएकाले यहाँ थलिएको छु ।' संयोगवश गीतकार कटुवाललाई मन परेका शीर्षक 'बदनाम मेरा यी आँखाहरू' प्रकाशनमा विलम्ब भएता पनि त्यही गीत चाहिँ मासिक पत्रिका 'मधुपर्क' बाट स्मृति ग्रंथमा साभार गरी प्रकाशित गरिएको छ, यसकारण कविलाई मन परेका यस गीतका केही पंक्ति उल्लेख गर्नु यहाँ प्रांसगिक देखिएको छ :

बद्नाम मेरा आँखाहरुमा, सपना क—कस्को बोकेर बाँचु
जिज्ञासा मेरै, उत्कण्ठा मेरै, कुन ढुंगालाई ढोगेर हाँसु
फकेन तिम्रो रहर मभित्र शायद त्यसैले निराश हौली
ढोका उघार्दा देउता नदेखी निराशा तिमी भएकी हौली।
म भरिदिउँला हाँसो ती ओंठमा, तिमीले पुछ्नु यी मेरा आँसु
जिज्ञासा मेरै, उत्कण्ठा मेरै, कुन ढुंगालाई ढोगेर हाँसु ॥

यस गीत रचनाको निश्चित समय न लेखिएको भएता पनि गीतको ओज हेरेर यति अड्कल्न गाह्रो पर्दैन यो गीत आफ्ना गीतकार यात्राको उत्तरार्धकालमा नै रचिएको हुन संभव छ । गीतकार भित्रको मुर्च्छना यस गीतमा पनि तीव्र प्रकारले ध्वनित भएको

पाइन्छ । यसमा गीतकारको शिल्प र भाव दुवै पक्षको प्रस्तुतीकरणमा परिपक्व गीतकारको आभास छ । यस्तै माझिएका केही गीतहरुले कटुवाललाई एकजना सफल गीतकारको स्थानमा प्रतिष्ठापित गरेका छन् उनको निधन पश्चात् पनि उनका यही काँटका अनेक गीत आजसम्म श्रोताहरुले रस्वास्वादन गरिरहेकै छन् :

मेरो घाउ तिमी नहाँसे पो दु:ख्छ
मलाई नसोध कहाँ दु:ख्छ घाउ
म जे छु टिकै छु — बिथोल्न नआऊ ...

जस्ता गीत यस कथनका एउटा उदाहरण मात्र सकिन्छ । कटुवालले विविध विषयमाथि सहस्र गीत रचेका छन् तिनमा कुनै देशप्रेम कुनै जातीय प्रेम त कुनै प्रणय रागमाथि आफना गीत रचना प्रवाह गतिशील राखेका छन् । यसरी भावगत रूपले नियाल्दा कटुवाल देशभक्त कवि तथा जातीय चेतनाका प्रखर कवि देखिएता पनि समालोचक भीमकान्त उपाध्यायको कथन अनुसार 'कवि कटुवालले प्रेम पक्षलाई नै काव्यको विषय वस्तु बनाए .... फेरि भएन जीवनको सब भन्दा प्रभावशाली तत्वपनि प्रेम तत्व होइन भन्न सकिन्न' — (कटुवाल स्मृति ग्रंथ पृष्ठ 86, सन् 1981 । ')

उपाध्यायको यस भनाइको आधार के हुन सक्छ भने कटुवालका काव्यको सूक्ष्म निरीक्षण एवं काव्यधरातल उभिएको पृष्ठभूमि अथवा भावपक्ष को अवलोकन । हुनपनि कटुवाललाई प्रेमको सुमधुर कविता रच्ने गीति कविको रूपमा सवभन्दा बढ़ता नेपाली साहित्यका पाठकले चिनेका छन् । उनको यही पक्षलाई टडकारो पार्न यहाँ उल्लेखित गीतहरू बाहेक अझ थप अर्को गीत यहाँ प्रस्तुत गरिन्छ:

आँखाबाट ओझेल भए बिर्सिदिन सकुँला कि भनेर
मुटु मिची हिंडे पनि कोही मेरो साथै हिंडयो छायाँ बनेर
कतै लगी यो छटपटी बिसाई दिन पाए हुन्थ्यो
खोला भरी आकाश भरी मिसाइदिन पाए हुन्थ्यो
मध्यदिन को व्यस्ततामा कोही मलाई किन भन्छ पर्खी भनेर ।

सर्वप्रथम 'मधुपर्क'—मा प्रकाशित प्रस्तुत गीतले पनि कटुवालका पूर्ववर्ती गीतहरूमा पाइने भावनाको कोमलता भावगत सूक्ष्मता र परिपक्व सम्प्रेषणीयता निर्वाह गर्न सकेको छ । उनका सम्पूर्ण गीतमा यहाँ उल्लेखित गीतका विद्यमान तत्वहरूको निर्वाह हुन सकेको छ भन्न नमिले पनि यहाँ कमवद्धरूपमा चर्चित गीतहरूमा भने यो कथन चरितार्थ भएको छ : अनि उनका सम्पूर्ण गीतको विवेचना र मूल्याकंन भने सीमित पृष्ठ र सामग्रीको आधारमा संभव पनि छैन । तरपनि उनको गीतकार व्यक्तित्वमा पाइने तत्वको मिश्रण प्रस्तावित हरिभक्त विशेषाङ्क 'भानु' मा डा. **हरिराज** भट्टराईले 'गीतिकवि हरिभक्त कटुवाल' शीर्षक लेखमा विभाजन गरे झैं (1) सौन्दर्य (2) मानवता (3) प्रेमको अभ्यर्थना (4) न्यानोपनको खोजी (5) आँसु (6) पीड़ा बाहेक

उनका एकाध गीती कवितामा देखिएका (7) जातीय प्रेमको चेतना पनि गीती कविताका प्रमुख तत्वका रूपमा छन् ।

निर्क्योलमा पुगेर कटुवालको गीतकार विषय के भन्न सकिन्छ भने उनका गीतमा एकरूपता नपाएर विविधता पाइनु विभिन्न देश, काल र परिस्थितिको सामना अनुसार बेलाको बोली विविध स्तरमा बोल्नाको परिणाम हो । देशको समसामायिक राजनैतिक, ऐतिहासिक घटनाहरूको परिणामले संवेदनशील कवि हृदयमा जन्माएको प्रतिक्रियाको आभास उनका गीतहरूमा यसैकारण विविध रूपमा प्रतिबिम्बित भएको पाइन्छ । तर उनका गीतहरूको विविधताभित्र पनि सदैव लय परिवर्तन गर्दै, स्वर विन्यासतर्फ संकेत गर्ने मूलस्वर तथा सामञ्जसता ल्याउने वस्तु प्रेम छ, यही प्रेम सूर्य झैं माझमा केद्रित छ कविको हृदयाकाशमा जसको वरिपरि अन्य ग्रह तुल्य भएर राजनैतिक, सामाजिक ऐतिहासिक जस्ता विषय वस्तु घुमिरहन्छन् । कटुवालमा झैं जातीय प्रेमको चेतनाका पक्षधर गीतकार स्व. अगमसिंह गिरी (ई 1928 – 1971) पनि हुन् र कटुवाल झैं ख्याति प्राप्त गीतकार गिरी पनि हुन् । यसैले छ संभव जातीय प्रेमको चेतना गीतकार कटुवाल र गीतकार गिरीमा समान रूपले जागृत भएको हुनसक्छ । गिरीबाट कविता क्षेत्रमा मिलेको प्रेरणालाई कटुवालले एक ठाउँ यसरी स्वीकार गरेका छन् 'नढाँटी भन्ने हो भने बल्लभ, 'भारती' गोर्खा आदि पत्र पत्रिकामा छापिने गरेका गिरीका कविताले मलाई काव्य क्षेत्रमा ठूलो प्रेरणा दिएको छ ... ।' (कटुवालसंग अर्न्तवार्ता ईश्वरवल्लभद्वारा 'आकुल्चन' वर्ष अंक 1 – वि.सं. 2036, पृष्ठ 8) हिंदी र अंग्रेजीका मनपर्ने कविहरू गोपालसिंह नेपाली, बच्चन र भरतभूषण अग्रवाल, विलियम वर्डस्वथ र इलियट हुन भन्ने कटुवालको साहित्यिक यात्रा गीतकार (सम्झना' गीत संग्रह 1960 ) बाट शुरू भएर त्यो यात्राको समाप्ति पनि गीत र कविताको संग्रह ('बद्नाम मेरा यी आँखाहरू' अप्रकाशित)—बाटै भएको हुनाले, त्यसबाहेक उनको स्मृतिमा प्रकाशित 'स्मृति ग्रंथ' —मा पनि अधिक भएका हुनाले गीती कविको रूपमा उनलाई खुट्याउन त्यति उकालो पर्दैन । गीत र कवितामाझको सीमा रेखा निर्धारण गरिइनु सबैबाट अपेक्षित विषय होइन, गीत र कवितामाझ कहीं सूक्ष्म भेद पाउन सकिन्द भने फेरि त्यसलाई परिभाषामा बाँध्नु खूबै जटिल विषय हुन जान्छ । यसकारण कटुवाललाई गीतकार कविको व्यक्तित्वमा विभाजन गरिइनु पनि त्यस्तै एउटा दुष्कर कुरो हुनजान्छ तर पनि यस प्रसंगमा हिंदीका प्रसिद्ध कवि रामधारीसिंह दिनकरको एउटा दृष्टिकोणलाई यहाँ राख्न सकिन्छ, उनी लेख्छन 'कविता की असली भाषा कवि की मातृ भाषा ही हो सकती है सीखी हुई भाषा में ज्ञान का साहित्य लिखा जा सकता है, रस का साहित्य नहीं लिखा जा सकता और रस साहित्य में भी कविता और गीत के बीच भेद है । कविता में कुछ ज्ञान भी होता है पाण्डित्य भी होता है, मगर गीत केवल रस की बूँद है कवि के भीतरी व्यक्तित्व के प्रस्वेद हैं, उसके दर्द की खूशबु है ।' (मेरी कविता मेरे गीत, भूमिका

रामधारीसिंह दिनकर, कवियत्री पदमा सचदेव, साहित्य अकादमी 1974) समष्टिमा भन्नुपर्दा कटुवालका गीतकारले उनको कविलाई कतै कतै उछिनेर गएका छन्, तर पुरस्कार प्राप्तिको हिसाबले नियाल्दा च.हिँ उनका थोरैगीत र धेरे कविताले स्वर्ण पदक र नगद पुरस्कार जितेका छन् । उनका धेरै गीतले र थोरै कविताले चाहिँ नेपाली समाजका श्रोताहरूको हृदय जितेका छन् । यसकारण उनी कवि हुन र प्रतिष्ठित गीतकार पनि हुन् ।

# 7

# नाटककार, निबन्धकार र बाल साहित्यकारको रूपमा कट्टुवाल

कवि र गीतकारको रूपमा जति चर्चित भए कवि कट्टुवाल त्यतिकै मात्रामा बहुचर्चित नभएता पनि तिनले अनेक सामाजिक नाटक लेखेका छन्, ती नाटक मञ्चन भएका छन् र पुरस्कृत पनि भएका छन्, त्यस्तैगरी अनेक निबन्ध लेखेका छन र बाल साहित्यको अभावमा तड़पिरहेको नेपाली बाल साहित्यको क्षेत्रमा उनले अनेक रोचक कथा कविता लेखेर यस क्षेत्रमा योगदान पनि दिएका छन् । उनको यस क्षेत्रका योगदानलाई त्यति महत्व पूर्ण नमानिएता पनि उनको साहित्य साधनाको क्षेत्रमा केही उल्लेख गर्नुपर्दा भने उनको साहित्य यात्राका यी विविध पक्षलाई पनि ध्यानमा राख्नु अति आवश्यक छ ।

कट्टुवालका साहित्यिक यात्राको यी तीन विधा विषय सर्वप्रथम निबन्धकार व्यक्तित्वको प्रसंग उपयुक्त देखिएको छ । उनका सीमित प्रकाशित निबन्ध सम्पादकीय प्रबन्ध र संस्मरणात्मक रचनामा सफल निबन्धकारको आभास पाइएता पनि ती सीमित गद्य रचनाकै आधारमा पोख्त निबन्धकारको दर्जा भनेप्रदान गर्न सकिंदैन । तर जति गद्य रचना प्रकाशित भएका छन तिनमा कुनै कुनै लेखले उनलाई समालोचकको दर्जा प्रदान गर्न समेत बाँकी राखेका छैनन् यसबाहेक गद्यको रूपमा उनले आफ्नो उच्च वैचारिकता पनि बड़ो, कुशलता साथ कतिपय लेखमा प्रस्तुत गरेका छन् । पोख्त निबन्धकारका कृतिमा पाइने विशेषता भएका बान्किला बिचार टुक्रा अथवा जीवनलाई हेर्ने जमर्कोमा प्रकट गरिएका चुट्किला अनुभूतिका उद्‌गार, पत्रिकाको सम्पादकीय चिट्‌टी पत्र आफ्ना पुस्तकको 'भूमिका' अथवा दुई शब्द जस्ता उनका गद्य लेखनका दसीहरूबाट उनको निवन्धकारलाई खुट्याउन धेर प्रामाणिक हुन्छ । यसबाहेक नेपाली साहित्यमा असमको योगदानलाई लिएर लेखिएको एउटा अध्ययनपूर्ण लेख सानो भएपनि सम्बन्धित विषयमा निक्कै उपयोगी छ, जुनचाहिँ कट्टुवालले 'आसाममा नेपाली साहित्यको गतिविधि' शीर्षकमा 'हिमानी' (वर्ष 4 आषाढ़ वि.सं. 2024)—मा प्रकाशित गरेका छन । यस हिसाबबाट नियाल्दा प्रथमतः कट्टुवालले सामान्य निबन्ध प्रबन्धमात्र भन्न सकिने तहका

लेखहरू बाहेक पनि 'उसैको लागि : एक दृष्टि' भन्ने समालोचनापनि प्रकाशित गरेका छन् । उनको निधनपश्चात प्रकाशित 'कवि कटुवाल स्मृति ग्रंथ'–को पृष्ठ 183 देखि 185 सम्म प्रकाशित प्रस्तुत कृतिका रचनाकार स्व. कवि म. बी. बी. शाह हुन् । स्व. म. बी. बी. शाहलाई नेपाली साहित्यमा कवि राजा भनेर पाठ्कहरू चिन्छन । नेपालका भूतपूर्व राजा महेन्द्र बीर विक्रम शाहदेवद्वारा रचित 'उसैको लागि' नामक कविता संग्रहको समालोचना गराईमा कटुवाल कतिसम्म सफल भएका छन्, त्यो एउटा सुक्ष्म अध्ययन, चिन्तन र मननको विषय भएतापनि उक्त समालोचनामा कटुवालले कृतिको स्वतंत्र मूल्याकंन गर्नमा त्यति बाटो विराएका छैनन् । राजाद्वारा रचित कविता भनेर केवल प्रशंसाको पूलमात्र बाँध्ने ध्येयले उक्त समालोचना नलेखिएको तथ्य, कटुवालले यसरी प्रकट गरेका छन् 'राजाले लेखेका कविता भनेर दोष देखाउने हयाऊ पुग्दैन भनेको होइन साहित्य क्षेत्रमा म. बी. बी. शाहको चर्चा चल्दा उहाँलाई राजाकै रूपमा म लिन सविदनँ र उहाँलाई त्यसैकारण 'राजा कवि' पनि भन्दिनँ । 'उसैको लागि –' मा पौरंदा म उहाँलाई हाम्रा नेपाली कविहरूकै दाँजामा राखेर चर्चा गर्छु ।' (स्मृति ग्रंथ पृष्ठ 183) प्रस्तुत लेखाइबाट एक सफल समालोचकको अपरिहार्य गुण स्पष्टवादिता र पुर्वाग्रहमुक्त वैचारिकताको झल्को पाउन सकिन्छ भने अर्को ठाउँमा उनी म. बी. बी. शाह राजनीतिक र साहित्यको क्षेत्रमा एकैसाथ उत्रे तापनि दुबै क्षेत्रमा सफलता प्राप्त गरेको खण्डमा कटुवालले शाहको साहित्यिक जीवनको तुलना गोपालचारी के. एम. मुन्सी, डा. राधाकृष्णन र डा. सम्पूर्णानन्दसित गरेका छन् जसले सफल साहित्यिक भएतापनि राजनीतिमा प्रवेश गरिसकेपछि सहित्यलाई छाड़िदिन परेको थियो, तर यसको ठीक विपरीत शाहले चाहिँ साहित्य र राजनीतिलाई एक साथ लिएर बाँचेका थिए । यसरी यस समालोचनामा कटुवालले शाहको साहित्यिक व्यक्तित्वको तुलनात्मक अध्ययन भारतका साहित्यकारहरू सित गर्न खोजेका छन् । सन् 1966 सालमा कटुवालले नेपालको 'हिमानी' पत्रिकाको वर्ष 4 ज्येष्ठ आषाढ़ अंकमा 'आसाममा नेपाली साहित्यको गतिविधि' नामक एउटा उपयोगी अध्ययनपूर्ण विवरणात्मक साहित्यिक निबन्ध प्रकाशित गरेका छन् । अन्वेषणमूलक यस निबन्धमा कटुवालले असमको साहित्यिक क्षेत्रमा विशिष्ट पद चिन्ह छाड़ेर जाने तथा सन् 1936–मा सर्वप्रथम नेपाली पत्रिका 'गोर्खा सेवक' प्रकाशित गर्ने स्व. मणिसिंह गुरूङ. (आसामे नेपालीमा प्रथम स्नातक जसको जन्म मणिपुरको इम्फालमा सन् 1862 को अप्रैलमा भएको थियो अनि सन् 1968 मा शिलाङमा निधन भयो । कलकता विश्वविद्यालयबाट इन्ट्रेन्स, एफ. ए. तथा बी. ए. परीक्षामा लगातार प्रथम श्रेणीमा उत्तीर्ण हुने मणिसिंह गुरूङ. नेपाली भाषा, साहित्य र समाज सेवाका निम्ति समर्पित हुन हुन्थ्यो । देहरादूनबाट प्रकाशित हुने तत्तकालिन पत्रिका 'गोर्खा संसार' (सन् 1926) 'तरूण गोर्खा' अनि 'चन्द्रिका' (खर्साङबाट सन् 1918 मा प्रकाशित)–मा बाबू मणिसिंह गुरूङका रचना प्रकाशित

भएका पाउँछौं । त्यसबाहेक तिनताक का प्रख्यात दैनिक अंग्रेजी पत्रहरूमा पनि बाबू मणिसिंह गुरूङ्ले भारतीय नेपालीका समस्यालाई प्रतिनिधित्व गर्ने धेरै लेखहरू लेखी प्रकाशित गराउनु भएको थियो । ) को साहित्यिक र शैक्षिक क्षेत्रको योगदानदेखि लिएर लीलबहादुर छेत्री र गोपीनारायण प्रधानसम्मको साहित्य यात्रामाथि एक विहंगम दृष्टि दिएका छन् । कट्टुवालले साहित्यिक गतिविधि भनेर यस लेखलाई सम्बोधन गरेतापनि अध्ययन गरेर नियाल्दा तत्कालिन आसामको साहित्यिक परिप्रेक्ष्यमा यसलाई एउटा स–सानो इतिहासनै पनि मान्न सकिन्छ । यसो भन्नुको औचित्य के छ भने कट्टुवालले यस लेखमा साहित्यकार एवं कविहरूलाई काल, कमानुसार विधागत विविधताको दृष्टिले विभाजन गरेका छन्, साथै पत्र–पत्रिकाको विवरणपनि स्वतंत्र प्रकारले काल क्रमानुसार विभाजन गरेका छन् । यसबाहेक असमका नेपालीहरूमा संचार भएको सामाजिक चेतना र जातीय प्रेमको भावना, राजनैतिक जागरण र शैक्षिक पछौटेपनाको अध्यायलाई पनि यस लेखमा बड़ो रोचकता सहित प्रस्तुत गरिएका छन् । नेपाली संस्कृतिको जिउँदो परम्पराले आसामका नेपालीहरूमा सांस्कृतिक चेतनाको नौलो आयाम थपेको नयाँ अध्यायलाई पनि कट्टुवालले यस लेखमा प्रासंगिक ढाँचाबाटै प्रस्तुत गरेका छन् । एक सफल निबन्धकारको परिचय दिंदै कट्टुवालले यस लेखमा आसामका कवि, कथाकार, उपन्यासकार, नाटककार, अनुवादक र पाठ्य पुस्तक लेखकका सूचीमा उनीहरूका सम्बन्धित क्षेत्र र कृति सम्मको उदाहरण यसरी प्रस्तुत गरेका छन् :

कवितामा पनि आसामका नेपालीले सक्दो प्रगति गर्दै आएका छन् र यस क्षेत्रमा देखा परेकाहरूमद्दे हरिप्रसाद 'गोर्खा' राई, बिरही सुब्बा र पुष्पलाल उपाध्याय, पछि गोपीनारायण प्रधान, कृष्णप्रसाद ज्ञवाली, प्रेमसिंह, सुवेदी, गोविन्द शर्मा, डम्बर, नेपाली, पद्य ढकाल, लक्ष्मीप्रसाद तिमसिना, गजेन्द्र कार्की, मणिसिंह थापा, जगतबहादुर प्रधान, हरिश पुरी, गुरुभक्त जैशी, भविलाल लामिछाने, हरिभक्त कट्टुवाल, राजासिंह लिम्बु आदिको नाम उल्लेख गर्न सकिन्छ ।

कथामा निकै खारिनु भएका हरिप्रसाद 'गोर्खा' राईज्यूबाट पनि हामीलाइं संग्रहको रूपमा कुनै कृति अझसम्म प्राप्त हुन सकेको छैन तापनि पत्र–पत्रिकाहरूमा (विशेष गरी भारती (गोर्खामा) वहाँका निकै कथाहरू हामीलाई प्राप्त छन् । भएन, वहाँ असमीया भाषाका पनि ख्यातिप्राप्त कवि र कथाकार हुनुहुन्छ । कथा क्षेत्रमा कलम चलाउनेहरूमा भोलानाथ गुरूङ अर्जुन निरौला, रामप्रसाद उपाध्याय, दुर्वाशा उपाध्याय, अग्नि बहादुर क्षेत्री, हरिभक्त कट्टुवाल, गुरू भक्त जैसी, चन्द्रकला नेवार र धनमाया क्षेत्री आदिको नाम उल्लेख गर्न सकिन्छ ।

निबन्ध क्षेत्रमा लीलबहादुर क्षेत्रीको अतिरिक्त चिन्तामणि सुवेदी अग्निबहादुर छेत्री, पद्य ढकाल आदि र नाटकको क्षेत्रमा डी. आर. सुब्बा, प्रेमसिंह सुवेदी, हरिश्चन्द्र बाग्दास हरिभक्त कट्टुवाल आदिको नाम उल्लेख गर्न सकिन्छ। यसरी नै अनुवाद

**साहित्यमा टङ्कनाथ उपाध्याय (जुलियस सिजर) र अग्निबहादुर छेत्री (नेसमीया मैत्री मांगमा: असमीया कथाको नेपाली अनुवाद)—लाई अघि सार्न सकिन्छ ।**

इतिहासकारका रूपमा पनि हामी अग्निबहादुर छेत्रीलाई निकै अघि बढ्नु भएको पाउँछौं । वहाँको आसामको इतिहासले छात्र – छात्राको भोक मात्र नटारेर असम सम्बन्धी जानकारीका लागि उत्सुक व्यक्ति लाई रसिलो खोराक दिन्छ । यस दिशामा काशिराम शर्मा, दुर्गाधर प्रधान र हरिभक्त कटुवालले पनि समय समयमा कलम चलाएको पाइन्छ ।

उपन्यास र कथामा लीलबहादुर छेत्री कालीकोटेलाई र कवितामा पुष्पलाल उपाध्यायलाई अगुवा बनाई आसाममा साहित्य विकासको जुन बाढी आयो त्यसले एउटा आशाप्रद तस्वीर हामी नेपालीका सामु ल्याईदिएको छ । समय समयमा प्रकाशमा आएका गोर्खा सेवक, हिमाद्री फिलिङ्गो प्रभात, असम गोर्खा, उषा, मुक्ति, हिमालय, ब्रह्मपुत्र, बिन्दु, कोपिलो, भानु स्मृति, हाम्रो आशा र सुमन आदि पत्र—पत्रिकाले बीच वीचमा भइरहने कवि गोष्ठी, भानु जयन्ती उत्सव र पत्र—पत्रिका प्रदर्शनी आदिले पनि आसाममा नेपाली साहित्यको विकास हुनमा ठूलो मदत पुरयाएका छन् ।" हुनपनि मातृभाषामा शिक्षाको माध्यम हुननपाएको नेपाली साहित्यकारहरूको यो प्रयास स्तुत्य नै देखिन जान्छ । "हाई स्कूल स्तरमा नेपाली भाषालाई मान्यता दिइयोस भन्ने ठेस् माँग गर्न थालेको साह्रै धेरै भएको छैन । त्यो शुरू भएको 1961 साल बाटै हो भन्दा पनि हुन्छ" (आसाममा नेपाली भाषा र त्यसको साह्रो गाह्रो' – लीलबहादुर छेत्री 'भानु' वर्ष 20 किरण 30 वि. सं. 2038 ) भन्ने लीलबहादुर छेत्रीको भनाई बमोजिम साहित्य साधनाको प्रतिकूल परिस्थितिमाँ जे जति पत्र—पत्रिका छपिए र पुस्तकहरू प्रकाशनमा आए -- त्यसलाई उपेक्षा गर्न सकिंदैन् । कुशल निबन्धकार एवं दक्ष साहित्यिक पर्यवेक्षकको प्रतिभा कटुवालले यस लेखमा देखाएका छन् ; तरपनि अझ एउटा अभाव यहाँ नेर खट्किन्छ त्यो के भने यही विषयलाई अझ व्यापक सामग्री जोगाढ़ गरेर गंभीररूपमा प्रस्तुत गर्न सकिएको भए आसामको साहित्यको इतिहासमा एउटा अति अनिवार्य पुस्तक बनिने थियो कटुवालको यो लेख । जे होस कटुवालको निवन्धकारितालाई प्रस्तुत गर्न उनको उक्त लेखबाट धेरजसो पंक्ति नै उदाहरणस्वरूप उद्‌धृत गरिएका छन्, यसकारण यस लेख विपय अझै केही भन्ने कुरो छैन्, तर उनका अन्य लेख निबन्धको भने चर्चानगर्दा सम्बन्धित विषय र प्रसंग नै अधूरो हुन्छ ।

निबन्ध भनेर सम्बोधित उनको अर्को एक रचना वास्तवमा संस्मरणात्मक निबन्ध 'स्मृति ग्रंथ' – मा प्रकाशित छ जसको लेखक हरिभक्त कटुवाल हुन् । यस संस्मरणात्मक निबन्ध को शीर्षक छ "अनाम गोर्खाली सैनिकको चिहानमा एउटा बिहान," संसारको कुना कुनामा पुगेर अरूकै युद्ध लड़िदिने र मरेपछि अज्ञात, अपरिचित, भएर मात्र

ढुंगाको चिहान ओगटिदिने बीर गोर्खा जातिकोदेशभक्ति, इमान्दारीपन र रणकौशलताको विशिष्ट उदाहरण यस निबन्धमा प्रतिबिम्बित छ । सन् 1961 सालमा कटुवाललाई एक पल्ट नागाल्याणडको राजधानी कोहिमामा पुग्ने मौका मिल्छ, जहाँ उसले देख्छ दोस्रो विश्वयुद्धमा परेका सैनिकहरूको एक सिमेट्रीको ढोकामा भएको त्यो ठूलो ढुँगो जहाँ लेखिएका छन् :

व्हेन यू गो होम
टेल देम अफ अस एण्ड से
फर दियर टुमरो
वी गेभ आवर टु डे ।

दोस्रो विश्वयुद्धमा शहीद भएका वीरहरूको चिहान हेर्दै कटुवाल जब अघि बढ्छन् त्यहाँ उनले अनेक शहीदका चिहानमाथि लेखिएका विभिन्न प्रकारका समाधि लिपि पढ्दै जान्छन्, तर जब एउटा चिहानमाथि लेखिएको 'एन अननोन गोर्खा सोल्जर, एज एबाउट एटिन' देख्छन्, तब कविलाई ठूलो आघात पर्छ । धेरै जसो चौबीस वर्षभित्रका जवान गोर्खा युवकहरू जसलाई दोस्रो विश्वयुद्धमा जापानी गोलीको शिकार हुन परेथ्यो । कुनै एउटा अंग्रेज शहीदको चिहानमाथि भर्खरैकसैले चिटिक्क परेको एउटा फूलको गुच्छा सदिच्छास्वरूप राखेर गएको कटुवाल देख्छन्, अनि सानो कागजको टुक्रामा 'बर्थ डे रिमेम्बरेन्स' लेखेर चिहानमा एउटा फलामकोपाटी राखेको, त्यहाँ पनि लेखिएको थियो मृतकको नाम, उमेर पल्टनको नाम र उसको दर्जा । तर त्यस्तै युद्धमा मर्ने गोर्खाहरूको चिहानमा न त कसैले फूल नै चढाए न त कसैले परिचय नै लेखिदिए । कविलाई ठूलो आघात लाग्यो यहीदृश्यले, निबन्ध लेखिनुको केंद्रीय विषय वस्तु नै यहीद्श्य भयो कटुवालको निम्ति । संवेदनशील कवि हृदयले यही क्षणलाई निबन्धमा यसरी उतारयो "म त्यो ढुंगो संझिरहेको छु, अंग्रेज सैनिकको चिहानमा अंकित 'एपिताफ' संझिुरहेको छु र सम्झिरहेको छु ती 'अननोन गोर्खा सोल्जर' हरूका चिहानहरूलाई .. ।"

प्रस्तुत निवन्धमा कटुवालको भावपक्ष उनका दुइ गीतहरूमा प्रतिबिम्बित भावनाकै गद्यात्मक स्वरूप मात्र सकिन्छ । युद्धमा मर्ने बीर गोर्खाको अस्तित्व कस्तो अवस्थामा गुज्रिरहेको छ भन्ने प्रश्नको उत्तरमा सृजित ती दुई गीतका केही लहर उदाहरणस्वरूप उद्धृत गर्न यहाँ प्रासंगिक देखिएको छ :

कतै फेरि धावा चल्यो भन्ने सुन्छु
धेरै भयो सम्चार नआएको उनको
कतै त्यही धावामा पो परे कि ?
के चूराहरूको रहर यति नै हो ?
सिउँदोको सिन्दुरको उमेर यति नै हो ?

**यति यत्ति नै हो भने फेरि कहिल्यै**
न सिन्दूरै लाउँला न छोरो नै पाउँला (यो जिन्दगी – 20)
यो देशको माटोले भन्छ
यो देशको ढुंगाले भन्छ
हाम्रो पनि रातो रगत यहीं बगेको छ
हाम्रो पनि तातो पसिना यहीं झरेको छ
देशको लागि मरेको घाम जून अझ साक्षी छ
हामीले के पो गरेनौ के गर्न अझ बाँकी छ (स्मृति ग्रंथ पृष्ठ 149)

विश्वयप्रसिद्ध योद्धा जाति गोर्खालीहरूले देशको सुरक्षार्थ कुन कुराको बलिदान गर्न बाँकी राखेका छन् र ? भन्ने कविको गौरवपूर्ण आत्माभिव्यक्ति यस निबन्ध र प्रस्तुत गीतमा स्पष्ट झल्किएको देखिन्छ । तर उनीहरूको यो त्याग र बलिदानको आत्माहुति र मृत्युको के वास्तविक मूल्याकंन भएको छ र ! कटुवाल अझ यस निबन्धमा लेख्छन् "कहाँ नहोलान गोर्खालीका चिहानहरू ? बर्मा र मलायाको अन्कन्टार जङ्गलमा, अफ्रीकाको मरूभूमिमा, अफगानिस्तान र वलुचिस्तानमा, टिउनिसिया र जाभा बोर्निओमा, भारत पाक र भारत चीनको सीमानामा कैयौं कैयौं अननोन गोर्खा सोल्जरहरूका हाड़ खोड़ मक्किए होलान बिना कुनै लक्ष्य बिना कुनै अर्थ कहाँ बन्यो होला र सिमेट्री ती अनाम गोर्खा सैनिकहरूका लागि मात्र ? कति सस्तो मरिदिएका छन् गोर्खालीहरू अरूका लड़ाईंहरूमा?

युद्धमा यसरी समर्पण भएर देशको गौरव बढ़ाउनमा गोर्खाहरू पछि परेका छैनन्; तर पनि युद्धपछि घर फर्कंदा आफ्नो घर – परिवार विध्वस्त भएको, छिन्न–भिन्न भएको, कतिको भाइ खसिसकेको, कतिकी आमा निधन भईसकेको दर्दनाक परिस्थितिलाई नेपाली गीतकारहरूले संगीतमा बाँधेर गाइसकेका पनि छन् :

केराको पातमा कपूरको बत्ती दैलोको ठेलैमा
परदेशबाट म फर्की आएँ हे कस्तो बेलैमा – भन्ने

प्रचलित नेपालीगीत यस्तै दुःखान्त परिस्थितिको उपज मात्र सकिन्छ । अपवादस्वरूप कटुवाल पनि यस्तै दुःखान्त परिस्थितिको चक्रमा आत्मसात नभई रहन सक्दैनन : यसकारण ती बिरानो ठाउँमा बर्षौंसम्म अल्मलिएर कति युद्धमा विजयी भएर कति युद्धमा बन्दी भएर घर फिर्दा ती जवान गोर्खाका नव विवाहित पत्नीहरू पतिलाई युद्धमा शहीद भएको ठानी कतिले विधवा भेष धारण गरी कतिले नयाँ जिन्दगी शुरू गरि सकेका हुन्छन्: यस्तो परिस्थितिमा युद्ध जितेर घर संसारको सपना देख्दै संघारमा आईपुग्दा ती बीर गोर्खाहरूको आत्म कसरी कहालिंदो हो । कटुवालले यस परिस्थितिको चित्रणमा आफूमित्रको निबन्धकारितालाई यसरी प्रस्तुत गरेका छन : "मलायाको रबरको बनमा वर्षौं हराएर घर फर्किंदा मायालुले चुरा फोरिसकेको–सिंदूर पुछि

सकेको पाए हुनन् कतिले ? धावामा परेको सिपाहीलाई कति कुर्नेभनेर नयाँ जिन्दगी थालिदिए हुनन् कतिका साहिंलीहरूले ... ।"

कटुवालले लेखेका अन्य कतिपय निबन्ध भएता पनि कलापक्ष यसमा अति नै सशक्त देखिएको छ, यसकोएउटा कारण के पनि हुनसक्छ भने कतिपय उनका गीतमा झैं जातीय प्रेम र अस्तित्वको चेतना पनि उनका काव्य यात्राको एउटा प्रवृत्ति भएको हुनाले, त्यस प्रवृत्तिको चरम उत्कर्ष यस निबन्धमा परिलक्षित छ । नेपाली जातिका सामूहिक हक र हितका निम्ति स्व. कवि अगमसिंह गिरी झैं गर्जन नसकेतापनि कहीं कहीं जातिलाई, समाजलाई दिग्दर्शन गर्न भने चुकेका छैनन् । यसबाहेक उनका निबन्धको अर्को विशेषता के हो भने कविता झैं आकारको लघुता प्रायः धेर जसो निबन्धमा देख्न पाइन्छ, अनि निबन्ध लेखनको क्षेत्रमा पनि कवितामय भाषा शैली उनको मौलिकता हो । आकारमा सानो र चुटकिला भएता पनि उनका निबन्धमा व्यंग्य कवितामा झैं प्रत्यक्ष परोक्षरूपमा अन्तर्निहित भएका हुन्छन् ।

कटुवालका स—साना चुटकिला निबन्ध विषयमा केही लेख्नु पर्दा 'भानु' पत्रिकाको विचार विशेषाङ्कमा प्रकाशित 'उज्यालो कहाँबाट' शीर्षकमा एउटा गहन वैचारिकतामा आधारित एउटा निबन्धको पनि उल्लेख नगरी सक्दिन । यो छोटो निबन्धमा उनले अंध्यारोलाई मृत्युको प्रतीक र उज्यालोलाई जीवनको प्रतीकको रूपमा ग्रहण गरेर त्यसमा जीवन प्रतिको दृष्टिकोणलाई बड़ो संवेदनशील ढंगमा एउटा आकार दिएका छन् । उनको यही संवेदनशीलता र जीवन जिउने ढंगको नितान्त मौलिक परिपाटीलाई समालोचक अभि सुवेदीले यसरी प्रस्तुत गरेका छन् "हरिभक्त एक सचेष्ट र संवेदनशील व्यक्ति भएको हुनाले उनको आफ्नै प्रकारको जीवन शैली र लय थियो .. । उनी जीवनवादी थिए, निराशावादी होइन । रक्सी खाँदैमा र रूँदैमा कोही पनि निराशावादी हुँदैन । बढ़ी भावुक भएका हुनाले यथार्थलाई बढ़ो रंजक बनाएर उनी लिन्थे । त्यो यथार्थलाई उनले बदल्न खोजेनन् बरू त्यस यथार्थका अनेकौं स्वरूपलाई गीतमा लेखे उनले .. ।" (स्मृतिग्रंथ पृष्ठ 20) यस बाहेकपनि उनका अन्य चुटकिला लेख निबन्धहरूमा 'नेपाली संस्कृति र आसामका नेपाली', 'एक टुक्रा बान्किलोबिचार ' (कटुवाल स्मृति ग्रंथ पृष्ठ 188 ) 'बान्कीको जन्म ' (बान्की पूर्णाङ्क 32, विं. सं. 2034) 'बान्की 11 बारे' (बान्की अंक 13 विं. सं. 2031) र 'बान्की गोष्ठी' (पूर्णाङ्क 30, विं. सं. 2034) मा 'नेपाली साहित्यिक पत्रिकाको वर्तमान स्थितिबारे तपाईको विचार' शीर्षकमा कटुवालको सानो लेख निक्कै घतपर्दो छ । हरिभक्त कटुवाल नेपाली साहित्यका मूर्धन्य निबन्धकार भने होइनन् तर उनले केही सफल निबन्ध भने अवश्य लेखेका छन्। यसकारण उनको निबन्धकार पक्षलाई न्याय दिनु हो भने सीमित संख्यामा निबन्ध लेखे तापनि ती निबन्धले कटुवालको निबन्धकारितालाई धेरै सीमासम्म सफलताको गोरेटोमा ल्याएका छन् ।

नाटककारको रूपमा हरिभक्त कटुवालले निक्कै ख्याति कमाएको तथ्य पत्र – पत्रिकाको माध्यमले जान्न पाइएको भएतापनि, उनलाई यसरी ख्याति प्राप्त गराउने नाटकहरू भने प्रकाशनमा खूबैकम आएको देखिन्छ । उनले नेपालबाट सन् 1976 सालमा आफ्नी छोरी कवितालाई लेखेका पत्रबाट पनि उनको नाटकले श्री 5 महाराजधिराजको जन्मोत्सवमा 14 गते पुषको दिन मञ्चन हुने भएको तथ्य प्रकटमा आएको छ । पत्रानुसार उनले लेखेका छन् "मैले काठमाडौंमा दशैंको छुट्टीमा लेखेको "बादलले छोपेका घाम " आउँदो पुस 14 गतेदेखि श्री 5 महाराजाधिराजको जन्मोत्सवको उपलक्ष्यमा खेलाईंदैछ ।" (स्मृति ग्रंथ पृष्ठ, 102 ) यसबाहेक ओझेलमा परेको उनको अर्को एकांकी नाटक 'अनुराधा' पनि हो भन्ने संकेत उनको भाइ उपेन छेत्रीले दिलीपसिंहलाई ('त्यसबेला उकहिले मरिदेला झैं लाग्दथ्यो' नामक) एउटा अन्तर्वार्तामा यसरी दिएका छन् "नाटकमा पनि उ अभिनय गर्थ्यो । नाटक लेखेको पनि छ, 'अनुराधा' भन्ने एउटा एकांकी छ उसले लेखेका । " (स्मृति ग्रंथ 119) कटुवालका प्रकाशित नाटकहरू कमै पाइएता पनि उहाँ स्वयंले आफूलाई नाटककारको रूपमा प्रस्तुत गरेको तथ्य आकुञ्चन वर्ष 2 अंक 1 –मा प्रकाशित ईश्वर वल्लभसितको अन्तर्वार्तामा यसरी प्रकट गरेका छन् : बल्लभ, तिमी आसाम गएकाछौ । तिमीले त्यहाँ देख्यौ होला त्याहाँ म एकैचोटी कवि थिएँ, नाटककार थिएँ, ... ।" (आकुञ्चन पृष्ठ 9) तर अप्रकाशित र प्रकाशितै भएपनि दुर्लभ भईसकेका नाटकहरूको विषयमा सामान्य पाठक अनभिज्ञ रहेका हुन्छन्, अनि कुनैपनि सृजनशील साहित्यकारको मूल्यांकन सामान्यत प्रकाशित कृतिहरूकै माध्यमबाट सहज र युगीनपनि हुनजान्छ । यही आधारमा नाटककार कटुवालका प्रकाशित एकांकी, रेडियो रूपक र पूर्णाङ्की नाटकहरूको दुर्लभताको कारणले उनका सम्पूर्ण प्रकाशित नाटकहरूको विश्लेषण गर्नु संभव छैन् ; तर जति प्रकाशमा आएका छन् , तिनीहरूकै आधार र पृष्ठभूमिमा उनका नाटककार व्यक्तित्वको परिचर्चा यहाँ प्रस्तुत छ ।

'स्मृति ग्रंथ' – मा प्रकाशित कटुवालका चारवटा नाटकको माध्यमद्वारा उनका नाटककार पक्षलाई यहाँ विश्लेषण गर्न परेको छ; रेडियो रूपक तथा एकांकी नाटकको नामले सम्बोधित उनका चार नाटकमा प्रथम मुक्ति पथ, दोस्रो – युगको हाँक, तेस्रो –ढुंगाका मान्छे र चौथो बाल दिवस हुन्। यसबाहेक उनका अप्रकाशित नाटक 'अनुराधा' जस्तै 'म मरेको छैन' नामक एकांकी सकंलनको उल्लेख पनि 'स्मृति ग्रंथ' को 192 पृष्ठमा छ तर, यस संकलन प्रकाशित भएको प्रमाण भने अझसम्म लागेको छैन् । यसैकारण प्रकाशनमा आएका चार नाटय कृतिको भरमा कटुवालमा निहित नाटककारका संभावनाहरूलाई यहाँ राखिन्छ । प्रथमतः 'मुक्तिपथ' नामक रेडियो रूपकले भगवान बुद्धको जीवनमा आधारित एक पक्षलाई नाटकको विषय वस्तु बनाएको छ । विषय वस्तुको दृष्टिकोणले यो नयाँ चीज होइन, कृशाको मृत पुत्रलाई जीवनदान गर्न

भगवान बुद्धसित जब कृशाले बिन्ति गर्छन्, त्यससमय बुद्धले कहिलेपनि मरौ नपरेको घरबाट एक मुट्ठी तिल ल्याएर आउने आग्रह गर्छ । मरौ नपरेको घर नै जब कृशाले पाउन सक्दैन, तब कृशामा स्वयं आत्म ज्ञानको ज्योति प्रवेश गरेको तथ्य प्रकट हुन्छ । जीवन मरणको चक्रबाट मानिस संसारमा तबसम्म स्वतंत्र हुन सक्दैन जबसम्म उसमा आत्म ज्ञानको प्रकाश प्रवेश गर्दैन भन्ने तथ्यलाई यस नाटकमा कृशामा उदय भएको आत्म ज्ञानको प्रकाश प्रवेश र आत्मबोध को चारित्रिक विशेषताद्वारा स्पष्ट पारिएको छ। नाटकको विषयवस्तु पुरानो भएतापनि भगवान बुद्धको जीवनमा आधारित प्रस्तुत रूपकले बौद्धधर्मको आदर्शतिर पाठ्कलाई संकेत दिएको छ, साथै प्रस्तुतीकरणमा जिउँदो नेपाली समाजको चरित्र प्रतिबिम्बित छ । नाटकमा बसुधैव कुटुम्बकमको भावना कृशाको पुत्रको निधनपछि संसारमा नितान्त एक्लो छ भन्ने धारणालाई भगवान बुद्धको वाणीस्वरूप नाटककारले भन्न लगाएका छन् "कृशा के मनेकी तिमीले यो? संसारमा तिम्रा आफ्नो मन्नु किन छैनन् ? संसारका प्राणीमात्र तिम्रा आफ्ना हुन । मायाको पर्दा आँखाबाट फालेर संसारतिर हेरयौं भने — सारा संसार नै तिम्रा आफ्नो प्रतीत हुनेछ । " नाटकको लक्ष्य धार्मिक अंधविश्वास नभएर आत्म ज्ञानको लक्ष्य र त्यसको आदर्श बोधको परिचय हो । मूल भाषाबाट अनेक भाषामा अनुवादित भएता पनि कथानकको आदर्श यहाँ पनि सजीव रहन गएको छ ।

उनको अर्को एकांकी नाटक 'युगको हाँक' हो, जसको विषयवस्तु सामाजिक सुधारवादी दृष्टिकोण रहेको छ । शोषण, अशिक्षा र जात पातको भेदभावले, ग्रस्त पारेको नेपाली समाजको चित्रण यस नाटकको भावभूमि रहेको छ अनि यी तीन सामाजिक अभिशापको विरूद्ध सशक्त युवा विद्रोहको स्वतंत्र घोषणा यसको चरमोत्कर्ष हो । शीर्षकको हिसाबले 'युगको हाँक' — को सट्टा 'युगको चुनौती' अथवा 'युगको माँग' जस्ता शीर्षकपनि उपयुक्त हुन सक्ने यस नाटकको दृश्य एकजना साहूको सुसज्जित कोठाबाट शुरू भएर त्यही कोठामा अन्त पनि हुन्छ । नाटककार कटुवाल नेपाल जान अघि सन 1964 सालमा 'गोर्खापत्र' को असार 16 मा प्रकाशित प्रस्तुत नाटकले साहू अमरध्वजको शोषण वृत्ति, जात पातको कट्टर समर्थक तथा असामाजिक र कुसंस्कारवादी चरित्र प्रस्तुत गर्दै यसको विरूद्ध उनकै पुत्र वसन्त लगायत गाउँका अन्य दुइ नवयुवकको सामाजिक चेतनाले जागृत भावना तड़कालो रूपमा नाटकमा प्रतिबिम्बित छ । ब्याजको पनि ब्याज जोड़ेर गरीब किशानको परिश्रममा मोज गर्ने सामन्ती प्रवृत्तिग्रस्त साहू अमरध्वजको एकजना कारिन्दा सुरबीरको चाकरीबाज चरित्रबाट नाटक शुरू हुन्छ, अनि शोषित किसानको प्रतिनिधिस्वरूप नरेको चरित्र एउटा निरीह प्राणीको रूपमा प्रस्तुत छ । एक बिहान सूरबीरले नरेमाथि लगाइएको ब्याजको ब्याज जोड़िरहेको समय संयोगवश नरेपनि त्यही बेला आईपुग्छ साथै साहूपनि । अनेक विन्ति गरेर आफ्नो ऋण केही पछि चुक्ता गर्ने बचन दिंदापनि साहू

मान्दैन, सट्टामा लगेको ऋण बाहेक ब्याजको ब्याज जोड़ेर फाल्टो एकसय बत्तीस रूपियाँ बनाई नरेको खेतपनि हड़प गर्ने इच्छा प्रकट गर्छ । साहूको यस्तो वचन सुनेर नरे विलखबन्द हुन्छ, अनि "राम्रोमा राम्रो खोज्छस् भने खेत लेखिदे र तम्सुक च्यात, होइन भने म जानेको गर्छु" भन्ने साहूको कठेर वचन सुन्दा दीन – हीन किशान नरे वेहोशप्रायः बन्छ । यतिनै बेला गाउँका दुइजना युवकको प्रवेश त्यो घरमा हुन्छ, जसले 'समाज सुधार' नामक नाटक खेल्ने र गाउँमा पुस्तकालय खोल्ने आफ्ना योजना साहूलाई सुनाउँछन् । यसको निम्ति साहूबाट पनि अर्थसंग्रह गर्ने युवकहरूको इच्छा सुनेर साहू तर्किन्छ, उसले जात पातको भेद समाजमा जिउँदो राख्ने कुरामा समर्थन गर्दै जात–पात हटाउन चाहने समाज सुधारलाई घृणा गर्छ, यस्तो समाज वा संस्थालाईदान नदिने आफ्नो निर्णय प्रकट गर्छ । यतिमै साहूको छोरो वसन्त भित्रबाट केही पुस्तक लिएर दुइ युवाको लहरमा उभिन्छ अनि पिताको यस्तो कुसंस्कारवादी विचार र व्यवहारको साटोमा दुइ युवालाई आफ्नो हातको घड़ी दान गर्छ साथै पुस्तकपनि । यसले साहूमा रोष र प्रतिशोधको मात्रा अझ बढ़ाउँछ, उसले छोरोलाई घरबाट धपाउने विचारले अनेक कुवाक्य छोरोलाई भन्छ, तर आफ्नो प्रतिज्ञामा अटल छोरोले साहूकैपुत्रको हैसियतमा असामी नरेलाई समेत ऋण माफ भयो भन्ने कुरो सुनाउँछ, विचरो नरबहादुर वसन्तलाई कृतज्ञता स्वरूप सलाम गरिराखेर बाटो लाग्छ । घरमा फर्केर आउन पाउँदैनस् भन्ने बाबुको वचनलाई चुनौती दिँदै बसन्तले समाजलाई नै सर्वस्व ठानेर घर छाड़ेको पूर्ण घोषणा सुनेर साहू उच्च रक्त चापले बेहोश भएर कोठामै ढल्छ । नाटक यतिमै शेष भएता पनि नेपथ्यबाट एउटा गीत गुञ्जन्छ :

सुनिदेऊ सुनिदेऊ हाम्रो एउटा बात
पुग्नेठाउँ एउटै हाम्रो जाउँ एकै साथ
तिम्रो हाम्रो दुःख सुख बाँडिचुंडी लिउँला
एकै साथ मरौंला एकै साथ जिउँला
वसन्तको फूल फुले बन भरि भरि
प्रगतिको घाम लाग्यो मन भरि भरि ..।

नेपथ्यबाट आएको यो गीत वास्तवमा सम्पूर्ण नाटकका विषयवस्तुका सम्पूरक स्वर हुन गएको छ । समाज सुधारको मूलस्वर यो नाटकको लक्ष्य र आदर्श हो । उनको तेस्रो एकांकी नाटक 'ढुंगाका मान्छे' हो, जसको लक्ष्य छ देशको सेवाको निम्ति समर्पित युवाहरूका वार्तालाप, चरित्र – चित्रण र निःस्वार्थ भावनामा आधारित नव युवकहरूको उत्सर्ग र लक्ष्य प्राप्तिको नाटकीय भूमिगत कथा । नाटकमा जम्मा जे.बी. के.बी. एल. बी. र राधा नाम भएका चार व्यक्ति छन्, तिनीहरूकोआ आफ्नै व्यक्तित्वको भूमिका र समाज सुधारको दायित्व छ । 'समाज सुधारको उद्देश्य' परोक्ष रूपमा पात्र के.बी. को बयानबाट जान्न पाइएकोएउटा लक्ष्य यी चारै व्यक्तिको छ, जसको निम्ति भूमिगत

रूपमा यी चार पात्र–पात्रा निःस्वार्थ भावले जीवन उत्सर्ग गर्नसम्म तत्पर छन् । यसमा राधालाई समाज सुधारको निम्ति कठोर काममा खटाइन्छ एकजना समाज सेवक एल. बी. सित । तर एल. बी. को दुष्चरित्र बारे राधाले विरोध गर्दा उनलाई बोलाएर स्पष्टीकरण मागिन्छ । एल. बी. को बयान अनुसार दुइपल्ट राधा उसको वासनाको शिकार भईसकेको तथ्य प्रमाणित भएपछि एल. बी. लाई सजाइको निम्ति कालो रूमालले आँखामा पट्टी बाँधेर दुइहात पछिल्तिर बाँधेर मञ्चको पछिल्तिर लगिन्छ, केही बेरपछि बन्दुक पड्केको आवाज सुनिन्छ । एल. बी. को हत्याको परोक्ष संकेत दिनलाई बन्दुक पड्काइएको आवाज यहाँ सुनाइएको हो ।

जे.बी. र के.बी. को निर्देश अनुसार राधालाई पी.बी. नामको अर्का एक व्यक्तिसित 'समाज सुधार' वा देशभक्तिको बहनामा सीमाना पार गर्ने निश्चित भएपछि जे.बी. र के.बी.को अट्टाससितै नाटक टुंगिएको बाट के बुझिन्छ भने 'देश सेवा' वा समाज सेवाको नाटक रचेर राधाको पिता बमबहादुरको सम्पत्ति प्रतिको पूर्ण हकदारीबाट राधालाई विमुख पारी त्यसको हक़दारीआफूले (जे.बी. र के.बी. ले ) लिने दाबी गर्नु ! के.बी. र जे.बी. कै पूर्व योजनानुसार एल. बी. ले पनि राधालाई दुइ पल्ट वासनाको शिकार बनाएर जिउँदैमा मारीसकेको रहस्य यी दुइ पात्रको मुखबाट निस्कंदा 'समाज सेवा' वा 'देश सेवा' को ढोंग रच्ने स्वार्थी पुरूष समाजले राधालाई माध्यम बनाएर स्वार्थ पूरा गरेको षड्यंत्र पाठकले नाटकको अन्तमा मात्र बुझछन् । समाज सेवा वा देश सेवाको बहानामा षड्यंत्र रचेर आफ्नो स्वार्थ सिद्ध गर्ने स्वार्थी पुरूष समाज प्रतिको तीखो व्यंग्य यस नाटकको लक्ष्य रहेको छ । समाज सेवाको निहूँमा आफ्नो स्वार्थ पूजामा संलग्न रहने षड्यंत्रकारी पथभ्रष्ट युवा समाजको चरित्र अनि त्यसको नतीजापनि यस नाटकमा प्रतिबिम्बित छ । व्यक्ति स्वार्थको निम्ति राधा झैं त्याग गर्न सक्ने नारीको वास्तविक स्वरूप ठिम्याउन नसकी वस्तुको रूपमा विनिमयको दृष्टिले हर्ने खोज्ने संकुचित, निष्ठुर र कायर पुरूषलाई यहाँ 'ढुंगाका मान्छे' को उपमा पनि प्रयुक्त छ । 'समाज सेवा' वा 'देश सेवा' जस्ता आदर्शतालाईपनि व्यापारको माध्यम बनाएर सामाजिक दायित्वहीनता एवं नैतिक आचरणको लम्फूपनाद्वारा स्वार्थ सिद्धिमा रत हुने के.बी. जे. बी. जस्ता आदर्शताको मखुण्डो धारी युवा जमात समाज र देशमा रहिञ्जले समाज सुधार वा देश सेवा हुनसक्दैन भन्ने सन्देशपनि नाटकको सामाजिक उपलब्धि हो ।

'बाल दिवस' नामक बाल एकांकी कटुवालका अर्को एक शिशु साहित्य लेखनकलाको र शिक्षक जीवनका अनुभूतिको एउटा चित्र हो । 'बाल दिवस' को प्रसंगमा किन यो दिवस 14 नोभेम्बरमा मनाइन्छ ? भन्ने नानीहरूका प्रश्नको जवाफमा उनी लेख्छन् "त्यति पनि तिमीहरूलाई थाहा छैन ?' हाम्रा प्रधानमंत्री पंडित जवाहरलाल नेहरूको यो जन्मदिन हो । उनले नानीहरूलाई साह्रै माया गर्दछन् । नानीहरूले पनि उनलाई साह्रै खचाउँछन् । त्यसै कारण उनलाई चाचा नेहरू पनि भन्दछन् । नानीहरूलाई

उनले साह्रै माया गर्ने हुनाले नै उनको जन्म दिनमा बाल – दिवस मनाइएको हो।" 'बाल दिवस'– को उपलक्ष्मा उनी एउटा कथा भन्छन नानीहरूलाई, यही नाटकमा उल्लेखित पात्र दाज्यूको माध्यमद्वारा, जतिबबेला भारतमा अंग्रेजहरू, समुद्र यात्रा गरी आएका थिए, त्यसबेला त्यही जहाजमा लुकेर एउटा बेलायतीभ्यागुतो पनि यहाँ आइपुग्यो। सागर का विशाल छालहरू देखेर भ्यागुताको होश उड्यो। यहाँ आइपुगेर जब त्यसले यहाँका स्वदेशी भ्यागुताहरूलाई सागरका छालको विवरण दियो सबै डराउन लागे। त्यसभन्दा अचम्भको अर्को कुरो के थियो भने त्यो बेलायती भ्यागुताको संगत गर्दा गर्दा स्वदेशी भ्यागुताहरू पनि अलि अलि अंग्रेजी बोल्न थाले। भ्यागुतालाईप्रतीक बनाएर कटुवालले यस 'बाल दिवस' एकांकीमा पनि पश्चिमी सभ्यता, संस्कृति र समाजप्रति अनावश्यकरूपले मरिमेट्ने हाम्रा समाजका 'स्वदेशी भ्यागुता' – हरूप्रति गतिलो खिल्ली उड़ाएका छन्।

बाल साहित्यकारका रूपमा पनि कटुवालको प्रतिभा केही फुटकर रचनाको माध्यमले यदा कदा प्रष्टिन गएको पाइन्छ। समष्टिरूपमा कटुवालका यस दिशा र क्षेत्र तर्फका रचनाको कुनै स्वतंत्र संग्रह प्रकाशित नभएता पनि दार्जीलिंग, सिक्किम र डुवर्सका नेपाली माध्यमका पाठशाला हरूमा उनका बाल कविता, बाल कथा पाठ्य क्रममा राखिएका छन्। पाठ्य क्रममा राखिएका रचनाको दृष्टिले हेर्नू हो भने ता उनको एउटा कविता 'जीवनः एक दृष्टि' नेपाली एम. ए. को पाठ्यक्रममा उत्तर बंग विश्वविद्यालयले राखिसकेको छ। धेरै वर्षसम्म पाठशालाका शिक्षक रहनुको नाताले कटुवालले बाल साहित्य लेखेनन भन्ने ठाउँ रहँदैन्, तर लेखेका हरूमा कति प्रकाशित भए अनि ती प्रकाशित भएकामा पनि कति सफल बाल साहित्य प्रधान भए अनि कति भएनन्, यो एउटा स्वतंत्र प्रकारले सोंच्ने विषय हो। तर लीलबहादुर छेत्रीको संस्मरण अनुसार सन् 1958 सालमा स्थापना भएको 'नेपाली शिक्षा प्रचार समिति' – को विधानको मुख पृष्ठमा कटुवालको 'आव्हान' शीर्षकमा एउटा कविता छापिएको थियो :

हिमालयको चुचुरामा नेपाली नै चढ्यो
ठूला ठूला, लड़ाईमा नेपालीनै लड्यो :
बन्दुकका गोली खाई नेपाली नै मर्‍यो
तर किन यो नेपाली ऐल्हे पछि पर्‍यो ....।
(कटुवाल स्मृति ग्रंथ पृष्ठ 9)

यसबाहेक पनि कटुवालले शिशुहरूका लागि अन्य बाल गीत रचेका छन् ; तिनमा दुइवटाको चर्चा गरिन्छ। यो गीत संभवत उनी स्कूलमा शिक्षकको रूपमा रही सेवा गर्नु भएकै समयको उपज हुन सक्छ। 'हामी भारतका सन्तान हौं हामी भारतका सन्तान' भन्ने गीतका रचनाकार कटुवालले आफ्नो बाल नाटक 'बाल दिवस' – मा आफ्ना विद्यार्थी हरूका मुखबाट यो गीत गाउन लगाएका छन् : अनि त्यही गीत का शब्द भाषा

र भावसित मेल खाने दुइ बाल गीत यस प्रकार छन् : (पहिलो बाल गीत )

पहिलो दल – कहाँ जाने कहाँ जाने पुतलीको हूल
दोस्रो दल – जहाँ – जहाँ फुलेका छन् मीठ – मीठा फूल ।
पहिलो दल – पर्ख – पर्ख हामी पनि तिमी संगै जाउँला
दोस्रो दल – पर्खनेले मीठो रस कहाँ खान पाउँला ?
सामूहिक रुपमा – पर्खदैनौं पर्खदैनों हामी पर्खदैनौं
पुग्न पर्ने टाडा छ हामी पर्खदैनौं
रहरले उठेका छन् हाम्रा दुबै हात
उठ मेची कालीका वीर एकै साथ ।
(दोस्रो बाल गीत )
पुतली रानी –
ए पुतली रानी !
फिर्फिर फिर्फिर उड़िरहन्छौ
कस्तो तिम्रो बानी
ए पुतली रानी !
तिम्रो चञ्चल चाल रमाइलो
रङ छ तिम्रो रातो नीलो
कहिले उड़छयौ माथि माथि
हावा संग संगै नाचि – नाची
तिमी सुन्दरताकी खानी !

अहिलेसम्म पनि नेपाली साहित्यमा बाल–साहित्य लेखनको अभाव खट्कि रहेको समय बिचार्दा कटुवालले यस दिशातर्क पाइलो चालेको समय (सन् 1958 तिर ) – तिर त झन यस विषयका एक दुइ व्यक्तिगत प्रयास बाहेक अन्य रूपमा त शून्यकैबराबर स्थिति थियो भन्दा पनि अतिशयोक्ति हुँदैन् । दार्जीलिंगमा सन 1958 सालतिर स्व. डा. पारसमणि प्रधानको सत्यप्रयासले बाल साहित्य विषयका पाठ्य पुस्तकको क्षतिपूर्ति केही मात्रामा भएपनि हुनलागेको थियो भने आसामे नेपाली जीवनको एकान्त स्थानमा स्थापित नेपाली पाठशालातिर भने यो संभव हुन सकेन् ! यस्तो परिस्थितिमा कटुवालद्वारा व्यक्तिगत रूपमा भएको यस प्रयासलाई नकार्न भने सकिन्न । हुनत् 'स्मृति ग्रंथ' मा उनका दुइवटा शिशु साहित्यको झलकको रूपमा एकांकी 'बाल दिवस' र बाल कथा 'चपरी र टपरी' प्रकाशित छन् तर यी दुइ रचनाको विश्लेषण यस पुस्तकमा अगिबाटै भईसकेकोछ । निष्कर्षमा कटुवाललाई बाल साहित्य लेखकको रूपमा त्यति टक् पारेर ठोस स्थानमा राख्न किन सकिंदैन भने बाल साहित्यको नाममा तिनले अधिकतर बाल – गीत र नाटक लेखेका छन्, जसको प्रचार प्रसारले व्यापकता

भन्दा स्थानीयता अंगालेका छन्, साथै अर्को कुरो तिनले शिशु साहित्यमा उनको लेखनी स्थायीरूपममा टिकाउन सकेन । तर जति शिशुसाहित्य प्रकाशनमा आए त्यसले उनमा लुकेका कुशल बाल साहित्यकारको एक पक्षको भने उद्घाटन गर्न सकेको छ ।

# 8

# उपसंहार

हरिभक्त कटुवाल (सन् 1935 – 1980) को मृत्युपछि उनको विविधतापूर्ण साहित्यिक व्यक्तित्वको अभाव एउटा गहीरो खाड़लका रूपमा धेरै बुद्धिजीवीहरूले अनुभव गरेका छन् । आफ्नो साहित्यिक यात्रा आसामी साहित्यको भाषाबाट आरम्भ गर्ने कटुवालले नेपाली भाषा बाहेक आसामी भाषामा पनि अनेक रचनादि प्रकाशित गरेका छन् । कटुवालले आसामी भाषामा प्रकाशित हुनेअसम वाणी, नवयुग साप्ताहिक, र ; दाली जस्ता पत्रिकाहरूमा प्रशस्त रचना प्रकाशित गरेका छन्, यस बाहेक बंगाली, हिंदी र अंग्रेजीका ज्ञान र अध्ययन पनि कटुवालमा निकै थियो । उनलाई असाध्य मन पर्ने भारतीय भाषाका कविहरूमा गोपालसिंह नेपाली, बच्चन र भारतभूषण अग्रवाल हुन् भने उपन्यासमा प्रेमचन्द, मोहन राकेश र अमृता प्रीतम । रवीन्द्रनाथ टैगोर र शरतचन्द्र चटर्जी पनि उनका प्रिय कवि र उपन्यासकार हुन् भन्ने आत्मस्वीकृति छ । पाश्चात्य साहित्यका साहित्यिकहरू भन्दा पनि बेसी आफ्नै देशका साहित्यकारहरूबाट प्रभावित भएको कुरो कटुवालका रचनामा पाइने विशेषताहरूबाट स्पष्ट हुन्छ । उनले आफूलाई कविता साहित्यको क्षेत्रमा 'संदिगग्धकालका जरासन्ध' हूँ भनेर आफ्नै देशको पौराणकि प्रतीक 'जरासन्घ'–को रूपमा चिनाउन खोजेका छन् । 'उत्तरतिर कंस करायो' नामक कवितामा पनि कटुवाललाई भगवान कृष्णको आदर्शले प्रतीकात्मक रुपमा भएपनि धर्मको स्थापना गर्ने आवश्यकताबोधले झस्काएको छ । उनले आफ्ना कथा, नाटक र कविता भित्रका पात्र –. पात्राको चरित्र चित्रणमा पूर्ण भारतीयताको प्रतिनिधित्व गर्न चुकेका छैनन् ।

वास्तवमा कटुवालको युग नै राष्ट्रीय चेतनाको नौलो प्रवाहमा हुर्कन लागेको राष्ट्रीय पुनर्जागरणको युग थियो । स्वतंत्र संग्रामको बलिदेवीमा असंख्य देशवासीले गरेका योगदान, आत्माहुति र बलिदानका उदाहरणहरू, स्वतंत्रता संग्रामका सेनानीहरूको जेलयात्रा, कारावास र निर्मम हत्याका घटनाहरू कटुवालले आफ्नो बालककालमा देखेका, सुनेका र भोगेका तथ्यहरू हुन् । कटुवाल केवल बाह्र वर्षको बालक हुँदा देश अंग्रेजहरूको दासत्वबाट मुक्त भयो, अनि देशलाई यसरी स्वतंत्रता

हासिल गराउनमा राष्ट्रीय क़ांग्रेसको भूमिका प्रमुख थियो, जसका प्रमुख सेनानी महात्मा गांधी, पंडित नेहरू, सरदार बल्लभ भाई पटेल जस्ता व्यक्तिहरूको प्रभाव बालक कटुवालको हृदयमा अमेट बस्यो । यसैले पनि हुनसक्छ आठौं श्रेणीको छात्रावस्थामै खद्धरको टोपी लगाएर राष्ट्रीय कांग्रेसको कार्यकर्ताहरूसित सम्बन्ध बढ़ाउन उनले बाँकी राखेनन् । बालककालदेखि नै संग्राम र आंदोलनको प्रवाहमा हेलिन पुगेका कटुवालकोजीवन लीला पनि सामूहिक हित र हक्को दाबीमा नै समाप्त हुन गयो । आसामकै स्वतंत्रता संग्रामका सेनानी दलबीर सिंह लोहार, छविलाल उपध्याय जस्ता व्यक्तिहरूको जेल यात्रा, कारावासको दण्ड जस्ता घटनाले कटुवाललाई बाल्यावस्थादेखि नै एक देश भक्त, कर्मठ व्यक्तिमा स्वयंलाई दर्ता गर्नेपरोक्ष प्रोत्साहन दिएको प्रमाण उनको प्रथम प्रकाशित देशभक्ती गीतका थी

लहरबाट बुझन सक्छौं :
हामी भारतका सन्तान हौं
हामी भारतका सन्तान ... ।

भारतीय राष्ट्रीय प्रवाहको स्रोतमा नै कटुवालले आफ्नो साहित्यिक जीवनको आरम्भ अनि अन्त पनि गरे । राष्ट्रीय मूल प्रवाह कटुवालका साहित्यिक जीवनको अक्षुण्ण प्रेरणा स्रोत थियो । कटुवालको जीवनकालमा नै दुइपल्ट विदेशी आक्रमणको सामना देशले गर्नु परेको अन्तरपीड़ा र रोषका भावनाहरू उनले आफ्ना अनेक गीत र कवितामा प्रकट गरेका छन् । देशभक्त कविको रूपमा कति ठाउँ त हामी उनलाई तामिल कवि सुब्रहमानियम भारती (सन् 1882—1929) सित पनि तुलना गर्न सक्छौं, अनि कटुवालका देशभक्तीका केही गीतहरूले भारतीका स्वतंत्रतालाई आव्हान (INVOCATION TO FREEDOM) र स्वतंत्रताको गीत' (SONG OF FREEDOM) जस्ता कविताको स्मरण गराउँछ । सन् 1962 सालको भारत — चीन युद्धमा जब चीनले उत्तरतिर बाट हाम्रो देशमा धावा बोल्यो, तब कविमित्रको साँचो देशभक्त झस्केर उठ्यो — कविताका थी हरफहरूसित :

सुन, सुन, सुन हे भारतवासी आज परीक्षा स्वदेश प्रेमको
लाञ्छित भैकन बाँच्नु भन्दा लाखन गुणले मृत्यु छ निको
छोड़ अहिंसाको व्रत योगी हो भोगी भई अब निस्क
देश को लागि हाँसी — हाँसी कालसँग गई जिस्क !

फाँसीको डोरीमा हाँसी — हाँसी जीवन अर्पेर प्राप्त गरेको देशको स्वतंत्रता यो विशाल सार्वभौमताप्रति दुश्मनहरूको, कुचक्र र षड़यंत्र कविलाई सहय हुँदैन, यसकारण तिनले सन 1965 सालमा पाकिस्तानले हाम्रो देश भारतमाथि आक्रमण गर्दा 'हामीलाई निघो नसंझ' नामक कविता लेखेर आफ्नो रोष प्रकट गरेका छन् । उनका नाटकहरूमा पनि हामी समाज सुधारका संभावनाहरू प्रशस्तमात्रामा परिलक्षित भएका पाउँछौं,

स्वदेशी सभ्यता, संस्कृति र समाजलाई उपेक्षाको दृष्टिले हेर्ने पूर्वाग्रहयुक्त शिक्षित र बुद्धिजीवीहरूलाई उनी गतिलो व्यंग्यप्रहार गर्छन, 'बाल–दिवस' जस्ता एकांकीमा । नारी स्वतंत्रताको अधिकार जस्ता मानवीय भावना र आवाजले गुञ्जायमान भईरहेको भारतीय आकाशमा कथाकार कटुवालले यो युगीन आवश्यकताबोध गरेर कथा संग्रह 'स्पष्टीकरण –' मा सामाजिक कुसंस्कारले थिचिएकी, मिचिएकी नारी पात्राहरूको मनोदशा र सामाजिक परिस्थितिको सूक्ष्म निरीक्षण गर्दै नारीको सामाजिक अधिकार र दायित्वमाथि मानवीय मूल्यांकन र सुधारको संकेत गरेका छन् । आसामको माटो र पानीमा हुर्की बढ़ी, आसामकै अन्नले पुष्ट भएका कटुवालले आफ्नो पार्थिव शरीर ब्रह्मपुत्रकै पानीमा विसर्जन गरेतापनि भारतीय साहित्यको समृद्ध, स्थापित र सुदृढ परम्परामा विशेष योगदान दिएर गएका छन् ।

आफ्ना जीवनका केही वर्ष कटुवालले नेपालमा पनि बिताएका् हुन्, तर उनको साहित्यिक प्रतिभा नेपालमा फस्टाउनको सट्टामा दिन प्रतिदिन कुण्ठित र ह्रासोन्मुखी भएको कारणले उनी आफ्नै मातृभूमिमा पुनः फर्केर आए । उनको महत्व नेपाली साहित्यमा केवल देशभक्त कवि, जातीय चेतनाका कवि, सुधारवादी भावनाका नाटककार र नारी स्वतंत्रताका पक्षधर कथाकार बाहेक पनि नेपालीकविता साहित्यले भोग्नु परिरहेको सम्प्रेषण संकटको दल् दलबाट नेपाली कविता साहित्यलाई आफ्नो स्वतंत्र काव्यात्मक परिपाटीको विशाल राजमार्गमा तानेर ल्याउनुमा छ । कटुवाल पछिको नेपाली कविताको परम्परामा एउटा विशिष्ट साहित्यिक गोड़ र अध्यायको उद्घाटन (प्रकाशित रूपमा मई 1963 साल देखि नेपाली कविताको क्षेत्रमा चलेको आयामिक लेखनलाई अपवादस्वरूप राखेर–आयामिक लेखनको केंद्रीय स्वर 'वस्तुता' र 'बौद्धिकताको आग्रह' प्रति विशेषरूपले ध्वनित भएको पाइन्छ । 'तेस्रो आयाम' को एउटा स्वरूप इन्द्रबहादुर राई यसरी इंगित गर्छन "त्यसले उठ्नु सकेर त्यो टुक्रा कुराको पछि एउटा विशाल विचार बसेको होस्, उँभोतिर एउटा दर्शनको आकाश टाँगियोस, त्यो एउटा टुकाले राजनीति बोकोस्, सामाजिक भाष्य बनोस त्यो । त्यो 'मात्र' भन्दा धेरै – धेरै अरु कुरा होस् । यै 'धेरै' हरू हो तेस्रो आयाम ।' (तेस्रो आयाम वर्ष 1 अंक 1, 1963) अबको साहित्यमा अध्ययनको प्राच्युर्य्य र बौद्धिकताको आग्रह विषयक प्रथम अंकको सम्पादकीयलाई बल दिएर कवितामा नयाँ दिशाबोधको आवश्यकता विषय 'तेस्रो आयाम' – का सम्पादक तिलविक्रम नेम्बाङ 'सम्पादकीयः लेखक : उत्तरदायित्व र इमान्दारी' – मा लेख्छन" अध्ययन चाहिन्छ अथवा अबको साहित्य लेखनले अनिवार्य ठहराएको छ । वास्तविकता यो हो कि अध्ययन, मनन वा चिन्तनले लेखकको दृष्टिलाई तिखार्दद्द, सोचाईलाई बलियो पार्दछ अनि अभिव्यक्तिलाई मँजाएर प्रौढ़ता प्रदान गर्दछ । ... कोरा भावुकता प्रलाप मात्र नभएर दायित्व – बोधदेखि पलायन पनि हो । फलतः जिन्दगीदेखि पनि पलायन हो यस किसिमका साहित्य लेखनलाई आयामिक शब्दमा

'च्याप्टो' भनिन्छ, किन भने 'तेस्रो आयाम' (गहिराई तथा विचार वा दर्शन) हुँदैन। यसता रचनाहरू – आधुनिक बौद्धिकताको भोग तृप्त गर्न असमर्थ हुन्छन्।" (तेस्रो आयाम वर्ष 1 अंक 2, जुन 1963 –)। यस प्रसंगमा लेखिएका तिलबिक्रम नेम्बाङ उर्फ बैरागी काईंलाका लेख 'कवितामा आधुनिकता' ('पहाड़ी खोला' 2–9, 1964) मा प्रकाशित र ('जनदूत' वर्ष 4 अंक 5) मा प्रकाशित 'तेस्रो आयाम र आयामिक लेखन' – जस्ता वैचारिकतामा उभिएका लेखहरूले सम्बन्धित विषय बुझनमा निकैसघाउ पुरयाएका छन्। भएको तथ्य सर्वसाधारण पाठकदेखि लिएर काव्य मर्मज्ञहरूले पनि स्वीकार गरेका छन्। समालोचक अभिसुवेदीले कटुवालको काव्यलाई यसरी नियालेका छन् "हिज पोयम्स डेपिक्ट द आइरोनी अफ द एज एण्ड लाइफ। हिज इज एकच्युवल्ली अवेर अफ द इन्ट्रीकेसिस अफ एकजिसेन्टस। हिज यूज अफ सिमिलेस एण्ड मेटाफोर्स इज पेक्युलियर, एण्ड दियर इज नोबेल्टी इन हिज चोइस, अफ इमेजस्। हिज पोयम्स इन सिम्पलीसिटी टेल द सेम थिङ एज द अदर पोयट्स से इन कम्पलीकेटेड म्यानरस्।" (नेपाली लिटरेचर : ब्याकग्राउण्ड एण्ड हिस्ट्री पृष्ठ 64 – 65, सन् 1978, साझा प्रकाशन नेपाल ) रोमाण्टिक भावनाले भिजेका गीतहरूदेखि लिएर राष्ट्रीय भावनामा समाइराखेकै छन्। "दुइ ओटा उपन्यास लेख्ने योजना मनमा छ। एउटाको पृष्ठभूमि यही आसाम र पूर्वाञ्चल भेक नै हुनेछ। (स्मृति ग्रंथ पृष्ठ 66)" भनेर उपन्यासकारको दायित्व वहन गर्न चाहने कटुवाल आफ्नो उपन्यासको पृष्टभूमि आसाम र पूर्वाञ्चल भेकलाई नै बनाउन तयार थिए। उनको कलम र हृदय दुबै स्वतंत्र थियो, भूगोलको सीमा रेखाले र समाजको संकुचितताको घेराले उनलाई कहिले पनि बाँधि राख्न सकेन। भारतीय भाषाका अन्य साहित्यकारहरूले झैं कटुवालले पनि भारतीय साहित्यका निर्माणमा उल्लेखनीय योगदान गरेका छन्, कहीं कथा, कहीं कविता, कहीं नाटक र कहीं निबन्धको माध्यमले; यसैकारण हरिभक्त कटुवालपनि भारतीय साहित्यका एकजना, कुशल कारीगर हुन् एकजना निर्माता हुन्।

बन्धनमुक्त पन्छी झैं स्वतंत्रताको लागि तड़पिने कविले नौलो सामाजिक चेतना, राष्ट्रबोधका उज्याला संभावनाहरूको कामना गर्दै बन्धन र वाध्यतामा बाँच्नु परेको दासत्वपूर्ण जीवनलाई उपेक्षित ठान्दै अनागत पिढ़ीलाई आव्हान गरेका यस कवितामा उनको आत्मा बोलेको छ :

बन्धन र वाध्यतामा बाँच्नु पनि के बाँच्नु ?
आँसु लुकाई गहमा हाँस्नु पनि के हाँस्नु !
यो घर जहाँ म वस्छु यो भित्ता चर्किदैछ
शायद यो ढल्नलाई भैंचालो पर्खिदैछ
छोरो आफै बनाउला उसलाई चाहिने घर
गर्दै होला ऊ अहिले भैंचालो ल्याउने तर्खर।

उ आँधीसित खेल्छ म आँधीमा डराउँछु
शायद उ आउनुभन्दा म पहिले नै हराउँछु
यसैगरेर हर्दम म भित्र एउटा मान्छे
जिउनै नजानी मर्छ करारी भनूँ म बाँचे ?

**परिशिष्ट – क**

कटुवालका प्रकाशित पुस्तक हरूको सूची–

1. सम्झना गीत संग्रह सन् 1960 नवीन प्रकाशन डिगबोई आसाम
2. भित्री मान्छे बोल्न खोज्छ–कविता संग्रह, सन् 1962 नवयुग पुस्तक मंदिर गोरूबयान, कालेबुङ
3. सुधा – खण्डकाव्य सन् 1964 श्री 5 को मंत्रालय नेपाल
4. यो जिन्दगी खै के जिन्दगी – कविता संग्रह, सन 1962 रत्न पुस्तक भण्डार भोटाहिटी, काठमाडौं नेपाल
5. स्पष्टीकरण कथा संग्रह सन् 1963 रत्न पुस्तक भण्डार नेपाल

**परिशिष्ट – ख**

संयुक्त लेखकको रूपमा –

1. ऐतिहासिक कथा संग्रह–संयुक्त लेखकको रूपमा सन् 1963
2. पूर्व किरण, बाह्रजना आसामका कविका कविता संग्रह सन् 1964

**परिशिष्ट – ग**

कटुवालका सम्पादनमा प्रकाशित नेपाली पत्रिका हरू –

1. मुक्ति सन् 1958
2. हिमालय सन् 1963
3. प्रज्ञा सन् 1970 (प्रबन्ध सम्पादकको रूपमा )
4. हिमानी सन् 1970
5. संगीत सरिता सन् 1971
6. बान्की सन् 1971
7. अभिव्यक्ति – सन् 1978 सालमा नगेन्द्रराज शर्मासित 5 अंक सम्म संयुक्त सम्पादक

**सहायक ग्रंथ सूची :**


1. हरिभक्त कटुवाल स्मृति ग्रंथ प्रकाशन 1981, असम
2. अभिव्यक्ति 'हरिभक्त कटुवाल स्मृति अंक' फागुन 2037 पूर्णाङ्क 28
3. मधुपर्क -- वर्ष 13 अंक – 8 – अगस्त–सितम्बर 1980
4. मधुपर्क – वर्ष 8 अंक – 5 – सितंबर–अक्टोवर 1975
5. मधुपर्क – वर्ष 7 अंक – 12 अप्रेल–मई 1975
6. मधुपर्क – वर्ष 6 अंक – 11 मार्च–अप्रैल 1974
7. पूर्वाञ्चल भारतको नेपाली कविता : एक सर्वेक्षण – गोविन्दसिंह रावत, 1986 नेपाली साहित्य परिषद, असम
8. आकुञ्चन – वर्ष 2 अंक – 1 – सम्पादक – जीवन आचार्य वि. सं. 2037
9. हिमानी – वर्ष – 4 – जेठ, असार (सन् 1966 ) वि. सं. 2024 नेपाली साहित्य संस्थान, काठमाडौं, नेपाल
10. भानु–वर्ष 20 किरण – 30, 2038, भद्रपुर, नेपाल
11. आसामे नेपालीहरू – विष्णुलाल उपाध्याय, प्रथम संस्करण, सन् 1971
12. NEPALI LITERATURE BACKGROUND & HISTORY - BY ABHI SUBEDI, NEPAL , 1978
13. A HISTORY OF NEPALI LITERATURE - BY DR. KUMAR PRADHAN, 1984 SAHITYA AKADEMI, DELHI
14. परिषद पत्र – वर्ष – 1, अंक – 1, 1984 – 85
15. परिषद पत्र – वर्ष 2 अंक – 2, 1985 – 86 सम्पादक अविनाश श्रेष्ठ, नेपाली साहित्य परिषद, असम
16. हिमाद्रि वर्ष – 1 अंक 3 सन् 1948 सम्पादक–नरसिंह थापा बी.ए., गुवाहटी
17. 'बिन्दु' रजत जयन्ती विशेषाङ्क – सन् 1986 – 87 सम्पादक के.बी. नेपाली, असम
18. मेरी कविता : मेरे गीत – पद्मा सचदेव, साहित्य अकादमी, दिल्ली सन् 1974
19. रूपरेखा – वर्ष 17 अंक – 1 मई, 1976 – नेपाल सम्पादक उत्तमकुंवर
20. मधुपर्क – वर्ष 9 अंक – 1 मई – जून 1976 सम्पादक भारतदत्त कोइराला
21. मधुपर्क – वर्ष 11 अंक – 12 अप्रैल – मई 1979
22. अस्तित्व – पूर्णाङ्क 11 – जुलाई 1973 – सम्पादक – नारद छेत्री, चन्द्र शर्मा दार्जिलिंग
23. BHARATI - PREMA NANDAKUMAR - SAHITYA AKADEMI

सन् १९६०-१९८० को दशकलाई नै हरिभक्त कटुवालका काव्य प्रणयन कालको प्रमुख उर्वरकाल मान्न सकिन्छ। काव्य साधनाको यस सीमित समयमा पनि मुख्यतः सन् १९६० देखि १९८० को दशकभित्र नै उनको काव्य चेतना र सृजनशील पक्ष अधिक सक्रिय भएको देखिन्छ। सन् १९६० देखि १९९०-९१ सम्म चाहिं स्वच्छन्दतावादी कविको रुपमा प्रतिष्ठापित छन्। कवितामा होस अथवा कथामा नारी स्वतन्त्रता र मौलिक अधिकारका पक्षधर स्रष्टाका रुपमा कटुवालका कलम चलेको छ। गीति व्यंग्य र मुक्तककारको रुपमा त उनी आधुनिक नेपाली साहित्यकाशमा एक्लो बृहस्पति नै हुनुहुन्छ।

श्री जीवनं नामदुंग नेपाली साहित्यका अन्वेषक, समालोचक र बहु आयामी लेखक हुनुहुन्छ। साहित्यको समालोचना क्षेत्रमा 'रत्नश्री स्वर्ण पदक' (सन् १९८९)-ले सम्मानित नामदुंगले यस पुस्तकमा कवि, गीतकार, कथाकार र नाटककार हरिभक्त [illegible] साहित्यिक [illegible] पक्ष विविधता, सांस्कृतिक चेतना र सृजनशील [illegible] पूर्वाग्रह [illegible] तथ्यपरक दृष्टिकोणले विश्लेषण र व्याख्या [illegible]

Library IIAS, Shimla
N 891.491 092 K 159 N
00116984

SAHITYA AKADEMI
REVISED PRICE Rs. 15.00